काठमाडौं उपत्यका र यसका सेरोफेरोबाट अहिलेसम्म प्राप्त हुँदै रहेका प्राचीन शिलालेख, भोजपत्र, तामापत्र, वंशावली र अन्य अभिलेखमा सबभन्दा पुराना देखिएको संवत्का साल, महिना, तिथि र वार आदि ज्योतिष गणनाबाट शक संवत्सँग ठिक्क मिल्छन् । त्यसैले बाबुराम आचार्य, नयराज पन्तजस्ता इतिहासविद्हरुले यस संवत्लाई शक संवत् नै ठहराएका छन् । यसै शक संवत्को ४९८ साल -तदनुसार वि.सं ६३३, ई.सं ५७६ साल) मा यहाँ एउटा नयाँ संवत् पनि चलाइएको थियो, जुन हालसालै भनेजसो यहींका एकजना राजा मानदेव द्वितीयले चलाएका थिए भन्ने थाहा हुन्छ । यो नयाँ संवत् मानदेव द्वितीयले चलाएको हुनाले मानदेव संवत् भनिएको छ । यो मानदेव संवत् नै यहिं उपत्यका अर्थात तत्कालिन नेपालमा निकालिएको पहिलो संवत् भन्ने बुझ्न सकिन्छ । यो मानदेव संवत् ३०४ सालसम्म प्रचलनमा रहेको पाइएको छ ।

मानदेव संवत्को ३०४ साल बितेपछि फेरि अर्को एउटा नयाँ संवत् चलाइयो जसको नामाकरण देशकै नाउँबाट 'नेपाल संवत्' भनेर गरिएको छ । यसको संस्थापनबारे राजभोगमाला, केशर पुस्तकालय वंशावली आदि भाषा वंशावलीमा लेखिएको व्यहोराबाट के थाहा हुन्छ भने लिच्छवि राजा राघवदेव (राजधानी त्यसबेला ललितपुर थियो) को राज्यकालमा भक्तपुरका शासक (राघवदेवकै अन्तर्गतका) आनन्ददेव प्रथमले काठमाडौंकै लुँखु तीर्थ (लुँ बराबर सुन, खु बराबर खोल्सो, कंकेश्वरी स्थानपारि विष्णुमतीको पश्चिमी

किनारमा छाउनीतिरबाट मिल्न आउने स्वर्णावती भनिने सहायक नदीको दोभान) बाट ज्योतिषीले तोकिदिएको मुहूर्त अर्थात् साइतभित्र ठीक पारेर बालुवा झिकेर ल्याउन भरिया पठाएका थिए । भक्तपुरे भरियाहरु लुँखु स्वर्णावती, यस खोलाको नाउँ लुँखुलाई अपभ्रंश गरी 'लखु' पनि भन्ने गरिन्छ) खोलाबाट झिकिएको बालुवाको भारी विष्णुमती खोलाको पूर्वी किनारस्थित -आजकल कंकेश्वरी मन्दिरको दक्षिणतिर झोलुङ्गे पुलको छेउमा भत्किरहेको) पाटीमा बिसाइरहेको बेलामा त्यसै ठाउँका एकजना स्थानीय निवासी शंखधरले ती भरियाहरुसँग उक्त बालुवा किनेर लिए । सुन मिसिएको त्यस बालुवाबाट सुन बुटुलेर धनी भएका शंखधरले पछि राजा राघवदेवको हुकुमद्वारा जनताका सबै ऋण तिरी नेपाल संवत् नाउको नयाँ सवत् चलाउन लगाए । यससम्बन्धी वंशावलीहरुको व्यहोरा यस प्रकार छ -

'..... उता ललितपतन सहरतिर मानदेव (चौथा)को पुत्र राघवदेव राजा भए... यसताका भक्तपुरमा आनन्ददेवले राज्य गरिरहेको बेलामा भक्तपुर निवासी कुनै एक ज्योतिषी.... बालुवा सुन हुने मुहूर्त सुवर्णयोग)... भरियालाई भद्रमती र विष्णुमतीको संगम लखुतीर्थमा गई... बालुवा बोकेर आइराख्दा कान्तिपुरवासी कुनै एक शंखधर नामक साख्वाल भन्ने एक ज्यापू (शुद्र) ले देखेर ... सबै भरियालाई फकाएर सम्झाएर लालचवशमा पारेर बालुवा सबै आफ्नो घरमा लग्यो । उक्त सुवर्ण मुहूर्त बितिसकेपछि भरियाहरुले फेरि लुँखुतीर्थबाट झिकेर लगेको बालुवा सुन भएन... उता कान्तिपुरमा यस घटनाको चार दिनपछि थुपारिराखेको बालुवा हेर्न जाँदा... सुन भएको देखेर मनमा साह्रै खुसी ...शंख साह्रै ज्ञानी धर्मात्मा भएकाले मनमनै बिचार गरे... उक्त उक्त सुन... साधारणजनले गर्न नसक्ने धर्मकार्यमा उपयोग गर्छु....जुन कर्ममा उक्त धन खर्च गरी लोकमा ठूलो यश र परलोकमा ठलो पुण्य प्राप्त गर्न सकियोस् । यसरी मनमा विचार गरी त्यहाँ भएका पण्डित, ज्योतिषीहरुका सम्मतले नेपाल निवासी सबै दुनियाँको ऋण तिरेर.... संवत् परिवर्तन गर्ने निश्चय गरी राजासँग स्वीकृति लिए । अनि नेपाल निवासी सबै धनी गरिबका ऋण चुक्ता गरी एक पैसा पनि नबचाई कलिगताब्द ३९८१ र शाके ८०२मा नेपाल संवत् १ कायम गरी संवत् परिवर्तन गरेर राजाका तर्फबाट उक्त संवत् व्यवहारमा चलन गराई ठूलो यश आर्जन गरे । यी शंखधरले पशुपतिनाथ इता -दक्षिण) ढोकाको सामुन्ने प्रस्तर मूर्ति बनाई स्थापना गराए । पशुपतिनाथको समीप बागमति खोलाको छेउमा देहत्याग गरे ।'

(केशर पुस्तकालय वंशावली, प्राचीन नेपाल-१६)

यी साख्वाल (शंखधर) को मृत्यु ने.सं. १० सालमा भएको थियो ।

यसरी भाषा वंशावलीहरुमा साल र तिथिसहित राजा राघवदेवको राज्यकालमा शंखधर साख्वालले संवत् परिवर्तन गरेको किटानसाथ लेखिएको छ । अनि शंखधरले सूत्रपात गरेकाले यसलाई 'शंखधरकृत् नेपाल संवत्' भनिएको हो । नेपाल संवत् यसरी प्रादुर्भाव भएको चर्चा भाषा वंशावलीहरु, नेपाल वंशावली र अरु ग्रन्थमा गरिएको छ ।

ने.सं. ५०८ सालमा राजा जयस्थिति मल्लले लेखाएको गोपालराज वंशावलीमा यसको कुनै उल्लेख छैन । तर, त्यस वंशावलीको पत्र २४ कमा 'उनविंसति संवच्छशतद्वये परिवर्तमान ॥ राजा श्री शिवदेव वर्ष २७ मा (स) ७ ॥' भनेर चर्चित यही नेपाल संवत् हो । त्यसपछि पत्र २६ मा सं. ३७५, ४०८ आदि क्रमले सं. ५०८ सालसम्म यही नेपाल संवत् दिइएका छन् यद्यपि त्यसमा तत्कालीन चलनअनुसार केवल संवत् भनेर मात्र लेखिएको छ । यस नेपाल संवत्लाई भाषा वंशावली, पञ्चाङ्गहरुमा चर्चित हुनु अगाडि विभिन्न ग्रन्थ, भोजपत्र, तामापत्र, नीलपत्र, सुवर्णपत्र, शिलापत्र आदिमा शंखधरकृत नेपाल संवत्, नेपालिका संवत भनेर लेखिएको छ ।

यहाँनिर के स्मरणीय हुन्छ भने ने.सं. १०० सालभन्दा केही अगाडि र केही पछाडि -ने.सं. १०३, १०६, १०७) आदि का संस्कृत भाषा, नेपालभाषामा लेखिएका ताडपत्र, तामापत्र, शिलापत्र आदि केही भेटिएका छन्, तापनि नेपाल संवत् भनेर किटानसाथै लेखिएका लिखतमध्ये हालसम्म भेटिएको सबभन्दा पुरानोचाहिँ नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको 'शिवधर्मशास्त्रको पुष्पिका वाक्य' हो, जसमा नेपाल संवत् २९० पौष शुक्ल पूर्णिमा आदित्यवार भनेर लेखिएको छ ।

अर्को एउटा होसियारीसाथ सम्झनुपर्ने कुरा के छ भने नेपाल संवत् प्रारम्भ हुनुभन्दा सयौं वर्ष अगाडि र प्रारम्भ भएको सयौं वर्षपछि पनि शक संवत्, विक्रम संवत्, मानदेव संवत्, कलिगत वर्षसमेत कात्तिक शुक्ल प्रतिपदावाट शुरु भई कात्तिक कृष्ण अमावस्यामा अन्त हुन्थे । नेपाल संवत् शक सवत् ८०१ साल, मानदेव संवत् ३०४ साल, कलिगत वर्ष ३९८१ साल सकिएपछि कात्तिक शुक्ल प्रतिपदाको दिन सुरु गरिएको थियो । यो संवत् सुरु भएको दिनबारे किलहर्नले लामो ज्योतिषी गणना गरी यो संवत् इस्वी संवत् ८७९ साल अक्टोवर २० तारिख बिहिवार थालिएको थियो भनेका छन् । यहाँ प्रचलित विक्रम संवत् अहिले चैत शुक्लादि भए पनि उहिले कात्तिक शुक्लादि नै थियो भन्ने चर्चा भरखरै भइसकेको छ । फेरि यो विक्रम सवत् अहिले पनि कात्तिक शुक्लादि भएर गुजरातमा चलिरहेकै छ । यस सम्बन्धमा नयराज पन्त लेख्छन् -

'कार्तिकादि संवत्हरुमा नेपाल संवत् मात्र पर्दैन, अरु संवत् पनि पर्छन् भने वेङकटेश केतकरले लेखेका छन् । अचेल हामीहरुले व्यवहार गरिरहेको विक्रम संवत् पनि गुजराततिर कार्तिकादि मानिन्छ भनेर शंकर बालकृष्ण दीक्षितले लेखेका छन् । कुनै कुनै भाषा वंशावली (उदाहरणार्थ राजभोगमाला)मा राजा निमिषटांकार (गोपालराज वंशावलीमा 'निमितकाल' भनिएका) ले थरीथरीका ब्राम्हणहरुका साथै गुजराती बाजा भित्र्याए भनिएकोबाट त्यसताका नेपालमा गुजराती प्रभाव भित्रिएको देखिन्छ । त्यसैले विक्रम संवत् गुजरातमा जस्तै यहाँ पनि कात्तिक शुक्लादि भएर चलेको बलियो सम्भावना छ ।'

नेपाल संवत्को नामकरण र प्रचलन

नेपाल संवत् चलाउन प्रमुख भूमिका शंखधर साख्वाल र राजा राघवदेवको

थियो । शंखधरले संयोगवश अपर्झट धनी भएको पैसाले जनताको ऋण चुक्ता गरिदिनु र राजा राघवदेवले नयाँ संवत् चलाउन आवश्यक हुकुम दिन र व्यवस्था मिलाउनु । संवत् फेर्नेजस्तो राज्यीय मामिलामा राजाको सहयोग र स्वीकृति अनिवार्य हुने नै भयो । तर, संवत् फेर्ने लागेको खर्च सरकारी कोषबाट नभई साख्वालले ब्यहोरेको हुनाले राजा राघवदेवले यस संवत्को नामाकरण आफ्नो नाउँबाट राख्नु उचित ठानेनन् होला । त्यसैले उनले यस संवत्को नामाकरण देशकै नाउँबाट गर्ने अनुमति अर्थात हुकुम दिए हुन् । यसै कारणले होला यस संवत्को नाउँ 'शंखधरकृत नेपाल वा नेपाली संवत्' रहिआएको छ ।

यो प्रक्रिया बिलकुल स्वाभाविक देखिन्छ र यस संवत्को प्रचलन त्यसबेलादेखि प्रशासनिक, वित्तीय, धार्मिक, सामाजिक आदि राष्ट्रिय जनजीवनका सबै पक्षमा कायम हुँदै आएको छ । अनि आठ सय अठासी वर्षपछि पृथ्वीनारायण शाहले काठमाडौं राज्य वा उपत्यका जितेपछि मात्र सरकारी मामिलामा यसको प्रयोग रोकियो।

(आशंकाहरुमाथि प्रतिचिन्तन)

बालुवा सुन हुन सक्दैन ?

यसरी स्वाभाविक रुपमा प्रवाहित भइआएको नेपाल संवत्को बारे बालुवा सुन हुन सक्दैन, तसर्थ शंखधरे प्रकरण कति पनि व्यावहारिक र पत्यारिलो छैन, संवत् भनेको राजाले मात्र फेर्न सक्छ, अदना व्यक्तिले संवत् फेर्न भन्ने सम्भाव नै छैन' इत्यादि भनेर शंखधरबारे एघार सय वर्षअघिको घटनालाई अहिलेको सन्दर्भमा हेरी नाना शंका र प्रश्नहरु तेर्साउने प्रयास गरिएको पाइन्छ । बालुवा सुन हुन सक्दैन भन्ने तर्क हेर्दा । खोलाको बालुवा मन्त्र-तन्त्रले ठाडै सुन हुन्छ भन्नु वा त्यसो विश्वास गर्नु अन्धविश्वास हो । तर, खोलाको पानीसँग सुनका चूर्ण वा कणहरु मिसिएर आउँछन्, आउन सक्छन् भन्नु अन्धविश्वास हुँदैन- यो त भौगोलिक वा भूगर्भीय वैज्ञानिक तथ्य हो ।

सुन वा सुनखानी भूगर्भभित्र अवस्थित चट्टानमा अनेक रासायनिक क्रिया प्रक्रिया भएपछि बनिने पदार्थ हो । प्राकृतिक प्रक्रियाले चट्टान चिरिएर वा चर्किएर अथवा नचिरिए पनि त्यस भित्रभित्रै निस्केका विभिन्न रासायनिक पदार्थ धर्सो-धर्सो भएर आउँछन् । त्यस्ता चट्टान वा धर्सा-धर्साभित्र विभिन्न रासायनिक तरल पदार्थ लाखौं वर्षको ताप, चाप आदि विभिन्न रासायनिक प्रक्रियाबाट नै सुनमा परिवर्तित हुनसक्छ । यस्ता प्रक्रियाबाट नै सुन खानी बन्ने हो । फेरि घाम, पानी, बतास आदि प्राकृतिक क्रियाप्रक्रियाको फलस्वरुप चट्टान खिएर वा चर्किएर सुनका कण वा धुलो सतहमाथि पर्न आउँछ । यस्ता सुवर्ण कण वा चूर्णलाई खोला वा आकाशबाट परेको पानीले बगाएर होचो सतहमा ल्याउँछ । यसरी खोलाको पानीमा सुन मिसिन सक्छ ।

जुन चट्टानबाट हिमालय पर्वत बनेको छ, त्यसभित्र सुन छ भन्ने ठोस प्रमाण त हाम्रो हिमालयको उत्तरी पाखाको छिमेकी प्रदेश तिब्बत नै विद्यमान छ। हिमालय पवर्तको उत्तरी पाखामा मात्र सुन हुन्छ दक्षिणी पाखा नेपालमा चाहिँ सुन हुन सक्दैन

भन्ने तथ्य वैज्ञानिक वा खानी विशेषज्ञहरुले वैज्ञानिक अन्वेषण, परिक्षण, प्रयोगद्वारा सिद्ध गरिसकेका छन् कि ? यतातिरको हिमाली चट्टानहरुमा पनि सुन भेटिएकै छ । हाम्रो गण्डकी नदीका किनारमा पाइने ढुंगाका डल्ला शालीग्रामहरुभित्र सुन पाइन्छ । कर्णाली नदीका सहायक नदीहरु कत्तिमा त आजसम्म बालुवामा सुन खोजिदै छ, भेट्टाइँदै छ पनि । काठमाडौं उपत्यकाको पूर्वतिर हिमालयबाट बगेर आउने एउटा नदीको नाउँ 'सुनकाशी' रहेकै छ । त्यस्तै तामाकोशी, लिखु खोलाहरु छन् । दोलखामा सुनखानी भन्ने ठाउँ छ जहाँबाट उहिले सुन झिकिन्थ्यो । विनाकारण त्यस्तो नाउँ रहँदैन ।

सयौं हजारौं वर्ष अगाडि र अहिलेको प्राकृतिक स्थिति र वातावरण निकै फरक भइसकेको छन् । आजकल प्राकृतिक प्रक्रियाभन्दा प्रकृतिमाथि मानिसको प्रतिक्रिया झन् झन् तीव्र हुँदै छन् । त्यसैले खोलाको पानीमा सुवर्ण कण उहिले जतिको परिमाणमा आउन सकेनन् होला । यो कुरा भिन्नै भयो । तर उहिले उहिले यस्तो घटना सामान्य नै थियो । यस विषयमा केवल दुईसय वर्ष अगाडीको एउटा ज्वलन्त तथ्य प्रस्तुत गर्न सकिन्छ ।

श्री ५ रणबहादुर शाहको राज्यकाल वि.सं १८३४-५६ ताकासम्म खोलाहरुमा बालुवासित मिसिएर आउने सुन तत्कालीन राजस्वको एउटा प्रमुख अंश थियो । यसबारे बाबुराम आचार्यले यसो लेखेका छन-

'हिमालय पारबाट आएका नदी बालुवा धुँदा जो सुन निस्कन्थ्यो त्यो निकाल्ने काम पनि चलिरहेथ्यो । यति सुनले मात्र नुपुग्ने हुनाले भोट र भारतवर्षबाट समेत सुन-चाँदी झिकाएर गहना बनाउने र टक मार्ने काम हुँदै रहेथ्यो ।'

(नेपालको संक्षिप्त इतिहास, सम्पादक देवीप्रसाद भण्डारी, पूर्णिमा ८१, पृ. ७६)

नेपाली भूगर्भभित्र र बाहिरी सतहमा सुनको अवस्थितिबारे भूगोलविद् प्राध्यापक शरणहरि श्रेष्ठको त्यस्तै प्रामाणिक विचार यस्तो छ- *'सुन धेरै ठाउँमा पाइए पनि साधन सानो छ । पूर्व १, २, ३ र पश्चिम १, २ ३ का इलाकामा खोला र नदीहरुका बालुवामा सुनको धुलो पाइएको छ- विशेषगरी रिडी, पाल्पा, बाग्लुङ्ग, मुस्ताङ्ग, चितौन, भद्रमती, बूढी गण्डकी, काली गण्डकी, सुनकोशी, मर्स्याङ्दी खोला, चरी खोलाको उपत्यकामा सुन पाइएको ।'*

(प्रा शरणहरि श्रेष्ठ- नेपालको सरल भूगोल, तृतीय संस्करण, सं. २०२२, पृ. ८०)

वझाङ, डोटिमा बग्ने सेती नदीका सहायक खोलाहरुका एवं बर्दियाको बबइ नदीका बालुवाबाट स्थानीय खुनाहा थारुहरुले आजसम्म पनि सुन बटुल्छन् । त्यस्तै काली गण्डकीबाट बालुवामा सुन बटुल्ने मूल पेसा अपनाउने एक जातिको मानिसको बसोबास उहिले बाग्लुङ्ग, पर्वतमा प्रशस्त थियो । हाल त्यसरी निर्वाह नचल्ने भएकोले यस पेसाको अनुसरणमा मात्र लागिरहनेहरु संख्या दिनानुदिन घट्दै गए पनि यो परम्पर ागत पेसा नछाड्ने कतिपय व्यक्तिहरु भेन्टिछन् । यस्तो ठोस ऐतिहासिक र भौगोलिक प्रमाणहरुको बिल्कुल उपेक्षा गरेर तिब्बततिर मात्र सुन पाइन्छ नेपालतिर खोलाहरुबाट

सुनको धूलो बगेर आउँछ भन्नु वा सोच्नु अन्धविश्वास हो भन्ने ?

श्री ५ रणबहादुरको समय दुई सय वर्षमात्र अगाडिको कुरा भयो । शंखधरले छाउनीमुनिको स्वर्णावती (लुँखु) बाट झिकिएको बालुवाबाट सुन पाएको घटना एघार सय वर्ष अगाडिको हो । त्यसवेला भीमढुंगा, रामपुर, सीतापाइला, छोकडोल, स्वयम्भु, किम्डोल, छाउनी कति जंगलात थिए होलन । नागार्जुन, भीमफट्केका चोसाचोसीबाट निस्केका खोल्साहरु कति भरिला, उर्लंदा थिए होलान् । यस्तै खोल्साहरुमध्ये विष्णुमतीका सहायक नदीहरु विमलावती (टोखा, सपनतीर्थ), भद्रमति (शोभाभगवति, निर्मत तीर्थ), पापनाशिनी (टंकेश्वर ज्ञानतीर्थ) जस्तै स्वर्णावती लुँखु (निदान तीर्थ)पनि एउटा हो । आजको स्थितिको मूल्यांकन गर्ने होइन, एघारसय वर्ष स्थिति कस्तो थियो होला सोच्नु पर्छ । यो स्वर्णावती (लुँखु) सीतापाइलातिरदेखि जोडतोडले बगेर निदान तीर्थ (कंकेश्वरीनाथको पारिपट्टि) विष्णुमतीमा मिसिन्छ । गोकर्णलाई (पानी छानिनेजस्तो भएकाले) शोधन तीर्थ, गुह्येश्वरीलाई (सम्म र फराकिलो ठाउँमा पानी नहुँडलिने हुनाले) शान्त तीर्थ भनिएको कारण देखिएजस्तै यस तीर्थलाई निदान (मुख्य, शुद्ध, महत्वपूर्ण) र खोलालाई ल

(सुनखोला, स्वर्णावती) भनिएकामा पनि कुनै आधार त अवश्य होला । सुनसँग सम्बद्ध नभए यसको नाउँ अवश्य पनि स्वर्णावती (लुँखु) हुने थिएन । फेरि भक्तपुरे भरियाहरुले यस दोभानबाट झिकेको बालुवाले भरिएका खर्पन अडाएको भने देखाइने पाटीको भग्नावशेष अहिले पनि खोलापारि सामुन्ने कंकेश्वरी मन्दिरको दक्षिण खोला किनारमा झोलुङ्गे पुलको छेउमा स्पष्टै देखिएकै छ ।

नेपाल संवत् र पञ्चाङ्गकर्ताहरु

संवत्, तिथि-मितिहरुका ज्ञाता ज्योतिषीहरुले नेपालमै पञ्चाङ्ग निकालेदेखि नेपाल संवत्का विषयमा राजा राघवदेवलाई होइन शंखधरलाई महत्व दिएका छन् । वि.सं. १९४६ सालदेखि अटुट सेवा गरिरहेका सुविख्यात ज्योतिषी पं. तोयनाथ पञ्चाङ्गकर्ता (एवं प्रकाशक सत्यनाथ, सूर्यनाथ आदि)का पात्रोहरुमा शंखधरकृत नेपाली संवत् (सं २०४४ सालको पात्रोमा) तथा दैवज्ञ पं. बाबुराम शर्मात्मज विश्वराम शर्मा विशालनगरका पात्रोमा शंखधरकृत नेपालीय संवत् (सं. २०३६ सालको पात्रोमा, सं. २०४९ सालको पात्रोमा) भने बिनाकारण, बिनाआधार लेखिएनन् होला । व्यवहारमा प्रचलित नभएका नयाँ संवत् बनाई त्रिभुवन संवत् भन्ने राजाप्रति सम्मान दर्शाउने तोयानाथ पात्रोमा प्रकाशकहरुले नेपाल संवत्लाई राघवदेव संवत् भन्न मिल्ने भए त्यसो लेख्न चुक्ने पनि थिएनन् । यी ज्योतिषी पण्डितहरु राघवदेवको नाम अघि नसारी शंखधरको भनेबाट पनि नेपाल संवत्को औपचारिक सम्बन्ध उनैसित भएको पुष्टि हुन्छ ।

उपरोक्त विभिन्न कारणवाट नेपाल संवत्को सम्बन्ध राजासित भन्दा साख्वा शंखधरसित बढी भएको सिद्ध हुन्छ । फेरि आजसम्म भेटिएका लिखतमा यसलाई 'शंखधरकृत' नेपाल, नेपाली, नेपाल देशीय भनिएको पाइन्छ, 'राघवदेवकृत, राघवकृत, राजकृत' आदि

संवत् भनिएको लिलिखत पाइएको छैन, यदि नेपाल संवत्को हकदार चोखै र एकलौटी रुपले राजा राघवदेव भए त्यससित शंखधरको नाउँ मात्र कहाँबाट कसरी गाँसिन आउँछ र ? संवत्मा प्रारम्भमा गाँसिनपर्ने राजाको नाउँको सट्टा शंखधरको नाउँ विनाकारण गाँसिन आउँदैन होला । यो तथ्य पनि विचारणीय हुन्छ ।

नेपाल संवत् र गोपालराज वंशावली

नेपाल संवत्को प्रादुर्भावसम्बन्धी चर्चा गोपालराज वंशावलीले प्रत्यक्ष रुपले गरेको छैन । तर, त्यसको पत्र २४ (क) मा जुन संवत्त्सर २१९ सालको उल्लेख पहिलो पाल्ट गरिएको छ त्यो नेपाल संवत् नै हो । त्यसपछि पनि सं. ५०८ सालसम्म जति पनि साल तिथिहरु त्यसमा दिइएका छन् ती सबै नेपाल संवत्कै हुन् । त्यसैले गोपालराज वंशावलीमा नेपाल संवत्को चर्चा परेको छैन भन्न मिल्दैन । बरु नेपाल संवत्को कुरा गोपालराज वंशावलीले जति गरेको छ त्यो अरु वंशावलीले गरेको देखिन्न किनभने तिनीहरुले अरु संवत्हरु - कलिगत वर्ष, शक संवत्, विक्रम संवत्हरुको पनि प्रयोग भरमार गरेको पाइएको छ ।

ऋण मोचन रकम थोरै हुनु

नेपाल संवत् र शंखधरको सम्बन्धबारे बिचार गर्नुपर्ने अर्को एउटा बुँदा त्यस बेलाको काठमाडौं उपत्यकाको जनसंख्याको अत्यधिक कमी हो । त्यसबेला स-साना गाउँहरु जोडेर भक्तपुर बनाएको मात्र ६ वर्ष भएको थियो । राजधानी ललितपुर थियो, कान्तिपुर बनिसकेको थिएन, यहाँ इन्द्रचोकको सेरोफेरोमा पुण्यवती भनिने बस्ती मात्र केही वर्ष अगाडि बसालिएको थियो । सं. १९९० सालको ठूलो भूकम्पपछिको समयताका नेपालको कुल जनसंख्या ६६ लाख थियो । पृथ्वीनारयण शाहको अन्तिम समय सं. १८३१ सालताका तत्कालीन अधिराज्यभरका घर संख्यापुग नपुग तीन लाख थियो । त्यसबेलाको अधिराज्य गोर्खा, तनहुँ, नवलपरासीदेखि सिक्किम, दार्जिलिङ्ग सम्म पुगिसकेको थियो । त्यस भूभागको दाँजोमा काठमाडौं उपत्यका त कता कता सानो खण्ड मात्र थियो। जनसंख्या भनेको अंकगणितीय होइन कि ज्यामितीय बृद्धिदरले हुने अनुपातको बिचार गर्दा नौ सय वर्ष अगाडि नेपाल संवत् शुरु गरिनेताका यस खण्ड मात्रको घर संख्या र जनसंख्या कति नै पुगेका थिए होला ? निश्चय पनि यहाँको जनसंख्या केही हजारमा मात्र सीमित रहेको हुनुपर्थ्यो । फेरि तत्कालिन पारिवारिक एकाइ, धेरथोर आर्थिक तवरले आत्मनिर्भर, केही हदसम्म पुग्दो नै थियो । त्यस्तो स्थितिअन्तर्गत केही हजार निवासीहरुको बीच कति नै कारोबार र लेनदेन चल्थ्यो होला ? तिनीहरुको लिखित, औपचारिक ऋण रकम ज्यादै सानो भएकाले नै शंखधरले बालुवामा भेट्टाएको सुन बेचेको पैसाले भ्याइने क्षमताभित्र परेको थियो । यसरी तत्कालिन जनसंख्याको कमी र ऋण मोचन रकमको ठूलो न्यूनताबाट पनि शंखधर पक्षको पुष्टि हुन्छ ।

यसरी नेपाल संवत् आफ्नो प्रारम्भकालदेखि नेपाल राज्य (तत्कालीन नेपाल मण्डल) को सरकारी एवं राष्ट्रिय संवत्को रुपमा (ने.सं. ८८८ वि.सं. १८२५, ई.सं.

१७६८) सालमा पृथ्वीनारायण शाहले काठमाडौं विजय नगरेसम्म अटुट रुपले प्रचलनमा रह्यो। त्यसताका यस संवत्लाई हाम्रा छिमेकी देश-प्रदेशले पनि नेपालसित गरेको पत्राचारमा प्रयोग गरेका थिए। त्यस्तै तात्कालिक पश्चिम नेपालका विभिन्न राज्यहरुमा पनि यो संवत् प्रचलित भइरहेको देखिन्छ। काठमाडौं उपत्यका जितेपछि पृथ्वीनारायण शाहले आफ्नो पुर्ख्यौली राज्य गोर्खा र पश्चिमीभेकका तत्कालिन राज्यहरुमा प्रचलित भइरहेको शक संवत्लाई नै यहाँ पनि चलाए। यसै बेलादेखि मात्र नेपाल संवत् नया अधिराज्यको सरकारी कामकाजमा प्रयुक्त हुन छाड्यो। तर जनजीवनका अरु पक्षहरु धार्मिक कर्मकाण्ड, चाडपर्व, जात्रा, चिह्ना, पञ्चाङ्ग, शिलापत्र, तामापत्र आदि अभिलेख र वंशावली आदिमा आजसम्म यो नेपाल संवत् यथावत् चल्दै आएको छ। कतिपय नेवार साहुहरुले आ-आफ्नो वार्षिक हिसाब किताब, वही-खाताहरु अहिले पनि नेपाल संवत् अनुसारै राख्छन्।

यसरी वि.सं. १८२५ (ई. १७६८) सालमा पृथ्वीनारायण शाहले काठमाडौं जितेदेखि अधिराज्यभर प्रचलनमा रहिआएको शक संवत्को ठाउँमा चन्द्रशम्शेर राणाले वि.सं. १९६० (शक १८२५, ई. १९०३, ने.सं. १०२३) सालमा त्यस बेला तिथिले (चान्द्रमासले) तलब दिने चलनअनुसार तीन तीन वर्षमा एकचोटि मलमासको पनि तलब दिइआएकामा सो नदिइकन सरकारी खर्च किफायत गर्न सौरमासको गति अनुसार तलब दिने चलन गरी शक संवत्को ठाउँमा चलाएको विक्रम संवत्को प्रयोग आजसम्म सरकारी कामकाजमा कायमै छ। तामाका टक (पैसे सिक्का)हरुमा पनि त्यसै सालदेखि विक्रम संवत् मात्र लेखियो, सुन र चाँदीका टक (मोहर, रुपैयाँ, असर्फी) हरुमा चाहिँ वि.सं. १९६८ (शक १८३३) सालदेखि मात्र विक्रम संवत् मात्र अंकित गरियो। ने.सं. १०३१, शक १८३३, ई. १९११ वि.सं.१९६८ सालमा त्रिभुवनको राज्यारोहणका साथै सबै किसिमका टकहरुबाट पनि शक संवत् हटाइयो।

उपसंहार

अन्तमा उपरोक्त विवरणबाट सम्बन्धित संवत्हरुबारे संक्षिप्त रुपले निम्नलिखित तथ्यहरु सिद्ध हुन्छन्-

क) शक संवत् नेपाल उपत्यकामा लिच्छवीकालको प्रारम्भदेखि चलेको र यसै -शक संवत्) को ४८९ सालमा मानदेव संवत् प्रारम्भ गरिएको र त्यसपछि केही वर्ष (हाल प्राप्त अभिलेखअनुसार सं. १०७ देखि सं. ५२६साल) सम्म प्रचलनमा थियो। त्यसपछि यसको प्रचलन उपत्यकामा नगरिए पनि पश्चिमी भेकतिर पछिसम्म कायम थियो। काठमाडौंमाथि गोरखाको विजयपछि (शक सं. १६९०, वि.सं. १८२५, ई.. १७ ६८) फेरि सरकारी संवत्का रुपमा प्रचलनमा आएको यो संवत् १८२५ (वि. १९६०, ई.. १९०३) सालमा यसको ठाउँ विक्रम संवत्ले नलिएसम्म कायम थियो।

ख) मानदेव संवत् शक सं. ४९८ (ई.. ५७३) सालमा संस्थापित थियो। नेपालमै संस्थापित प्रथम संवत् यो मानदेव संवत् यसैको ३०४ साल (शक ८०१, ई. ८७९) सम्म

सरकारी संवत्को रुपमा कायम रह्यो । अनि यसको ठाउँ नेपाल संवत्ले लियो ।

ग) नेपाल संवत् (किलहर्नअनुसार) शक सं. ८०१ र मानदेव सं. ३०४ अन्त भएपछि ई.. ८७९ अक्टोवर २० तारिखको दिन प्रारम्भ गरियो । यो नेपालमै संस्थापित गरिएको दोस्रो संवत् हो । त्यसै बेलादेखि यो संवत् तत्कालिन नेपालको जनजीवनका सबै पक्ष, सरकारी संवत्को रुपमा सम्पूर्ण राज्यीय मामिलामा र छिमेकी राष्ट्रहरुले गरेका लेखापढीमा समेत प्रचलनमा थियो । यस संवत्को ८८८ सालमा भएको गोरखा विजयपछि यसको प्रयोग नयाँ अधिराज्यका राज्यीय मामिलामा बन्द गरिए पनि जनजीवनका अरु सवै पक्षमा यथावत् कायम छ । यस संवत्का पर्याप्त अभिलेख, शिलालेख आदि नेपालको इतिहासका आधारभूत सामग्रीका रुपमा विद्यमान छन् ।

घ) विक्रम संवत्को प्रयोग मल्ल राजा जयस्थितिको मृत्युपछि शिलालेखमा देखिएको छ । तर मल्लकाल र शाहकालमा यसको प्रयोग नेपाल संवत्, शक संवत् र कलिगत वर्षको साथमा मात्र गरिएको देखिन्छ, छुट्टै सरकारी संवत्को रुपमा गरिएको थिएन । यसै संवत्का १९६० (शक सं. १८२५) सालमा शक संवत्को ठाउँमा विक्रम संवत्को गतेसहितको सौर्य मासलाई सरकारी कामकाजमा चलाइएको थियो । यसरी विक्रम संवत्को प्रयोग सरकारी संवत्का रुपमा चलेको एक सय वर्ष पनि पुगेको छैन । सम्बन्धित संवत्हरुको यस तुलनात्मक समीक्षाबाट के प्रमाणित हुन्छ भने नेपाल संवत् प्रथमतः नेपालमै संस्थापित संवत् हो, जबकि शक संवत् र विक्रम संवत् विदेशबाट आयातित संवत् हुन तथा मानदेव संवत् यहीं स्थापित भए पनि यसको प्रचलन बन्द भएको एघार सय वर्ष नाघिसकेको छ । द्वितीयतः यसको नामकरण देशकै नामबाट रहेको छ । तृतीयतः यो आफ्नो स्थापनाकालदेखि अटुट रुपले ८८८ वर्षसम्म राज्यीय मामिलामा चलिसकेको र जनजीवनका अरु सबै पक्षमा ११९ वर्ष चल्दै आइरहेको जीवित संवत् हो । चतुर्थतः यसको जति लामो प्रचलन देशमा अरु संवत्हरुको छैन ।

आजको प्रजातान्त्रिक सन्दर्भमा राज्यीय मामिलाहरुमा अपनाउनुपर्ने संवत्सम्बन्धी निर्णय गर्ने सिलसिलामा आफ्नै देशमा स्थापना गरिएको, अटुट रुपले चालु रहिआएको, ऐतिहासिक रुपले खँदिलो संवत्को अनास्था गरी विदेशबाट आयातित, मात्र ९० वर्ष अगाडि राणाबाट लागू गरिएको आंशिक रुपले मात्र सरकारी कामकाजमा प्रयोग भइरहेको संवत्लाई प्रश्रय दिनु कहाँसम्म व्यावहारिक र उपयुक्त होला ? विक्रम संवत्का गतेहरुबाट व्यापक सर्वाङ्गीण उपयोगिता पाउन सकिएको छैन नै । आखिर एकातिर आजको बढ्दो अन्तर्राष्ट्रिय गतिविधि -उदाहरणार्थ : सर्टिफिकेट, बैंक चेक, पासपोर्ट, अन्तर्राष्ट्रिय पत्राचार, कागजात इत्यादि)का लागि इस्वी संवत् र त्यसका तारिखको सहारा नलिइ नहुने भएको छ भने अर्कोतिर हाम्रा परम्परागत धार्मिक, सामाजिक व्यवहार अर्थात श्राद्ध, जन्मोत्सव, पूजा, चाडपर्व, जात्रा आदिका लागि चन्द्रमास तिथिहरु अनिवार्य छँदैछन् । हाल चालु रहेको गतेसहितको सौरमास प्रथा आजकल काम चलाउ ढंगले मात्र उपयोगी भइरहेको छ, यसबाट आजको राज्यीय मामिलामा चाहिने जति काम लिन परिरहेको कठिनाइ त

प्रत्यक्ष दिनानुदिन अनुभव गरिदैछ। नेपाल संवत्का चन्द्रमास तिथिमितिहरु र इस्वी संवत्का महिना-तारिखहरु मिलाएर एउटा नयाँ किसिमको पात्रो (क्यालेण्डर) प्रचलनमा ल्याइयो भने समस्याको पूर्ण समाधान हुन्छ। चन्द्रशम्शेरीय गते प्रथाको फलस्वरुप हाल कुनै एउटा घटनाका लागि दुई थरी मिति घोक्नुपर्ने बाध्यता भइरहेको छ। उदाहरणार्थ काठमाडौंमाथि गोरखा विजय भएको मिति सम्झनुपर्‍यो भने एउटा वि.सं. १८२५ साल आश्विन १३ गतेभनेसर अर्को चाहिँ ई. १७६८ साल सेप्टेम्बर २५ तारिख भनेर सम्झिराख्नुपर्छ। फेरि कुनै पनि कार्यालयको समयसारिणी बनाउने, कार्यक्रमको मिति तय गर्ने, संक्रान्ति र मसान्तको दिन थाहा पाउने आदि कामका लागि पात्रोको सहारा नलिइ नहुने हुन्छ। त्यसैले नेपाल संवत्को चन्द्रमासका तिथि र इस्वी संवत्का महिनाका तारिखहरुको मिलान गरी एउटा नयाँ किसिमको पात्रो निकालिए उपरोक्त झन्झट अथवा प्रत्येक महिनामा कति गते रहेछ भनेर थाहा पाउन पटकैपिच्छे पात्रो पल्टाउने झमेलाबाट मुक्ति मिल्नेछ।

यहाँनिर विचारणीय के छ भने संवत् चयनको सम्बन्धमा सरकारले उदार, राष्ट्रिय, वस्तुगत रुपले विचार गर्नुपर्छ न कि दलगत, सम्प्रदायगत वा क्षेत्रीय संकीर्ण दृष्टिकोणले नेवार भाषा, नेवार जाति, नेवार सम्प्रदायप्रति नै साँघुरो, अप्रजातान्त्रिक, अनुदार विचारधारा राख्ने पूर्वाग्रही केही व्यक्तिहरुको लहैलहैमा लागेर नेपालसित सम्बद्ध जे पनि नेवार देख्ने र तुच्छ त्याज्य, हेय सम्झने दृष्टिले नेपाल संवत्लाई नेवार संवत् भन्ने हो भने शंखधर र राजा राघवदेव मात्र होइनन् लिच्छवि बैस, ठकुरी, मल्ल राजाहरु पनि नेवार वा साम्प्रदायिक तौल हुन्छ। एकछिनका लागि नेपाल संवत्लाई नेवार सवत् मान्यौं भने नेवारहरुले सिर्जना, निर्माण र संस्थापन गरेजति कृतिहरु नेवार हुने भए, अनि आज हाम्रो देशमा विद्यमान स्थापत्य कला, मूर्तिकला, चित्रकला इत्यादि तमाम कृतिहरु साम्प्रदायिक र जातीय मात्र हुन्छन्। फलस्वरुप बौद्ध, स्वयम्भू, पशुपति, पुराना दरवारहरु आदि त जातिगत, जातगत, सम्प्रदायगत नै हुनेछन्।

संक्षेपमा एउटा उदाहरण लिऔं - नेपाल संवत्लाई नेवार संवत् मान्ने प्रस्थापना अन्तर्गत डम्फु, मादल, मुन्दुम, च्याब्रु, ढोलक र मुहाली आदि बाजाहरु सबै साम्प्रदायिक हुन्छन्, अनि नेपालको राष्ट्रिय बाजा कुनलाई मान्ने ? त्यस्तै भात, ढिँडो, रोटी, चामल, गहुँ, मकै, कोदो, फापर आदिमध्ये कुनलाई राष्ट्रिय खाना मान्ने ? यस्तै एकथरी नेपालीहरु बाँदरलाई रामचन्द्रका सहायक मित्र मानेर पुजा गर्छन, भने अर्काथरी नेपालीहरु बाँदरलाई खोजी खोजी मारेर खान्छन्। यी मध्ये कुनचाहिँ परम्परा साम्प्रदायिक र कुनचाहिँ राष्ट्रिय मान्ने ?

आफ्नै देशमा उब्जेको, हुर्केको संस्कृतिको अंग नेपाल संवत्, माना-पाथी आदिलाई जातिगत, सम्प्रदायगत गरेर हामीहरुलेके ८० वर्ष अगाडिमात्र चन्द्रशमशेरले चलाएको संवत् र हालै चलाइएको किलो, लिटर, मिटरलाई राष्ट्रिय मान्ने ? जनजीवनका विभिन्न पक्षमा व्याप्त नभइकन कुनै पनि वस्तुलाई राष्ट्रिय भन्न मिल्दैन। गतेहरुबाट

आज सरकारी क्षेत्रका कतिपय कामकाजहरु ढाकिएका छैनन् । जाँचका फारम, पासपोर्ट आदिमा ई.को प्रयोग आज पनि अनिवार्य छ । श्राद्ध, जात्रा, पुजाआजा पर्व र उत्सव आदि हाम्रो परम्परामा गते काम नलाग्ने कुरा त छँदैछ ।

हज्जारौं वर्षदेखि चलिआएका अधिराज्यभित्रका परम्परागत साँस्कृतिक पक्षहरुबीच सीमांकन रेखा कोर्न खोज्नु सग्लोलाई फोर्नु, सङ्लोलाई धमिल्याउनु मात्र हुनेछ । राष्ट्रलाई सग्लो, सङलो र दरिलो वनाउनुपर्ने बेलामा नेपाल संवत्लाई अन्यथा सम्झने सोचाइ पृथकतावादी हुन जालाजस्तो लाग्छ ।

नेपाल संवत्को स्थापना राजा कि शंखधरबाट ?

नेपाल संवत्का स्थापना विषयमा पनि यता केही वर्षदेखि के भन्ने गरेको पाइयो भने यसका संस्थापक शंखधर होइन राजा राघवदेव थिए र तिनले नेपाल संवत् पशुपति भट्टारकमा चढाए । यस अनुमानको आधार ई. १९८५ सालमा राष्ट्रिय अभिलेखालयमा फेला परेको नेपाल वंशावलीको पृ ७ मा राष्ट्रिय अभिलेखालयमा फेला परेको नेपाल वंशावलीको पृ ७ मा 'श्रीराघव वर्ष ६३ ॥ मास ८॥ श्रीपशुपतिभट्टारके संवत्सर प्रवृति कृता ॥' भनेर लेखिएको वाक्य हो । यस वाक्यको अर्थ त केवल राजा 'श्री राघव (देवको भोग) वर्ष ६३ ॥ महिना ८ ॥ श्रीपशुपतिभट्टारकमा संवत्सर चढाइयो ॥' भन्ने अर्थमात्र हुन्छ । वंशावली लेख्ने परम्परानुसार प्रत्येक नयाँ राजाको राज्यकालमा भएका घटना वा उनले गरेको कामको विवरण दिइन्छ । अव यसवारे बिचार गरौं ।

सबभन्दा पहिले उपरोक्त संस्कृत भाषाको वाक्य कर्मवाच्यमा भइरहेकाले 'श्रीपशुपतिमा अर्थात 'लाई' चढाइयो (वा प्रविष्टि, समावेश, समर्पण गरियो) भन्ने अर्थ मात्र हुन्छ । यसको कर्ता अर्थात संवत् चढाउने -वा संवत् संस्थापन गर्ने) व्यक्ति त खुलेको छैन, अज्ञात नै छ । त्यसैले यो संवत् राघवदेवले चलाए भन्ने अर्थ त विल्कुल मिल्दैन । दोस्रो, उपरोक्त 'संवत्सरप्रवृति कता' को कर्ता राघवदेव नै भएको भए त्यस वाक्यमा 'तेम वा राज्ञा वा राघवदेवेन' भन्ने शब्द वा त्यस आशयको केही संकेत लेखिन्थ्यो । भोग वर्ष र मास (महिना पछि पूर्णविरामस्वरुप दुई धर्का ठड्याइराखेकालाई निरर्थक सम्झनु हुन्न । ती दुई धर्कापछि लेखिएको कर्मवाच्य वाक्यको कर्ता तिन (ती दुई धर्का अगाडी)को वाक्यको कर्ता मान्नु मिल्दैन ।

तेस्रो, माथि वंशावलीवाट लिइएको उद्धरणमा शंखधर साख्वालले संवत् परिवर्तन गर्न राजाको स्वीकृति लिए, राजाद्वारा उक्त संवत्का चलन व्यवहृत गराए, पशुपतिमा आफ्नो शिलामूर्ति स्थापना गराए, पशुपतिनाथको समीप खोलाका किनारामा देहत्याग गरे भन्ने उल्लेख गरेकोले यिनी पनि पशुपतिनाथका भक्त थिए भन्ने स्पष्ट छ । यी सबै घटना राजा राघवदेवको राज्यकालका हुन् । माथि चर्चित वंशावलीमा राजा राघवदेवको भोगवर्षको लगत्तै पछि संवत्सर पशुपतिमा चढाइएको कुरो लेखिनाको अर्थ उनको राज्यकालमा घटेको घटनामध्ये बढी महत्वपूर्ण घटना यही भएको हुनुपर्दछ ।

यहाँनेर के सम्झनु आवश्यक हुन्छ भने सार्वजनिक ऋण चुक्ता गर्न पैसा

शंखधरले व्यहोरे, संवत् फेर्ने र नयाँ संवत् व्यवहारमा प्रचलन गर्ने हुकुम राजा राघवदेवले दिए, अनि संवत्को नामाकरण शंखधरकृत नेपाल संवत् (वा नेपाली संवत्) भनेर गरियो। चौथो, नेपालमा समय समयमा र अहिलेसम्म प्रचलित चारवटा संवत्मध्ये अहिलेसम्म भेटिएको सबभन्दा पुरानो अभिलेख राजा धर्म मल्लकालीन ने.सं. ५२४ सालको पाटन सुन्धाराको हो, जसमा यसो लेखिएको छ -

१) श्री कलिगत वर्ष ४५०४
श्री विक्रमराज वर्ष १४६१
श्रीशंकराज वर्ष १३२६
श्रीमन् नेपालिका सं. ५२४

उपरोक्त अभिलेखमा राजाले सूत्रपात गरेको संवत्मा मात्र 'राज' शब्द प्रयोग गरिएको छ, अरुमा छैन। नेपाल संवत् राजाले नै सूत्रपात गरेको भए यसमा निश्चयपनि 'राज' शब्द प्रयुक्त हुनुपर्थ्यो। यसमा केवल 'श्रीमन नेपालिका संवत्' मात्र लेखिनु एकदम अर्थपूर्ण छ।

२) फेरि भक्तपुर राजदरवार मालती चोकस्थित राजा भूपतिन्द्र मल्लको निम्नलिखित अभिलेखमा राजाले चलाएका संवत्हरु विक्रम संवत् र शक संवत्मा लिच्छविकालीन गद्दिनसीन राजालाई मान प्रयोग गरिएको श्री शब्द राखिएको छ, अरु दुइवटा-कलिगत वर्ष र नेपाल संवत्मा छैन।

नेपाल संवत् ८१८
कलिगत वर्ष ४७९९
श्रीविक्रम संवत् १७५५
श्रीशक संवत् १६२०

यसबाट पनि नेपाल संवत्का संस्थापक राजा (राघवदेव) भन्न नमिल्ने तथ्य स्पष्ट झल्कन्छ। नेपाल संवत् राजा राघवदेवले स्थापना गरेका थिए कि भन्ने सम्बन्धमा मात्र ५०० वर्षपछि अभिलेख लेख्ने, लेखाउने अधिकारीहरुले लेखि नराखेको तथा राजा भूपतिन्द्र मल्ल -ने.सं. ८१६-४१/२ ले पनि नलेखाएको देखादेखी ११०० वर्षपछि केवल अनुमानको भरमा, कुनै आधार नदेखाइकन नेपाल संवत्को संस्थापना शंखधरले होइन राजा राघवदेवले गरेको भनेर तर्क गर्नुमा तुक देखिन्न। नेपाल संवत्लाई राघवदेव संवत् वा राज संवत् भनेर लेखिएको आजसम्म कहिं पनि भेटिएको छैन।

उपरोक्त दुइटा शिलालेखले नेपाल संवत्का संस्थापक राजा राघवदेव होइनन् भनेर सशक्त रुपले साबित गरिदिएको छ।

गोपाल वंशावली र नेपाल संवत्

❑ **वैकुण्ठप्रसाद लाकौल**

राष्ट्र विभिन्न जात, धर्म, भाषा, भेषभूषा, रहनसहन, आचारविचार तथा आचरणका वर्ग समुदायले बनेको हुन्छ। समय र स्थितिको तारतम्य औ आर्थिक, औद्योगिक आदि समस्याको सन्दर्भमा सांस्कृतिक र राजनीतिक परिवर्तन आउँदै गर्छ। अझ खासगरी राजनीतिक उथलपुथलले इतिहासमा विशेष प्रभाव पार्छ। यस्तो घटनाचक्रको क्रममा विशेषतः शक्तिको स्वार्थलाई ध्यानमा राख्नुका साथै जनपक्षको आवश्यकतामा सहानुभूति देखाउने गरी वस्तुस्थितिलाई छर्लङ्ग्याउनु पनि इतिहासको आदर्श हुन्छ। परन्तु कुरो र कुलो जता पनि लगाउन सकिन्छ। यसो हुनाले इतिहासकारहरूबाट राजनीतिक दृष्टिकोणले मात्र घटनाहरूको समयोचित कसी-तराजुद्वारा मूल्यांकन भएको पाइन्छ। फलस्वरूप इतिहास वा वंशावलीको रूपरेखा सापेक्षिक सत्यताको आधारमा सृजित हुनजान्छ। यसैले कुनै पनि इतिहास चाक्लोबाक्लो हुनाका साथै साङ्गोपाङ्ग मिलेको र सबै सुहाउँदो पाउन दुर्लभप्रायः छ, तैपनि इतिहास कोशजस्तो पनि अवश्यै हो। कोश कमसल खालकै भए पनि बिल्कुलै रद्दी नभई धेरथोर आंशिक रूपरेखा मात्र भए पनि फेला पार्न सकिन्छ।

हाम्रो पनि, क्लिष्ट र सूत्ररूप भएको एउटा वंशावली भेट्टाइएको छ- 'गोपाल वंशावली'। नहुनु मामाभन्दा कानो मामा निको भनेझैं यसले नेपालको 'अन्धयुग' अर्थात् मध्यकालीन इतिवृत्तिका कतिपय कुरामा आश्चर्यजनक प्रकाश दिन थालेको छ। शमसुद्दीनको नेपाल आक्रमणमा यसबाट दुई-चार महत्वका कुरा पत्ता लागेका छन्।

तनतरे पूर्व सुरतान समसदिन्यागत...

नेपाल भस्मीभवान् हाहा भवन्ति लोक संवत् ४७० मार्गशिर शुदि ९ महाकष्ट भवाकि भक्तपुरे-

यहीं घटना अर्को ठाउँमा-

'सं. ४७० मार्गशिर शुदि ९ समसदिन सुरतान लिवस्य समस्त दाहरपा दिन ७ माक्वा'

माथिका उद्धरणबाट यति थाहा हुन्छ - नेपाल संवत् ४७० मार्ग शुदि नवमीमा सुल्तान शमसुद्दीनले तीनै शहर नेपाललाई सखाप पारेछ।

अर्को एउटा कुरो-

सं. २८० वैशाख शुक्ल द्वितीया भग्न पशुपतिस स्थापना याङा- दिन जयसिंह रामः महाय भासनल्वह सा हरपा गण्डगोम वथौ चोस थ्व यज्ञस श्री जयार्जुन देवस वो शंकर देवीस वो राजासाला वुथे।

शमसुद्दीनको उत्पात्पछि नेपालमा सवभन्दा पहिले यहाँका अधिष्ठातृदेव पशुपतिनाथको जीर्णोद्धार भएछ। यस कार्यमा श्री जयार्जुनदेव र श्री महामन्त्रधिराज जयसिंह रामलाई ९ वर्ष, ५ महिना लागेछ।

'नेपालमा पद्य र गद्यमय रचनाका अभिलेख पाँच सय वर्षसम्म लोप भएपछि जयस्थिति मल्ल र उनका उत्तराधिकारीहरूको समयमा मात्र प्रादुर्भूत भएको छ भन्ने प्रो. सेसिल वेन्डालको उक्तिको कारण शमसुद्दीनको व्यापक ताण्डवी लीलालाई नै दिन सकिन्छ।' नेपालको इतिहासमा लिच्छविकालीन स्वर्णयुग अन्धकारमय भई राजा जयस्थिति मल्लपछि मात्र मिमिरे देखिनुको तात्पर्य शमसुद्दीनकै प्रलयंकारी मार हो भन्ने गोपाल वंशावलीवाट सिद्ध हुन आयो। त्यस अन्धकार युगमा छिपिसकेका अनेकौं महत्वपूर्ण घटनाका संक्षेप भए पनि त्यसै वंशावलीवाट खोतल्न सकिन्छ। नेपाल संवत्लाई संज्ञा दिई यसको व्यापक चलन नेपालमा भएको यस वंशावलीवाट देखिन आएको छ।

यस पुस्तकको प्रारम्भमा *'स्वस्ति... कलियुग.... गोलाख्यान गोग्रामस्य आगमेन 'नेपनामा'* इत्यादि लेखिएको छ। 'गोल' नामले प्रख्यात गोग्रामको 'नेप' नाम गरेको गोपालको बहुह्री नामकी कपिला गाईले प्रतिदिन बाग्मती तिरको एक 'मुशीर' ढिस्कुरामा स्वयं दूधको धारा लगाउँदी रहिछन्। त्यो देखेर 'नेप' गोठालाले ढिकुरो खनेर हेर्दा पशुपतिनाथ महादेव प्रकट भए।

'नेपनामा गोलक'मा को 'नेप' शब्दले 'नेपाल' नाउँबारे विचार गर्ने ठाउँ पाइएको छ भन्नु तर्कपूर्ण छ। पशुपतिनाथ प्रकट गर्नुको श्रेय 'नेप' भन्ने 'गोपमा' भएको एउटा महत्वको कुरा नै पुस्तकको आरम्भमा उल्लेख छ। नेपालमा धेरैजसो निवासी मंगोल हुन्। यस जातिका मानिसले क-ख-ग-घ- लाई का-खा-गा-घा भने जस्तै 'नेप'लाई 'नेपा' भन्नु स्वाभाविकै हो। यसरी पशुपतिनाथको देशलाई 'नेपा गोपाल' को नामले नेपालका आदिवासी 'नेपा' भनेमा कत्ति आश्चर्य हुँदैन। नेवारहरू यस देशलाई 'नेपा'

मात्र भन्दछन् । 'नेपा'लाई नेपाल शब्दको व्युत्पत्ति मान्नु सामान्य कुरा हो । पशुपतिनाथ प्रादुर्भाव भएको कुरा जस्तै देशको नाम नेपाल भएको कुरा पनि गोपाल वंशावलीमा रहेछ ।

यसप्रकार यो अनौठो पुस्तक गोपाल वंशावली फेला परेपछि नेपालको इतिहासको मध्यकालीन इतिवृत्तिमा नयाँ मोड आउन थाल्यो ।

जतिसुकै क्लिष्ट र सांकेतिक वंशावली भने पनि मध्यकालीन इतिवृत्तमा यस वंशावलीले महत्वपूर्ण भूमिका ओगट्न सक्ने कुरामा दुई मत हुँदैन । यो वंशावली पाइएपछि नेपालका इतिहासवेत्ता डिल्लीरमण रेग्मी, ढुण्डीराज शर्मा आदिले पनि हरिसिंहदेवबारे गोपाल वंशावलीकै कुरामा सहमति जनाई आ-आफ्ना पुस्तकहरूमा संशोधन गरिसक्नु भएको छ ।

नेपालको इतिहासमा 'अन्धयुग' ठानिएको मध्यकालीन इतिवृत्तबारे 'गोपाल वंशावली' जति प्रामाणिक ग्रन्थ अद्यापि अरु छैन भन्ने कुरा निर्विवाद भइसकेको छ । यहाँ अघि सार्न खोजिएको मूल विषय 'नेपाल संवत्' हो र अब त्यसैका बारेमा निक्यौंल गरिदैछ ।

शक, लिच्छवि, ठकुरी संवत्लाई उछिटचाएर प्रचलनमा आइरहेको नेपाल संवत् नेपालकै आफ्नो निजी सम्पत्ति हो, राष्ट्रिय विशेषता हो । तर, मध्यकालीन नेपालभन्दा चार शताब्दी अघिदेखि चलिआएको यति महत्वपूर्ण संवत्सरको अवमूल्यन गरी पराई संवत्लाई अँगालेकोमा विचार गर्नु अवाञ्छनीय होओइन ।

नेपालको राष्ट्रिय संवत्मा मान्यता दिदै आएको विक्रम संवत्को थातथलो कुन हो, त्यो कहाँ कसले चलाएको हो- ती तथ्यहरू आजसम्म पनि राम्ररी पत्ता लागेको छैनन् । उज्जयिनीका राजा विक्रमादित्यले आजभन्दा २०३५ वर्षअघि विक्रम संवत् चलाएका हुन् भन्ने कुरा दन्त्यकथाजस्तै हो । विक्रम वा विक्रमादित्य राजाले भारतबाट म्लेच्छहरू निर्मूल पारे वा समस्त भारतमा आफ्नो विजयध्वजा फहराए भन्ने कुरा 'कथासरित सागर', 'कथा मञ्जरी' 'बेतालपच्चीसी' 'सिंहासनबत्तीसी' तथा 'शत्रु)जय महात्म्य' आदि रचनाको तर्क हो । मानौं लौ, तर विक्रम संवत्को वस्तुस्थिति अनुसार नेपाल अधिराज्यमा यसले यति उच्च स्थान ओगट्न दिनुचाहिं राष्ट्रियताको दृष्टिले कति सुहाउला ?

राजपुतानाको जयपुर रियासत बर्नाल भन्ने ठाउँमा यही संवत् २८४ सालमा 'कृत' संवत् नामले सम्बोधित भएको एउटा शिलास्तम्भ सर्वप्रथम भेटियो । राजपुतानाका बहवा, नन्दसा र विजयगढमा यसै ताकका 'कृत' नामकै अरू शिलापत्र र स्तम्भ पनि फेला पारे । त्यसपछि मालवामा मालव नामले यही संवत्सरका अभिलेख भएको पाँचौं शताब्दीका केही शिलालेख पाइए । आठौं शताब्दीसम्म पनि यस संवत्को 'विक्रम' संवत् नामाकरण भएको भेटिएन । यसरी नै यस संवत्को हजार वर्षजति व्यतित भयो । दशौं

शताब्दीमा संवत् भन्नेसम्म नामांकित हुन थाल्यो । त्यसपछि दुई सय वर्षका अभिलेखहरूमा पन्ध्र प्रतिशतसम्म 'विक्रमादित्य' नाम भएको पाइन्छ । यो थियो डा. आल्टेकरको भनाइ । दक्षिण भारतमा यसलाई 'संवत्' मात्र भन्दछन् र नववर्षारम्भ कात्तिक शुक्ल प्रतिपदः 'म्हपूजा'कै दिन हो ।

अर्का विद्वान् श्री शंकरवालकृष्ण दीक्षितको पनि यस्तै भनाइ छ । उनले ८९८ को विक्रम शब्दाङ्कित एउटा अभिलेख मात्र भेट्टाएका रहेछन् । यस संवत्मा 'विक्रमादित्य'को उपाधि जोड्न गएपछि विदेशी शासन-व्यवस्थाद्वारा थिचिई-मिचिई मनोभावनामा पराजयले पिटिरहेको भारतमा यसले गौरव हुन थाल्यो । विक्रमादित्यका दिग्विजयको कथाले गर्दा 'विक्रम' नामको संवत्लाई तँछाडमछाड गर्दै गौरव मानी आ-आफ्ना राष्ट्रमा भित्र्याउन थाले । हुन पनि अकबरी, ईसाई संवत्को पराजयको लज्जाले उँधो मुन्टो लाएको भारतले 'विक्रम' नामको घुम्टो किन नहाल्नु ? राजपुतानाबाट उँभो लाग्दा-लाग्दा यो संवत्ले बङ्गालको एउटा प्रान्त वाहेक उत्तर भारतलाई नै सर्लक्क निल्यो । 'संसर्गजा दोषगुणाः भवन्ति' - विक्रमादित्यले प्रभुत्व जमाएको थिएन तापनि नेपालमा चाहिं विक्रम संवत् पश्चिममा गोर्खासम्म चल्न थाल्यो । अनि यो सरूवा रोग क्रमशः नेपाल खाल्टोका राज्यहरूमा पनि अलि अलि सर्न थाल्यो । महत्वपूर्ण अभिलेखमा शालिवाहन (शक)सँगै विक्रम संवत्लाई पनि एकै हारमा बसाउन नेपालका अधिराज्यहरूलाई एउटा लहड लाग्यो र यसमा उनीहरू केही गौरव पनि सम्झन लागे ।

ललितपुर सुनधाराको अभिलेखमा चारवटा संवत् यसरी गाभिएका छन् - *ॐ नमः शिवाय । अथ श्री कलिराज वर्ष ४४०१ श्री विक्रमराज वर्ष १४४५ श्री सकराज वर्ष १३२४ श्रीमतः नेपालिकः श्रेयअस्तु संवत् ५२४ चैत्रकृष्ण अष्टम्यां तिथौः ।.... युवराजाधिराज श्रीश्री यक्ष मल्ल ठाकुर देवस्य विजयराज्ये... ।*

भक्तपुर दरबारभित्र चोकको भित्तामा रहेको भूपतीन्द्र मल्लको सुवर्णपत्रमा पनि यस्तै लेखिएको छ- *'कलिगताब्द ४८०७ विक्रमाब्द १७६३ शाकाब्द १६२८ नेपाल संवत् ८२६ ज्येष्ठमास ।'*

चलनचल्तीमा खास नेपालमा यही 'श्रेयोस्तु नेपाल संवत्'कै सर्वमान्यता थियो । गोरखामा पनि विक्रम संवत्ले राम्रो जरा हाल्न सकेको थिएन । गोरखासँगको पृथ्वीनारायण-जयप्रकाशको वाणिज्य सन्धिपत्रमा नेपालले शक संवत्को प्रयोग गरेको देखिन्छ । त्यसमा *'संवत् १८१४ रोज ३ मिति पौषवदी ९ लिखितमिति शुभम्' लेखिएको छ* । यसमा सुदीवदीकै व्यवहार भएको छ ।

राणा शासकहरूले नेपाल संवत्लाई एक जातिको मात्र संवत् भनी अरू वर्गमा घृणा उत्पन्न गराउने काम गरे । जतिसक्यो बढी अंग्रेजी शब्दलाई जनजीवन र सरकारी अड्डाखानामा स्थान दिने काम हुँदै गयो । संवत् सालमा ईस्वी सन्को मर्यादा बढाउँदै लगियो । जातिवर्गमा भेदभावको कलह र धर्म-धर्ममा पक्षपातबाट आफन्तमा फुट,

वैमनस्यता हुने कामकुरालाई प्रोत्साहन गर्दै गयो । यसैगरी शक संवत्को ठाउँमा विक्रम संवत्ले मात्र अड्डा-अदालतमा मान्यता पायो ।

नेपालको आफ्नो संवत् 'नेपाल-संवत्' राजा राघवदेवको पालोमा चलेको देखिन्छ । यो कुरा कनिंघामले लेखेका छन् । डेनियल राइट र कर्क प्याट्रिकले पनि यही कुराको समर्थन गरेका छन् । यस कुरालाई लिएर गोपाल वंशावलीमा लागौं । गोपाल वंशावलीले साल-संवत्को हकमा यही नेपाल-संवत्लाई नै मान्यता दिएको छ । गोपाल-वंशावली पत्ता लगाउने सेसिल बेण्डालले धोइ-फोइ गरेर राजा राघवदेवको पालामा नेपाल संवत् सन् ८७९ अक्टोबर २० तारिखको दिनदेखि चलाएको भनी निधो गरेका छन् ।

परन्तु यस विषयमा श्री बालचन्द्र शर्माको 'नेपालको ऐतिहासिक रूपरेखा' प्रथम संस्करणको पाता १०७ मा यस्तो लेखिएको छ-

कनिंघमको अनुसार यिनै राघवदेवको पालादेखि नेपाली संवत् अथवा नेवार संवत्को प्रारम्भ भएको हो । अधिकांश वंशावली राघवदेवको नाम छाडेको र कुनै वंशावलीमा उनको नाम आए तापनि यिनैले नेपाली संवत् चलाएको उल्लेख नगरिएकोले प्रो. लेवी राघवदेवले कुनै ठूलो काम गरी यो नयाँ संवत् चलाएको कुरा मान्न तयार छैनन् । उनको भनाइ अनुसार नेपालीहरू ८ को अंक अशुभ अंक झिकेर यो संवत् चलाइएको हो । शक संवत् ८०१ पुगेर ८ (आठ) अंक झिक्दा संवत् १ हुन गयो । यसै क्रममा यो संवत् चलिसकेपछि यसको कारण बिर्सेर यो नयाँ संवत्को रूपमा ग्रहण गरियो ।

जुनसुकै अवस्थाले चलाएको भए पनि नयाँ संवत् बनाएर 'नेपाल-संवत्' नामको हुनु विशेष कुरा हो राष्ट्रियताको दृष्टिले ।

केशर लाइब्रेरीमा एक टुक्रा वंशावली १५ पाते थ्यासफू रूपमा छ । यो पनि गोपाल वंशावलीको संस्कृत खण्ड (बेन्डालले पत्ता लगाएको वंशावली १) कै आधारको र त्यसैबाट उद्धृत जस्तै छ । यसको भाषा पनि वंशावली १ मिलानको छ । यी दुई वंशावलीमा एकको पूरक अर्कोजस्तो भई एउटामा खण्डित भएका कुरा अर्कोमा भेटिएका छन् । छोटो पुस्तिकाको रूपमा पनि यिनमा जे जति छ तिनलाई भिडाई हेर्दा यो आफ्नै संवत् भएको स्पष्ट छ । यस वंशावलीको पहिलो पाताको पछिल्ला हारतिर अंकित छ- *'राजा राघवदेव वर्ष ६३ मास ६ (संवत् दयकु)। श्री पशुपति भटारके संवत्सर प्रवृत्तिःकृत ।'* संवत् दय्कु- संवत् बनायो अर्थात् चलायो र श्री पशुपतिनाथमा समर्पण गऱ्यो ।

यसैमा दोस्रो पाताको सुरुमा *'लक्ष्मीकामदेव वर्ष २१ तेनहि चमपट सहिते संवत्सर निधाने राष्ट्र शान्ति क्लाय'* लेखिएको छ । यसको अर्थ हो- 'राजा लक्ष्मीकामदेवको शासनकाल २१ वर्ष । शासनको केही कालमा संवत्सर सकिएकोले (अर्थात् शून्य साल पर्न आएकोले) राष्ट्रको शान्ति-स्वस्ति गरियो । गोपाल वंशावली (हिमवत्संस्कृति प्रकाशन

पाना ११ को पहिलो लहरको पुछारमा) मा पनि - *'राजा हंस (लक्ष्मी) कामदेव वर्ष २१ चमाट पश्चात् सहिते सम्बच्छ सते द्वाने राष्ट्र शान्ति कृतवान्'* अर्थात् संवत्सर दुई सय वर्ष पुगेकोले शून्य साल परेकोले राष्ट्रमा शान्ति-स्वस्ति गर्ने काम भयो ।

यी सबै परिबन्दले नेपाल संवत् राजा राघवदेवको पालामा प्रचलनमा आएको तथ्य सिद्ध हुन्छ । यो संवत् श्री पशुपतिनाथमा समर्पित भै प्रतिष्ठित भएको छ । नेपालको आफ्नै अस्तित्व भएको विशुद्ध संवत् हुनु ठूलो महत्वको कुरा हो । संसारमा कुनै पनि राष्ट्रमा नभए जस्तो देशको नामले संवत् पाउनु कम महिमाको कुरो होइन ।

नेपाल संवत्सित सम्बन्धित साख्वाल (शंखधर बनियाँ)को उपाख्यान जनश्रुति नै होस्, त्यस नमूनालायक र उदारतापूर्ण कथामा केही तथ्यता अवश्य हुँदो हो । एकजना व्यापारीले सबै जनताको ऋण बेमाख पारी तिरिदिनु, नयाँ संवत् चलाउनु, स्वदेशको नामले त्यसको नामाकरण गर्नु र त्यस संवत्लाई राष्ट्रप्राण आफ्ना नरेशद्वारा नेपालका अधिष्ठाता श्री पशुपतिनाथमा समारोहपूर्वक समर्पित गर्नु-गराउनु चानचुने कुरो होइन ।

हाम्रा देव, पितृ आदि धार्मिक र सांस्कृतिक कार्यहरू तथा दशकर्मका कुलायन कर्महरू चन्द्रमानबाट निर्धारण गरी चलिआएका र चलाउनुपर्ने शास्त्रोक्त परम्परा छ । यसको लागि नेपाल संवत् यथावत् ठीक छँदैछ । तर चन्द्रमानका तिथि-मितिको घटबढ तथा अधिक मास, क्षयमासहरू पर्ने भएकाले दिन, मिति फरक पर्न जाने र कारबार, लेनदेन व्यवहारमा मितिमा कतै-कहीं भ्रम हुन जाने हुन्छ ।

सोभियत समाजवादी महान् क्रान्तिको विजय त्यस बखतको अक्टोबर महिनाको २५ तारिखमा परेको थियो । यस महान् पर्वको नाम नै 'महान् अक्टोबर क्रान्ति' रह्यो । पछि ईस्वी संवत्को गणनामा भइरहेको भूलसुधार हुँदा त्यही महान् क्रान्ति-दिवस नोभेम्बर महिनाको ७ तारिख हुनुपर्ने ठहरिएछ । त्यसैले साल-सालै नोभेम्बरको ७ तारिखमै मनाईंदैछ ।

रोमन इम्पाएरभर आफ्नै चलन अनुसारको जुलियन क्यालेण्डरको चलन थियो । पछि धर्मगुरू पोप ग्रेगोरी तेह्रौंको उदय भयो । अनि ईस्वी १५८२ तिर ग्रेगोरिन क्यालेण्डरको चलन गरिए । १७०० वर्ष जतिको अन्तरालमा तिथिमितिमा अलिकति गडबडी देखापऱ्यो । यसको निराकरणमा 'महान् अक्टोबर क्रान्ति' दिन नोभेम्बर ७ तारिख मुकर्रर भयो ।

अनि, हामीकहाँ पनि व्यवहारमा चलनमा मिति लेख्न हाम्रो नेपाल संवत्को कुनै एउटा वर्षलाई सौरमान बनाएमा भ्रम पर्न जाने सम्भावना नै हुँदैन । नेपालमा तिथिबाट चलाइने सबै कार्य यथावत् चल्दै जानेछन् । नेपाल संवत्मा त्यही चाहिं एउटा साल मात्र छ महिनाको भई त्यसपछि साधारण हिसाबले १२ महिनाकै वर्ष चल्दै जानेछ ।

नेपाल संवत्को सन्दर्भमा नेपालभाषा मंका: खल:

❑ **नरेशवीर शाक्य**

नेपालको मौलिक संस्कृति, भाषा, कला, लिपि संरक्षण र विकास एवं मुलुकमा रहेका सम्पूर्ण मातृभाषाहरूको समान विकास अधिकारका लागि नेपालभाषा मंका: खल: निरन्तर रुपले सक्रिय रहँदै आएको छ। राज्यसत्ताले भाषा जाति दमन गर्ने, असमान व्यवहारको विरुद्ध यस संस्थाले धेरै कार्यक्रमहरू संचालन गरिसकेको छ। त्यसरी नै राष्ट्रको मौलिक सम्पदा संरक्षण र विकासको निमित्त जनचेतनामूलक कार्यक्रमहरू पनि संचालन गर्दै आएको छ। यसै सन्दर्भमा नेपालको मौलिक संवत् नेपाल संवत्को जगेर्ना र राष्ट्रिय मान्यतालाई पनि लिएर मंका: खल:ले आफ्नो सुरु वर्षदेखि नै आन्दोलनको रुपमा विविध कार्यक्रमहरू संचालन गर्दै आएको छ।

नेपालभाषा मंका: खल:ले भाषिक समान अधिकारको आन्दोलन र नेपाल संवत्को आन्दोलनलाई पृथक पृथक रुपमा संचालन गर्दै आएको छ। यसै सन्दर्भमा नेपालभाषा मंका: खल:ले ने.सं. १११३ देखि प्रत्येक वर्ष 'न्हूदँ समारोह समिति' गठन गरी उक्त समितिमा नेपालका वरिष्ठ तथा ख्यातिप्राप्त व्यक्तित्वबाट गराउँदै आएको छ।

नेपालभाषा मंका: खल: न्हूदँ समारोह समितिका अध्यक्षज्यूहरूको नामावली -

वर्ष	नाम
१११३	प्रा. सुवर्ण शाक्य
१११४	डा. शान्तवीर सिंह तुलाधर
१११५	लक्ष्मण राजवंशी

१११६	प्रयागराज सिं सुवाल
१११७	कनकमान शाक्य
१११८	बुद्ध सार्यमि
१११९	उत्तम नारायण श्रेष्ठ
११२०	डा. रत्नकमल वैद्य
११२१	सर्वज्ञ रत्न तुलाधर
११२२	लक्ष्मीदास मानन्धर
११२३	सुरेन्द्रवीर मालाकार
११२४	आर.के.मानन्धर
११२५	डा. मङ्गल सिद्धि मानन्धर
११२६	हिक्मत बहादुर माली
११२७	प्रा. प्रेमशान्ति तुलाधर

नेपाल संवत् नेपालको मौलिक संवत् नेपाल देशकै माटोमा जन्मी हुर्किएको कुरामा कतै विवाद छैन । नेपाल संवत्को नामले नै यो नेपाल मुलुकसँग सम्बन्ध रहेको स्पष्ट हुन्छ । नेपालका मूलवासीहरूले यसलाई चलनचल्तीमा ल्याई दैनिक जीवनको अभिन्न अंगको रुपमा विकसित गरेका छन् । साथै कुनै बेला यही संवत् राज्यस्तरबाट संचालन भई राज्य-संवत् र जन-संवत्को रुपमा रहेको कुरा हाल प्राप्त विभिन्न अभिलेखहरूले पुष्टि गरेको छ ।

नेपाल अधिराज्य हुनुअघिसम्म यो नेपाल संवत् राजकीय संवत् नै थियो । काठमाडौं उपत्यकामा गैरनेवारहरू सत्तासीन भएपछि नेपाल संवत्को प्रचलनलाई विस्थापित गर्ने क्रममा अन्य संवत्हरू राज्यस्तरबाट नै संचालन गरे र राणा प्रधानमन्त्रीहरूले काठमाडौंका आदिवासीहरूले प्रयोग गर्ने भाषा र तिनीहरूले प्रयोग गर्ने भाषाबाट लेखिएका कागजातहरूलाई कानुनी मान्यताबाट बञ्चित गराइदिए । नेपालका महाराजाहरूले आ-आफ्नो नाममा वीरविक्रम भन्ने पदावली प्रयोग गर्ने गरेको हुनाले राणा प्रधानमन्त्रीहरूले राजालाई रिझाउने प्रयोजनको निमित्त भारतको कुनै प्रान्तमा प्रचलनमा रहेको विक्रम संवत्लाई नेपालमा राजकीय संवत्को मान्यता दिई प्रयोगमा ल्याए । बिक्रम संवत् नेपालको राजाहरूलाई देखावटी रिझाउन मात्र प्रयोग गरेको हो भन्ने तथ्य यसबाट पनि स्पष्ट हुन्छ कि त्यसवेला नेपालमा नेपाली राजाहरूले नै चालु गरेको त्रिभुवन संवत्को पनि अस्तित्वमा थियो तर यसलाई प्रचलनमा ल्याउने अरु राणा प्रधानमन्त्रीहरूले गरेको देखिएन ।

नेपाल संवत्ले नेपाल राष्ट्रको सिंगो प्रतिनिधित्व गरेका अनेक दृष्टान्तहरू छन् । नेपाल राष्ट्र एक सार्वभौमसत्ता मुलुक हो भनी प्रमाणित गर्न यहाँ प्रचलनमा रहेका आफ्नै भाषा, धर्म, जाति र संवत्लाई अगाडि सार्न सकिन्छ । यसै सन्दर्भमा पंचायतकालीन

समयसम्म पनि संयुक्त राष्ट्रसंघमा नेपालको दिन भनी यही कछलाथ्व पारुका दिन विभिन्न समारोह गरी नेपाल राष्ट्रको पहिचान गर्ने कार्य भइरहेको नै थियो ।

नेपाल संवत् विषयक जानकारीमूलक कार्यक्रमहरू नेपालभाषा मंकाः खलःले आफ्नो स्थापनाकालसँगै सुरु गरेको हो । कछलाथ्व पारुका दिन भिंतुना सांस्कृतिक जुलुस आयोजना गरी विभिन्न साँस्कृतिक बाजागाजासहित सहर परिक्रमा गर्ने कार्यक्रम हालसम्म पनि विद्यमान नै छ । यसरी नै अधिराज्यभर नेपाल संवत्को प्रचारप्रसार गर्ने क्रममा काठमाडौं उपत्यकाबाहिर मोटरसाइकल च्याली गरी हेटौंडा, वीरगंज, स्याङ्जा, पोखरा, बाग्लुङ, बाह्रबिसे, गोरखा, धादिङसम्म पनि पुगी कार्यक्रमहरू आयोजना हुने गरेका छन् । फलस्वरुप अब आएर अधिराज्यभर नै नेपाल संवत् नववर्षको उपलक्ष्यमा तुल, ब्यानरहरू राखी शुभकामना सन्देशहरू दिने, चियापान र भेटघाटको कार्यक्रमसँगै विचार गोष्ठी, सभा, सम्मेलनहरू पनि आयोजना हुने गरेको छ ।

यसै आन्दोलनको महत्वपूर्ण उपलब्धिको रुपमा मंकाः खलःले सुरुदेखि नै माग गर्दै आएको नेपाल संवत्का प्रणेता शंखधर साख्वाःलाई राष्ट्रिय विभूति घोषणा गर्नुपर्दछ भन्ने मागलाई सरकारले स्वीकार गरी राष्ट्रिय विभूतिबाट सम्मानित गरिसकेको छ । मुलुकमा विद्यमान सबै राजनीतिक पार्टीहरूले पनि नववर्षको उपलक्ष्यमा शुभकामना सन्देशहरू जारी गर्ने र विविध कार्यक्रमहरू संचालन गर्ने परिपाटीहरूको विकास हुँदै आएको छ । यी सबै सकारात्मक उपलब्धिहरू हुन् ।

हुलाक विभागले राष्ट्रिय विभूतिको सम्मानमा हुलाक टिकट प्रकाशित गरिसकेको छ । नेपालका संचार माध्यमहरूले नेपाल संवत्को प्रयोग गर्दै आइरहेको छ । नेपाल सरकारले नेपाल संवत् सम्वन्धी एक कार्यदल समेत गठन गरी नेपाल संवत् सम्बन्धी नीतिहरू बनाउने भएको छ ।

नेपाल संवत् नेपाल राष्ट्रको महत्वपूर्ण सम्पदा र धरोहर

❑ प्रा. डा. तुलसीराम वैद्य

भौगोलिक रुपमा एक सानो राष्ट्र भएर पनि विश्वभरको मानचित्रमा नेपालको राष्ट्रको आफ्नै अति प्रतिभाशाली गाथा छ, जसले गर्दा हामी विश्वमा सगोरव साथ आफ्नो चिनारी दिन्छौ । हाम्रो गौरवमय चिनारी हो- शान्तिका अग्रदूत गौतम बुद्धको जन्म देश नेपाल हुनु । त्यतिमात्र नभई सिद्धार्थ गौतम भन्दा पहिलेका अरु दुई मानव बुद्धहरु- क्रकुच्छन्द बुद्ध र कनकमुनी बुद्धहरु पनि नेपालको कपिलवस्तु जिल्ला स्थित गोटिहवा र निग्लीहवा (क्रमिक)मा जन्मनु । यसरी तीन मानव बुद्धहरु नेपालमा जन्मनु हाम्रो अति ठूलो भाग्यको कुरा हो । प्रकृतिले पनि साथ दिदै विश्वको सर्वोच्च शिखर सगरमाथा नेपालमै भएकोले हाम्रो देशको इज्जत संसारभर फैलिएको छ । यस्तो महान देशका जनताले पनि आफ्नो राष्ट्रको इज्जत अगाडि बढाउन अनेक महत्वपूर्ण साँस्कृतिक, बौद्धिक, धार्मिक र कलात्मक देनहरु दिएका छन् । विश्वसामु अति गौरवशाली हाम्रो परिचय यही नै हो । जसले गर्दा विश्वका बौद्धिक वर्ग, धार्मिक प्रबुद्ध वर्ग र अन्य बुद्धिजीविहरु नेपालमा आकर्षित भएका छन् । यसै सन्दर्भमा नेपालको एक गौरवमय सम्पदा र धरोहर हो नेपाल संवत् ।

नेपाल संवत् सन् ८७९ अक्टोवर २० मा शुरु भएको हो । यस संवत्को नयाँ वर्षको पहिलो दिन कार्तिक शुक्ल प्रतिपदा हो । यो संवत् हाम्रो परम्परागत मानिआएको तिथि अनुसार नै चलिआएको छ । त्यसैले गर्दा यो संवत् थालनी विक्रम संवत् वा इश्वी संवत्सँग मिलाएर हेर्दा कहिले अगाडि कहिले पछाडि परेको हुन्छ, जस्तै गत साल

अर्थात वि.सं. २०६३ साल (सन् २००६)मा कार्तिक ६ गते सन् २००६ अक्टोवर २३) शुरु भयो तर यसपालि अधिकमास (अधिक जेष्ठ महिना) भएकोले यो कार्तिक २४ गते (नोभेम्वर १०) का दिन नेपाल संवत् ११२८ शुरु हुन्छ। नेपाल संवत् चन्द्रमास अनुसार हुने भएकोले यस्तो भएको हो। हजार वर्ष भन्दा पहिले देखि चन्द्रमान अनुसार मानिएको परम्परा अनुसार यो महिला, यो पक्ष र यो तिथिमा यो कार्य गर्ने भनी मानिआएको हाम्रो परम्परा अनुसार कार्तिक शुक्ल प्रतिपदाको दिन नेपाल संवत् शुरु हुने भएकोले विक्रम संवत्को गते भन्दा अगाडि पछाडि पर्दछ। तर विश्वको प्रत्येक संस्कृतिको आ-आफ्नो परम्परा हुन्छ। यही अनुसार नेपाल संवत् चलिआएको छ। त्यही परम्परा अनुसार हाम्रो अर्थात सारा नेपाली समाजले मानिआएको चाड, पर्व, जात्रा, पूजाआजा यही चन्द्रमास अनुसार मानिआएका छौं।

नेपाल संवत् बारेमा अहिलेसम्म स्वदेशी र विदेशी विद्वानहरुले प्रशस्त बुद्धि लगाई प्रशस्त लेखहरु लेखिसक्नु भएकाछन्। हामीसँग अहिलेसम्म प्राप्त ऐतिहासिक सामाग्रीहरुमा नेपाल संवत्को उत्पत्ति सम्बन्धमा वंशावलीहरु, लोकोक्ति, परम्पराहरु प्रमुख भएका छन्। अहिलेसम्म प्राप्त वंशावलीहरु प्रख्यात पुराना वंशावलीहरुमा गोपालराज वंशावलीमा यो संवत् बारेमा उल्लेख नभए पनि यो वंशावलीमा घटनाहरुको विवरण ने.सं नै प्रयोग गरेर दिएका छन्। केशर पुस्तकाल स्थित त्यतिकै पुरानो वंशावली (केशर पुस्तकाल वंशावली) मा निम्न कुरा लेखिएको छ।

'राजा श्री राघवदेव देव वर्ष ६३ मास ६ ॥ श्री पशुपति भट्टारके संवत्सर प्रवृत्ति कृता'

डा. कमलप्रकाश मल्लले फेला पार्नु भएको त्यतिकै पुरानो वंशावलीमा पनि राजा राघवदेवको शासनकालमा शुरु भएको संवत् भनी यसरी लेखिएको छ।

'राजा श्री राघवदेव वर्ष ६३ मास ८ ॥ श्री पशुपति भट्टारके संवत्सर प्रवृत्ति कृता'

यस प्रकार राजा राघवदेवको शासनकालमा पशुपतिनाथको संवत् शुरु भएको भनी उल्लेख भएको छ। अहिलेसम्म प्राप्त सामाग्रीहरुको आधारमा सबभन्दा पुरानो स्रोत उपरोक्त दुई वंशावलीहरुले एउटै वर्णन प्रस्तुत गरेका छन्। पछिल्ला वंशावलीहरुले शंखधर साखःको नाम र उद्धार कार्य यस संवत्सित उल्लेख गरिएको पाइएका छन्। यसबारे तत्कालिक स्रोत अझ खोजकार्य हुनु जरुरी छ।

यस संवत् बारेमा माथि उल्लेख गरे अनुसार धेरै लेखहरु विभिन्न विद्वानहरुले लेख्नु भइसकेका छन्। तथापि य बारेमा अझै पनि खोज र शोधकार्य हुनु बाँकि नै छ। जुन खोज कार्यले अझै यस संवत्का बारेमा तत्कालिन आधिकारिक स्रोत फेला पार्ने आशा गर्दछौं। तथापि यस संवत्को ऐतिहासिकता विषयमा कुनै विवाद छैन। मात्रा राजा राघवदेवले कार्तिक शुक्ल प्रतिपदाको वि.सं. ९३६ र इश्वी सन् ८९५ अक्टोवर २० दिन किन यो नयाँ संवत् थालनी गरे भन्ने कुरा खोजीको विषय भइरहेको छ।

नेपालको इतिहासका स्रोतहरुमा विभिन्न संवत्हरु जस्तै कलि संवत्, शक संवत्, मानदेव (द्वितीय) संवत् (जसलाई लिच्छवि संवत् पनि भनिन्छ), नेपाल संवत्, विक्रम संवत् आदि उल्लेख भएको पाइन्छ। यी मध्ये शक संवत् र विक्रम संवत् भारतबाट प्रचार हुँदै नेपालमा पनि प्रचलनमा आए। नेपाल देश भौगोलिक दृष्टिकोणमा दुई भिन्दै संस्कृति, परम्परा आदि भएका ठूला देशहरुविच अवस्थित भएकोले दुवै सित राजनैतिक, साँस्कृतिक, सामाजिक, आर्थिक, बौद्धिक आदि पक्षहरुमा राम्रो सम्बन्ध रहेको तथ्य इतिहासबाट प्रमाणित भएको छ। उत्तर दक्षिणमा राजनैतिक, धार्मिक, प्राकृतिक, आर्थिक आदि संक्रमण भई क्षतविक्षत हुँदा त्यहाँका जनताहरुको लागि सुरक्षित शरण लिने क्षेत्र नेपाल देश रहेको ऐतिहासिक काल छैठौं शताब्दी ईशा पूर्वदेखि बिसौं शताब्दीसम्मका घटनाहरुले प्रमाणित भएको छ। ईशापूर्व छैठौं शताब्दीमा कौशलका राजा विरुद्धकले कपिलवस्तुका शाक्यहरुमाथि भिषण आक्रमण गर्दा शाक्यहरु भागी काठमाडौंमा शरण लिएका थिए, त्यस्तै कोलियहरु र अरुहरु। मध्यकालमा पनि यस्तै घटनाहरु हुँदा काठमाडौं उपत्यका र नेपालका पहाडी षेत्र शरणार्थीहरुको सुरक्षित वासस्थानमा विकास भयो। २० ओं शताब्दीमा चीनले तिब्बतमाथि अधिपत्य जमाउँदा त्यहाँका कयौं बासिन्दाहरु (खम्पाहरु) काठमाडौंमा आई बसे। यस्तो देश नेपाललाई विशेष गरिकन काठमाडौं उपत्यका (जसलाई १८ औं शताब्दीदेखि नेपाल उपत्यका वा नेपाल मण्डल भनियो)मा आई बस्नेहरु यहाँकै प्राचीनकालदेखि 'नेप' नाम जातिको गोपालहरुले विकास गरेको स्थानमा आई बसोबास गरी यहाँको भाषा र संस्कृति अपनाई 'नेवार' भए र नेवार संस्कृति, भाषा र सभ्यताको विकास गर्दै आगाडी बढे।

एक इतिहासको विद्यार्थीको हैसियतले म के भन्न गौरव सम्झन्छु भने नेपाल संवत् एक कुनै जाति वा सम्प्रदायसित मात्र सम्बन्धित संवत् होइन। यो संवत् नेपाल राष्ट्रसित सम्बन्धित संवत् हो। नेपाल संवत्लाई नेवार सम्प्रदायसितमात्र जोड्न र एक स्थानीय क्षेत्रका समुदायको संवत् भनी अर्कै दृष्टिकोणले हेर्ने प्रचलन एक विडम्बना हो। प्राचीनकालमा नेपाल मण्डल, नेपाल भुक्ति आदिले मेचीदेखि महाकाली नदी बीचको देश भनी राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा चिनिने देश पछि राजनैतिक विभाजन भइ अनेक राज्यहरुमा विभाजित हुँदा पनि यो संवत्ले नेपाल राष्ट्रको महत्वपूर्ण अवधारणार्ला कायम गरेको ऐतिहासिक महत्वका साँस्कृतिक धेराहरु र परम्परा हो। नेपाल राष्ट्र, नेपाल मण्डल आदिको अवधारणा नबुझेकाले एकीकृत नेपाल राज्यलाई पछि गोरखा राज्य नामाकरण गरी भीमशम्शेर राणाको पालामा गोरखा राज्य, गोरखा भाषा भन्ने नियम कायम गरे। तर जुद्ध शम्शेरले गोरखा राज्यलाई 'नेपाल राज्य' र 'गोरखा भाषा'लाई 'नेपाली भाषा' भन्ने चलन चलाए। तत्कालिन राष्ट्रिय गानमा पनि रहेका 'गोरखा' र 'गोर्खाली' शब्दहरुको सट्टामा 'नेपाल र नेपाली' शब्दहरु जद्ध शम्शेरले चलाए।

नेपाल संवत्ले नेपालको गौरवमय संस्कृति, परम्पार र शोचलाई कायम गरेको ठान्दछु। पूर्व आधुनिककालसम्म स्वदेशी महत्वपूर्ण दस्तावेज र विदेशी सन्धिपत्रहरु विशेष गरिकन तिब्बतसँगका सन्धिहरुमा नेपाल संवत् उल्लेख गर्ने परम्परा सन् १७७५ मा भएको खासा सन्धिले पति प्रमाणित गरेको छ। नेपाल संवत् खाली काठमाडौं उपत्यकाका नेवार समुदायकोमात्र नभई नेपाल राष्ट्रको साँस्कृतिक धराहर हो। नेपालमा प्राचीनकालदेखि चलेका संवत्हरुमा यो एउटा मात्र नेपाल संवत्को नाम चलेको संवत् हो। यो सत्य र तथ्य कसैले पनि बिर्सनु हुँदैन। अर्को पक्ष मेरो मनमा लागेको, विद्वत पाठकवृन्द अगाडि प्रस्तुत गर्न चाहन्छु, जुन यस प्रकाश छ – हामी सबैले सरस्वती पूजाका दिन आफ्ना बच्चाहरुलाई सरस्वती पुजा गराई ब्रत राखी 'नमो बागीश्वरायः' लेखाई पढ्ने कार्य थालनी गराउँछौ। कालरात्रीको दिन अर्थात महाअष्टमीको दिन भगवतीलाई पूजा गरी दशैं मान्दछौं। त्यस्तै लक्ष्मीपुजाको दिनमा हामी सबैले राती दियो बत्ति बाली ढुकुटीमा राखेको लक्ष्मी पुजा गरी साल भरको कमाईबाट आवश्यक खर्च गरी बाँकी भएको सम्पत्ति जम्मा गरिन्छ। आजकाज सरकारी तहमा आर्थि वर्षको अन्त आषाढ मसान्तमा आम्दानी खर्चको हिसाब बन्द गरी 'साल तमाम' भने जस्तै आम जनताको तहमा लक्ष्मीपूजा गरी आर्थिक वर्षको साल तमाम गरेको होला। यसलाई नयाँ वर्ष थालनी भएको मानि आफ्नो शरीर स्वस्थ राखी आर्थिक दृष्टिकोणले सम्पन्न होस् भनी आभ्नो 'म्ह' (शरीर)लाई पूजा गरी न्हूदँ (नयाँ वर्ष) मान्न परम्परा थाले। यही परम्परा सारा नेपालका बासिन्दाको शुभ चिताई थालनी गरे। यो नयाँ आर्थिक वर्षलाई नेपाल संवत्को नामले अगाडि बढाए। नेपाल संवत्को थालनिले सारा नेपालीको सुस्वास्थ्य, दीर्घयु, सम्पन्नर समृद्धि कामना गरेको आभाष हुन्छ।

यस प्रकार नेपाल संवत्ले सारा देशवासीको सुस्वास्थ्य, समृद्धि र सम्पन्नतालाई आत्मसात गरेको पनि आभाष हुन्छ। यो सारा नेपाल राष्ट्रको धार्मिक, साँस्कृतिक, आर्थिक र आत्मिय परम्परा हो। नबुझ्नेले यसलाई नेवार सम्प्रदायको मात्र संवत् ठान्छन्। संसारमा विभिन्न संवत्हरु चलेका छन्, तर राष्ट्रको नाममा चलेको संवत् यही एक मात्र रहेको सम्झन्छु। यसलाई कसैले संकुचित, साम्प्रदायिक र जातिगत सोचाई राख्नु नै उक्त व्यक्तिको कमिकमजोरी र हिनता हो। अन्तमा म यो भन्न चाहन्छु कि नेपाल राष्ट्रको नाममा रहेको संवत् नेपाल संवत् सारा नेपालीको राष्ट्रिय साँस्कृतिक, परम्परागत र गौरवमय सम्पदा र धरोहर हो।

बौद्ध दृष्टिमा राष्ट्रिय विभूति साख्वाः

❑ भिक्षु सुदर्शन

बोधिसत्वका विभिन्न चर्याहरुमा दान (त्याग)को पहिलो स्थान छ। जातकीय चर्याहरु र स्वयं बुद्धको समयका चर्याहरु यसका उदाहरण हुन्। सिद्धार्थले महाभिनिष्क्रमण गर्नुभयो। विपुल वैभवशाली यशकुमार "हा संतप्त हा संतप्त" भन्दै शान्तिको खोजीमा वन जंगल भटेकँदै केही महिनाअगाडि मात्र बुद्धत्व पाउनुभएका भगवान बुद्धकहाँ पुगेर उनले शान्ति पाए। भद्र कापिलायन दम्पतीको कथा पनि यस्तै छ। यसको मूल हेतु त्यसबेलाको धार्मिक, सामाजिक र आर्थिक विसंगतिपूर्ण संरचनाबाट विरक्त भएर जनतामा आएको चेतना हो। बुद्धको शील, समाधि र प्रज्ञाको सदाचार, मानिसको मनमा ल्याउने शान्ति र सम्यक् दृष्टि त्यसबेलाको धर्म र संस्कारले सम्हाल्दै आएको हिंसा, उत्पीडन, शारीरिक संक्लेश, असमानता, वरदानवाद, अभिशाप (श्राप) वादकै कारणबाट उब्जेको हो। बौद्ध दर्शनअनुसार जुनसुकै विचार-प्रवाह अथवा घटनाक्रममा हेतु हुन्छ। हेतुको सम्यक् पहिचानबाट सत्यतथ्यको नजिक हामीलाई पुऱ्याइदिन्छ। राष्ट्रिय विभूति शंखधर साख्वाःको नेपालको ऋणमोचन र नेपाल संवत्को प्रवर्तकमा पनि हेतुवादको आधारमा अध्ययन अन्वेषण हुनु जरुरी छ।

इसाको नवौं शताब्दीको शुरुदेखि विशेषतः ७० वर्षीय आचार्य भिक्षु शान्तरक्षितको धर्म प्रचारको चारिका कालदेखि नालंदा-नेपालमण्डल-सैरेश (तिब्बत) बीचको धार्मिक, सांस्कृतिक र आर्थिक क्षेत्रमा बोधिसत्व चर्याको ठूलो प्रभाव रहेको छ। यो प्रभाव अत्यन्त गतिशील पनि थियो। आचार्य कमलशील, ज्ञानेन्द्र र श्रीज्ञानजस्ता बौद्ध भिक्षुहरुको प्रयासबाट नेपालमण्डल र सैरेशमा अरुको हितको लागि तन, मन र धन यहाँसम्म कि हातमा आएको मोक्षसमेत त्याग्ने बोधिसत्व आदर्श फैलिरहेको थियो। सैरेशको धार्मिक

राजा खि-सोङ्को उत्तराधिकारी मु-नि-बचन्-पोमा बोधिचित्तको ठूलो प्रभाव परेको थियो । ऋणी भएर शोषण र पीडा भोगिरहेका र गरिबीमा पिल्सिएका प्रजा देखेर उनको हृदय विह्वल भयो । प्रजालाई यस दुःख-पीडाबाट मुक्ति दिन उनले राज्य धनको वितरण गर्नु एउटा मात्र बाटो देखे । एकपछि एक गरेर तीन पटकसम्म उनले धनको समवितरण गरे । यो कार्य भारतका राजा हर्षबर्द्धनको प्रति पाँच वर्ष सम्पूर्ण राज्य कोष जनतामा दान गर्नुभन्दा केही फरक जरुर छ, तर बौद्ध संस्कारमा तात्विक अर्थमा फरक छैन । मु-नि-बचन्-पोको यस राज्यको धन गरीब प्रजामा वितरण राहुल सांकृत्यायनको शब्दमा ८४५/४६ इस्वीको आर्थिक साम्यवादको प्रयोग हो । हाम्रै देशको दासप्रथा उन्मूलन र हालैको कमैयाप्रथा उन्मूलनमा कार्यपद्धति भिन्नता भएजस्तै त्यसबेलाको गरिबी-मुक्ति र ऋण-मुक्ति पद्धतिमा केही भिन्नता हुनु स्वाभाविकै छ ।

मु-नि-बचन्-पोको इ. ८४५/४६ को यस गरीब जनतामा धन वितरण वा ऋण-मोचनको ठीक ३३/३४ वर्षपछि साख्वाःबाट नेपालमण्डलका नेपालीको जनताको ऋण मोचन कार्य भएको छ । नेपाल र तिब्बतको त्यसबेलाको धार्मिक, साँस्कृतिक र आर्थिक सन्निकटताको सन्दर्भमा मलाई लाग्दछ, मु-नि-बचन्-पोको उदाहरण र बोधिसत्व चर्याको आदर्शबाट साख्वाःको ऋण - मोचन कार्यमा अभिप्रेरणा भए कुनै आश्चर्य मान्नुपर्ने छैन ।

अर्को एक विचारणीय कुरा छ साख्वाःलाई शुद्र महाजन भनिने कथन । अशोकजस्ता राजालाई पनि शुद्र भनेको छ । बौद्ध वाङमयले वर्णन गरेको बौद्ध प्रशस्ति 'देवानाप्रिय' लाई देवानाप्रिय इति च मूर्ख (देवताप्रिय अर्थ हो मूर्ख) भनी अर्थ्याएको छ । यस्तै नै बोधिसत्व चर्या गर्ने कृणी भएर शोपित, पीडित र दुखित भएका जनताको कृण तिरिदिने साख्वाःलाई पनि पहिले शुद्र भने । अनि पछि यो श्रेय राजामा समर्पित गर्ने प्रयत्न गोपाल वंशावली पुनर्लेखन गर्नेबाट भए ।

साख्वाः वा साख्वाल शब्दको अभिलेख प्रमाण अहिलेसम्म पाएको मलाई थाहा छैन । साथै भाषाशास्त्रको दृष्टिकोणबाट ऐतिहासिक समीक्षा गर्ने कार्य पनि बाँकी नै छ । तर पनि यहाँ एउटा कुरा विचारणीय छ । आफ्नो सन्तानको आयु लामो गर्न विशेषतःअल्पायुमा नै आफ्नो छोरा मर्न नपरोस् भनेर आफ्नो छोरो निम्न जातिकालाई दिने (जो बच्चा हुर्केपछि केहि पैसा दिईकन फिर्ता लिने गर्दछ ।) अथवा नराम्रो नाउँ राख्ने एक प्राचीन परम्परा छ । बौद्ध, गृहस्थहरुको आचार-शास्त्र 'गृहीविनय' को उपदेश बुद्धले सिगारपुत्रलाई नै दिनुभएको हो । सिगारपुत्र (श्रृगालपुत्र) को अर्थ हो स्यालको छोरो ।

यस उसले साख्वाःको ऋणमोचन कार्यमा बोधिसत्वको आदर्श चरितार्थ भएको छ । अनि जनताको ऋण मोचनपछि पाएको पुण्यबाट पनि जगत्कै प्राणीको उद्धार होस् भनेर शंख लिई अर्घ गरेको ठहर भए कुनै आश्चर्य छैन ।

बोधिसत्व चर्यामा 'अहम्'लाई स्थान छैन । त्यहाँ नाम, रुपको मोह हुँदैन । आत्मश्लाघाबाट मुक्ति र स्वनिरपेक्ष गुणको अनुकरण बोधि चर्याको अर्को विशेषता हो । यसैकारण बोधि चर्या अनुयायी शंखधर साख्वाःले आफ्नो नाउँको वा जातिको संवत् चलाउनु भएन, देशको नाउँबाट नेपाल संवत् चलाउनुभयो ।

नेपाल संवत्को राष्ट्रिय पक्ष

❑ हिरण्यलाल श्रेष्ठ

अनेक प्रकारका संवत् आज विश्वभर प्रचलनमा छन्। कुनै व्यक्ति विशेषको नामबाट, कुनै धार्मिक सम्प्रदायको नामबाट, कुनै एउटा वंश वा जातिको नामबाट स्थापित गरिएका संवत्हरु छन्। २० अक्टोवर ८७९, इ. (वि.सं. ९३६) देखि नेपालमा प्रचलनमा आएको नेपाल संवत् कुनै एक व्यक्ति, वंश, जाति वा धार्मिक सम्प्रदायको नामबाट प्रारम्भ गरिएको नभै, यो देश नेपालको नामबाट स्थापना गरिएको हुनाले प्रारम्भदेखि नै राष्ट्रियताको भावनाबाट प्रेरित भएर मुलुकको गौरव बढाउने मनसायबाट प्रतिस्थापित देखिन्छ।

जनश्रुति अनुसार शंखधर साख्वाःले अप्रत्याशित रुमा आफ्नो हातमा अपार सम्पत्ति फेला पार्दा तत्कालिन ठकुरी राजा राघवदेवको अनुमति प्राप्त गरेर जनताको ऋण तिरेर नेपाल संवत् प्रचलनमा ल्याएका हुन्। शंखधर साख्वाःले आफ्नो नामबाट आफ्नो जातजातिको नामबाट, आफ्नो धर्मको नामबाट संवत्को नाम राखेनन्। उनले आफ्नो मातृभूमि नेपालको नामबाट उक्त संवत् स्थापना गरेको हुनाले यो संवत् नेवार संवत् होइन। देशका नाम चम्काउने राष्ट्रिय संवत् हो। तसर्थ प्रत्येक नेपाली जसलाई नेपालको नागरिक भन्न गौरव लाग्छ, तिनीहरुको लागि नेपाल संवत् पनि प्यारो लाग्नु स्वाभाविक नै हुन्छ। यसरी राष्ट्रियतालाई सुदृढ गर्न राष्ट्रकै नामबाट संवत् चलाउने नेपाल संवत्का संस्थापक शंखधर साख्वाःलाई श्री ५ को सरकारले नेसं. ११२० कछलाथ्व १० वि.सं. २०५६ मंसिर २३ गते) विहिवारका दिन नेपालको राष्ट्रिय विभूतिको रुपमा मान्यता दिने निर्णय गरेको छ। एक साधारण नेपालीले पनि नेपाल देशको गौरव बढाउने

काम गर्छ भने त्यसको कदर प्रजातन्त्रमा हुन्छ भन्ने राम्रो उदाहरण सरकारले प्रस्तुत गरेर सराहनीय काम गरेको छ ।

नेपाल संवत्लाई मध्यकालमा राष्ट्रिय संवत्को रुपमा प्रयोगमा ल्याइएको थियो । नेपालको इतिहासमा नेपाल संवत्को प्रारम्भलाइ प्राचीनकालको अन्त्य र मध्यकालको शुरुवातको रुपमा इतिहासकारहरुले ग्रहण गरेका छन् । काठमाडौं उपत्यका र तत्कालिन नेपाल मण्डलभित्र मात्र नेपाल संवत्को प्रचलन सीमित थिएन, अन्तर्राष्ट्रिय पत्राचार गर्दा पनि यसको प्रयोग गरिएको देखिन्छ । महाचीनका मिङ्वंशी सम्राट ताये मिङले बनेपाका शासक शक्तिराम सिंहलाई संस्कृत भाषा रञ्जना लिपिमा लेखेर पठाएको परवानपत्रमा ने.सं. ५३५ असार शुक्ल दशमी भनी उल्लेख गरिएको छ ।

उत्तरतर्फबाटमात्र होइन, दक्षिणतर्फका छरछिमेकीले पनि नेपाल संवत्को प्रयोग गरेका उदाहरणहरु छन् । भारतको पश्चिम वंगालको कुचविहारका राजा प्राणनारायणले ने.सं. ७५३ अंकित गरी सुनको मुद्रा निष्काशित गरेको देखिन्छ । राजा प्राणनारायणका दुई बहिनीहरु रुपमति र अनन्तप्रियाको काठमाडौंका राजा प्रताप मल्लसित विवाह भएको थियो । मुद्रामा पहिलो ने.सं.को प्रयोग यसैबेला भएको देखिन्छ । यसपछि पाटनका राजा सिद्धिनरसिंह मल्लले पनि मुद्रामा ने.सं ७५९ प्रयोग गरेको पाइन्छ ।

नेपाल संवत् शाहवंशको प्रारम्भकालसम्म प्रयोग भएको पाइन्छ । नेपाल संवत् परित्याग गरि आधिकारिक रुपमा विक्रम संवत् भित्र्याउने काम राणा प्रधानमन्त्री चन्द्रशम्शेरले गरेको थियो । आफुलाई सूर्यवंशी र राजपूतसित सम्बन्धित देखाउने अभिप्रायबाट आयातीत विक्रम संवत्को औपचारिक रुपमा सन् १९०३ देखि मात्र नेपालमा चलाइएको देखिन्छ । राणाशाहीको अन्त्य र प्रजातन्त्रको अभ्युदयपछि संवत् कुन किन प्रचलनमा ल्याउनु उपयुक्त हुन्छ भनेर समीक्षा गरि राष्ट्रिय हितको पक्षमा निर्णय लिनु वाञ्छनीय हुनेछ । नेपालको अस्तित्वलाई सुदृढ पार्ने नेपालभित्रको जुनसुकै जातजाति, जनजातिहरुले जोगाइराखेको राष्ट्रिय विशेषतायुक्त कुरालाई सबैले ग्रह गर्नु पर्दछ । संवत्का मामिलामा नेपाल देशकै नाम जोडिएको राष्ट्रिय संवत् नेपाल संवत् छँदाछँदै किन आयातीत विदेशी संवत् ग्रहण गर्ने ? नेपालभित्रै नेपालीहरुको संवत् नभएको भए मात्र छिमेकी देश वा अन्यत्रको संवत् ग्रहण गर्नु अस्वाभाविक हुँदैन । नेपालको गौरव बढाउने नेपाल संवत् हामीसित भएकोले यसलाई सरकारले आधिकारिक रुपमा प्रचलनमा ल्याउने निर्णय गर्नु उपयुक्त हुनेछ । शंखधर साख्वाःलाई राष्ट्रिय विभूतिको कृतित्वलाई मान्यता प्रदान गर्नु विवेकपूर्ण निर्णय हुनेछ ।

मध्यकालमा पूर्वको उदयपुर र पश्चिम मगरातमा समेत नेपाल संवत् अंकित अभिलेखहरु फेला परेको कुरा धनवज्र वज्राचार्यलगायतका इतिहासकारहरुले उल्लेख गरेका छन् । गढी गुल्म विषयमा लेखिएको अष्टसहस्रिका प्रज्ञापारिमितामा ने.सं. ११९ उल्लेख गरिएको छ । काठमाडौं उपत्यका र नेपाल मण्डलका मध्यकालीन शिलापत्र,

ताम्रपत्र र ग्रन्थहरुमा नेपाल संवत् नै प्रचलित थियो । कसैले इतिहासलाई मेटन सक्दैन । श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहले गोर्खाबाट प्रारम्भ गरी त्यसबेलाको विखण्डित र विभाजित नेपालको पुनर्एकीकरण गरेपछि यो मुलुकको नाम गोर्खा नराखी नेपाल राखियो होला ? किन राजधानी काठमाडौं उपत्यकामा नै राखियो होला ? दिव्य उपदेशमा विदेशको नाचगान होइन, नेवारको नाचगान हेर्नु भनियो होला ? किन नेपाललाई चार वर्ण छत्तीस जातको साझा फुलबारी भन्ने उपमा दिइयो होला ? हजारौ वर्षदेखि स्वतन्त्र अस्तित्वमा रहेको नेपालको गौरवको पुनर्स्थापना गर्नु र नेपाल राष्ट्रलाई निरन्तरता प्रदान गर्नु नै यसको मूल मनसाय रहेको कुरा निर्विवाद छ । अनि देशलाई नेपाल भन्दा गौरव मान्ने, तर संवत्तर्फ नेपाल संवत् अस्तित्वमा छँदाछँदै आयातीत अर्काको संवत् किन अपनाउने ? नेपालसित जोडिएको सभ्यता, संस्कृति र संवत्लाई संरक्षण र सम्वर्द्धन गर्नु राष्ट्रिय कर्तव्य हुनेछ ।

नेपाललाई आफ्नो प्रभाव क्षेत्र सम्झने, हस्तक्षेप र प्रभुत्व जमाउन खोज्ने प्रवत्तिहरु एसियामा अझै मौजुद रहेको सन्दर्भमा राजा विक्रमादित्यको बेलामा नेपाल साँस्कृतिक प्रभाव क्षेत्र भएकोले यहाँ विक्रम संवत् प्रचलित भएको भन्ने गलत अवसर अरुलाई किन दिने ? नेपालको मौलिक संवत् छँदाछँदै अर्काको पैंचो किन लिने ? फेरि इस्वी संवत्जस्तो अन्तर्राष्ट्रिय प्रचलनमा आइसकेको संवत् विक्रम संवत् होइन । भारतमा समेत यो व्यापक प्रचलनमा छैन । तसर्थ देशभित्र नेपाल संवत् र अन्तर्राष्ट्रिय व्यवहारमा इस्वी संवत् चलाउनु उपयुक्त हुनेछ ।

नेपाल संवत् प्रारम्भ हुने दिन 'म्हपुजा' (आत्मपुजा) गर्ने प्रचलन पुरानो परम्परागत चलन हो । मानदेव संवत् र नेपाल संवत् पनि म्हपुजा गर्ने दिन अर्थात चन्द्रमासको तिथि अनुसार कात्तिक शुक्ल पक्ष प्रतिपदा तिथिको दिन नयाँ सूर्य उदाएको हेरेर मनाउने परम्परा छ । म्हपुजा अर्थात आफ्नो शरीरलाई आफै मण्डप बनाएर दीप प्रज्ज्वलित गरी पुजा गर्ने स्वपुजाको प्रचलनबाट आत्मसम्मान र स्वाभिमानको भावना जगाउँछ । सबै जनतालाई ऋण मोचन गरेर मात्र नयाँ संवत् चलाउने परम्परा अनुसार ११ सय वर्ष भन्दा अगाडि देखि काठमाडौ उपयत्यकामा शंखधर साख्वाःको अगुवाईमा सम्भवतः दासप्रथा अन्त्य गरी आफ्नो शरीर अरुको अधीनबाट मुक्त भएको स्वतन्त्रताको दिनलाई आत्मपुजा गरेर मनाउने गरेको हुनसक्छ । शंखधर साख्वाःलाई राष्ट्रिय विभूति घोषणा गरिसकेपछि नेपाल संवत् उपत्यकाबारे अध्ययन अनुसन्धान व्यवस्थित रुपमा गराउने दायित्व स्वतः सरकारमाथि आएको छ । आत्मसम्मान र स्वाभिमानबिना राष्ट्रियता बलियो हुन सक्दैन । नेपाल संवत् र म्हपुजाको प्रचलनले आत्मसम्मान र स्वाभिमानको भावनालाई जगाउने र निरन्तरता प्रदान गर्दै आइरहेको छ । विदेशी साँस्कृतिक अतिक्रमणको विरुद्ध नेपालको साँस्कृतिक राष्ट्रवादलाई दिइने नेपालको नाम नेपालीत्वको भावना चम्काउने संवत् र संस्कृतिलाई जोगाउनु पर्छ ।

संवत् सम्बन्धी राष्ट्रिय नीति आउनु जरुरी छ

❑ पद्मरत्न तुलाधर

नेपाल संवत्लाई राष्ट्रिय संवत्को मान्यता सरकारबाट दिइनुपर्छ भन्ने मागका साथ नेपालमा एउटा आन्दोलन पनि चालु रहेको छ । खास गरी काठमाडौंमा नेपालभाषा मंकाः खलः र विभिन्न खलः पुचःहरुले यसलाई एउटा राष्ट्रिय संवत्को रुपमा मानी उल्लासमय पर्वको रुपमा मनाउँदै आएको सर्वविदित नै छ । यो आन्दोलन व्यापक पनि हुँदै गरइरहेको छ ।

नववर्षको उपलक्ष्यमा 'भिंतुना' भनेर नेपाली जनताको हित होस् भन्ने अथवा मानव मात्रको कल्याण होस् भनी शुभकामना व्यक्त गर्ने परम्परा स्थापित भएको छ भने अर्कोतिर नेपालको आफ्नै राष्ट्रिय संवत् नेपाल देशप्रति समर्पित संवत् यो नेपाल संवत्लाई राष्ट्रिय मान्यता दिनुपर्छ भन्ने एउटा सशक्त आन्दोलन केही वर्ष अघिदेखि हुँदै आएको छ । तर दुर्भाग्यको कुरा, यो विषयलाई नेवार समुदाय बाहेक अन्य समुदायले त्यति ग्रहण गर्न सकेको देखिदैन । राजनीतिक पार्टीहरुले पनि यसबारेमा आफ्नो धारणा स्पष्ट गर्न सकेको छैनन् र अहिलेसम्मको कुनै सरकारले पनि यो संवत्कोबारे आफ्नो धारणा व्यक्त गरेको पाइएको छैन ।

हुनत् नेपालभाषा मंकाः खलःको आयोजनामा प्रत्येक वर्ष साँस्कृतिक च्याली आयोजना हुँदै आएको र यसलाई एउटा आन्दोलनको रुपमा विकास गर्न खोजिएको केही वर्षको दौरानमा केही पार्टीका नेताहरुले नेपाल संवत्को नववर्षको उपलक्ष्यमा शुभकामना व्यक्त गर्ने, प्रधानमन्त्रीका हैसियतले पनि नववर्षको शुभकामना सन्देश आउन थालेको

छ । यो स्वागतयोग्य र उत्साजनक कुरा हो । तर फेरि पनि दुर्भाग्यको कुरा के भएको छ भने नेपाल संवत्को बारेमा विभिन्न राष्ट्रिय राजनीतिक पार्टीहरुको धारणा के हो ? यसलाई सरकारी वा राष्ट्रिय मान्यता हुनुपर्छ कि पर्दैन ? यो राष्ट्रिय संवत् हो वा होइन ? यो नेपालमा उत्पन्न भएको र नेपालप्रति समर्पित हुनुको कारणले यसको ऐतिहासिक र साँस्कृतिक महत्व छ वा छैन ? आदि विषयमा आजसम्म कुनैपनि जिम्मेवार राजनैतिक पार्टीले आफ्नो धारणा औपचारिक वा सार्वजनिक रुपमा व्यक्त गरेको छैन । त्यस्तै अहिलेसममको कुनै पनि सरकारले पनि नेपाल संवत्को बारेमा खासगरी राष्ट्रिय मान्यता हुनुपर्ने वा नपर्ने, यो राष्ट्रिय संवत् हो वा होइन, यसको ऐतिहासिक महत्व के हो ?आदि बारे कुनै विचार राखेर आफ्नो नीति बनाएको छैन ।

यसरी एकातिर यो नयाँवर्षको उपलक्ष्यमा शुभकामना व्यक्त गरेर राजनैतिक पार्टीहरुले यो संवत्लाई मान्यता दिएको पनि पाइन्छ । अथवा प्रधानमन्त्री वा सरकार प्रमखुको हैसियतमा नेपाल संवत् नव वर्षको उपलक्ष्यमा शुभकामना व्यक्त गरेर सरकारले पनि यो संवत्लाई मान्यता दिएको पाइन्छ । तर राष्ट्रिय मान्यता दिनुपर्छ वा पर्दैन भन्ने कुरामा वा यो संवत्को राष्ट्रिय महत्वको विषयमा सरकारको के धारणा छ भन्ने कुरा अहिलेसम्म आएको छैन । कसै कसैले नेपाल संवत्को उपलक्ष्यमा शुभकामना व्यक्त गर्दा पनि यो नेवार समुदायको मात्रै संवत् हो भन्ने जस्तो धारणा लिएको पनि पाइएको छ । तर वास्तविकता के हो भने लिच्छवीकालको उत्तरार्द्धमा स्थापना भएको यो संवत् मल्लकालभरि नै राष्ट्रिय संवत् अथवा सरकारी कामकाजको समेत संवत्को रुपमा अथवा अन्तर्राष्ट्रिय सम्बन्धमा समेत प्रयोग भएको थियो । त्यसैगरी शाहकालको केही समयपश्चात् पनि यो संवत् सरकारी मान्यतासहित प्रयोग भएको पनि पाइएको छ । तर त्यसपश्चात् राणाकालमा खासगरी चन्द्रशम्शेरको पालादेखि एउटा विदेशी संवत् (विक्रम संवत्)लाई नेपालको राष्ट्रिय वा सरकारले प्रयोग गर्ने संवत्को रुपमा ग्रहण गरेपछि विक्रम संवत् राष्ट्रिय स्तरमा सरकारी कामकाजमा प्रयोग हुन गएको हो । यसरी नेपाल संवत्लाई ग्रहण नगर्ने सरकारी नीतिका बावजूद पनि आजसम्म यो संवत् प्रचलित हुँदै आइरहेको छ र यो संवत् नेवार समुदायमा बढी प्रचलित भएको पनि तथ्य हो । तर त्यसको एउटा कारण के स्पष्ट छ भन्दा नेपाल संवत्को नववर्षको दिन नेवारहरुको एउटा ठूलो साँस्कृतिक पर्व म्हपुजा हुनु पनि हो । यसै कारण नेवारहरुले म्हपुजाका साथमा नववर्ष र नववर्षका साथमा म्हपुजा मनाउँदै आएका छन् । यसरी नेवार समुदायमा यो संवत् अद्यापि कायम हुँदै आएको देखिन्छ । त्यस्तै अहिलेसम्म जनस्तरबाट यो संवत् प्रचलन हुनुको अर्को कारण नेपालमा ज्योतिषीहरुले पंचाङ्ग (पात्रो) प्रकाशित गर्दा राणाकालदेखि अहिलेसम्म पनि नेपाल संवत्लाई उल्लेख गर्दै आएका छन् ।

यसरी एकातिर नेपाल संवत् नेपालको राष्ट्रिय संवत् भएको कारणले यसलाई सरकारबाट मान्यता दिनुपर्ने भनी आन्दोलन चालु छ भने अर्कोतिर मुलुकका कुनैपनि

राजनीतिक पार्टीले संवत् सम्बन्धमा आफ्ना धारणा नबनाइसकेको अवस्थामा मुलुकले संवत् सम्बन्धमा कस्तो राष्ट्रिय नीति अवलम्बन गर्ने भनी एउटा राष्ट्रिय नीति बनाउन आवश्यक भइसकेको छ। विभिन्न मुलुकुहरुमा आ-आफ्नो संवत्हरु छन्। उनीहरुले आफ्नो राष्ट्रिय संवत्हरुलाई उल्लासपूर्ण ढंगबाट मनाउँदै आएकाछन् भने अन्तर्राष्ट्रिय रुपमा प्रचलनमा आइरहेको इस्वी संवत्लाई पनि प्रयोग गरिरहेका छन्। मित्रराष्ट्र भारतमै पनि शक संवत्लाई राष्ट्रिय संवत्का रुपमा र इस्वी संवत्लाई दैनिक कामकाजको संवत्को रुपमा प्रयोग गरिरहेको छ। यसले गर्दा अन्तर्राष्ट्रिय रुपमै सजिलो भएको छ। यस प्रकारको अन्तर्राष्ट्रिय नीति जस्तै आइसकेको छ, तर हामीकहाँ यस बारेमा गम्भीरताका साथ सोचिएको पाइएको छैन। त्यस कारण हामीले पनि अरु मुलुकले सरह अन्तर्राष्ट्रिय सम्बन्धको विस्तार भैरहेको कारण सरकारी स्तरमा इस्वी संवत् चलाउनु पऱ्यो। त्यो किन आवश्यक पऱ्यो भने, हामीले विभिन्न समयमा विभिन्न विद्वानहरुको गुनासो के सुन्न परिरहेको छ भने कुनै ऐतिहासिक दस्तावेज नेपाल संवत्मा लेखिएको छ भने त्यसलार्य विक्रम संवत्मा वा इश्वी संवत्मा कन्भर्ट गर्नुपर्ने समस्या रहेको छ। विक्रम संवत्को मिति लेखेर हामीले अन्तर्राष्ट्रिय क्षेत्रमा कुनैपनि लेख रचना वा त्यस्ता सामाग्रीहरु प्रकाशन गर्न सक्दैनौ। अन्तर्राष्ट्रिय क्षेत्रमा जान हामीले इस्वी संवत्कै माध्यमबाट जानुपर्छ। त्यसरी कन्भर्ट गर्नुपर्ने समस्या पनि ठूलो समस्या हो। धेरै वर्ष अगाडिको पञ्चांग, सबैले संकलन गरेर राख्न सक्दैन। यसैगरी हाम्रै इतिहास हेर्दा पनि कि नेपाल संवत् भेटाउँछौं कि विक्रम संवत् मात्रै। तर हामीले अहिले विक्रम संवत्लाई नै के राष्ट्रिय संवत्को रुपमा मान्यता दिइरहेको छौ त भनी हेर्दा त्यसको पछाडि कुनै खासै तर्क भेटिदैन। त्यसो भैरहेको राष्ट्रको पक्षमा पनि छैन। किन कि विक्रम संवत् भनेको हाम्रो संवत् नै होइन, त्यो विदेशी संवत् हो। भारतमा उत्पन्न भएको संवत् हो। हाम्रो नेपाल स्वाधीन राष्ट्र हो। हामी यसैमा गर्व गर्छौं। तर जब हामी संवत्को कुरा गर्दछौ? हामीले आफ्नो राष्ट्रिय संवत् छँदाछँदै एउटा विदेशी संवत् चलाइरहेका छौं। यसरी हामीले कसरी हाम्रो आफ्नो संवत् भनी गर्व गर्न सक्छौं ? त्यसकारण यो विक्रम संवत्को उपादेयता कुनै पनि अवस्थामा छैन।

यसैगरी विद्वानहरुका अनुसार संवत्मध्ये सबैभन्दा अवैज्ञानिक संवत् विक्रम संवत् हो। विक्रम संवत्को तिथिमितिको आधारमा हामीले कुनै पनि तथ्य र तथ्यांक व्यवस्थित र वैज्ञानिक रुपमा राख्न सक्दैनौं। कुन महिनामा वा कुन वर्षमा २८ दिन हुने वा ३२ दिन हुने भन्ने कुरा धेरैलाई थाहा छैन। त्यसैगरी हामीले आफ्ना राष्ट्रिय चाड पर्वहरु पनि विक्रम संवत्को आधारमा मानिरहेका छैनौं। दशैं पर्व पनि नेपाल संवत्को आधारमा मनाइरहेका छौं र त्यो असोज महिनामै पर्छ वा पर्दैन भनी भन्न सकिँदैन। त्यसैले विक्रम संवत् वैज्ञानिक पनि होइन र हाम्रो राष्ट्रिय संस्कृतिसँग मिलेको पनि छैन।

यति हुँदाहुँदै पनि विक्रम संवत्लाई नै हामीले किन आजसम्म मनाइरहेका छौं त ? चन्द्र शम्शेरको अहिलेसमम मनाउनु नै पर्छ भन्ने के छ ? सबैभन्दा ठूलो कुरा त कुनै पनि राष्ट्र यदि स्वाधीन र स्वतन्त्र छ भने त्यसले राष्ट्रियता, राष्ट्रिय पहिचान र राष्ट्रिय सम्पदा एवं राष्ट्रिय निधिलाई अपनाउनु पर्छ । संवत्को मामिलामा राष्ट्रिय निधिको रुपमा नेपाल संवत्लाई ग्रहण गर्नु भनेको ठूलो विडम्बनाको कुरा हो । त्यसकारण यतातिर अब राजनैतिक पार्टीहरुको ध्यान जानु पर्दछ । सरकारको ध्यान जानु पर्दछ । नेपाल संवत्कै बारेमा पनि आवश्यक अध्ययन अनुसन्धान हुनुपर्दछ ।

त्यसकारण ईस्वी संवत्लाई अन्तर्राष्ट्रिय संवत्का रुपमा हामीले पनि प्रचलनमा ल्याउन सके हाम्रो अन्तर्राष्ट्रिय सम्बन्धमा पनि सजिलो हुने हुनाले यसतर्फ विचार पुऱ्याउनु जरुरी देखिन्छ । यस सम्बन्धमा सीघ्र एउटा राष्ट्रिय नीति ल्याउनु पर्छ । त्यसको लागि राजनैतिक क्षेत्रमा जस्तै राष्ट्रिय सहमति साँस्कृतिक क्षेत्रमा पनि गरिनुपर्छ ।

अर्को कुरा, विक्रम संवत्लाई हामी यथावत राख्छौ कि राख्दैनौं ? यो पनि अब चर्चाको विषय हुनुपर्छ । ईस्वी संवत्लाई हामीले ग्रहण गरिसकेपछि विक्रम संवत्को आवश्यकता पर्दैन, यो स्वाभाविक कुरा हो । हालसम्म विक्रम संवत्लाई हामीले जसरी संरक्षण दिइरहेका छौं, त्यो राष्ट्रको उत्कर्षमा छैन । यो राष्ट्रिय गर्वको कुरा होइन, यो त विदेशबाट आएको संवत् हो । यसतर्फ पनि छलफल चलाउन सक्छौं । बरु अहिलेसम्म जति वर्ष विक्रम संवत् चलिरहेको छ, त्यसबाट जति दस्तावेजहरु तयार भए, त्यसलाई ऐतिहासिक दस्तावेजका रुपमा राख्न सक्छौं ।

यी कुराहरुतर्फ ध्यान दिइ छिट्टै संवत् सम्बन्धी एउटा राष्ट्रिय नीति ल्याउनु जरुरी देखिन्छ ।

नेपाल संवत्को यो पक्ष पनि

❑ मल्ल के. सुन्दर

नेपाल संवत् आजभन्दा १११५ वर्ष अगादि अर्थात् ईस्वी संवत् ८७९ अक्टोबर २० तारिख वृहस्पतिबारका दिन नेपाली भूमिमा स्थापित संवत् हो । यद्यपि नेपालमा विभिन्न समय र स्थितिमा प्रयोगमा ल्याइएका थरि-थरिका संवत्हरूको अस्तित्व नपाइने होइनन्, तर पनि यता केही वर्षदेखि नेपाली समाजमा नेपाल संवत् चर्चाको विषय हुँदै आइरहेको छ । समाजमा देखिएका यस किसिमका चर्चाहरूमा कतिपय नेपाल संवत्बारे सकारात्मक पक्ष छन् भने केही नकारात्मक खालका पनि छन् ।

नेपाल संवत मूलतः चन्द्रमानमा आधारित र कात्तिकादि भएकोले यसको संवत्सर हुने बेला अहिले नजिक आउँदै गरेकोले पनि यसबारे चर्चा विशेषतः यतातिर बढी हुने गर्दछ ।

नेपालमा हालसम्म भेटिएका प्राचीन ऐतिहासिक लिखतहरूमा सबभन्दा पुरानो र विश्वसनीय मानिएको 'गोपालराज वंशावली' मा नेपाल संवत्बारे केही उल्लेख गरिएको हामी पाउँदैनौं । तर, त्यतिकै विश्वसनीय मानिएको अर्को ऐतिहासिक लिखत 'केशर वंशावली'मा भने स्पष्ट रूपमा यस संवत् संवत्सर भएको विवरणलाई *'पशुपति भट्टारक संवत्सरः कृता ॥'* भनेर विशेष महत्व दिएर उल्लेख गरेको छ । साथै यस विवरणको ठीक अगाडि *'राजा राघवदेव वर्ष ६३ मास ६ ।'* पनि उल्लेख गरिएकोले यो संवत्को प्रचलन ठकुरीवंश राजा राघवदेवको शासनकालमा भएको हो भन्ने कुरा ऐतिहासिक रूपमा पुष्टि गर्दछ । यद्यपि कतिपय इतिहासकारहरूले यिनै विवरणलाई आधार बनाएर

यो संवत्को संस्थापक राजा राघवदेव नै हुन् भनेर तर्क पनि गर्ने गर्दछन् । त्यसैले इतिहासकारहरू के प्रतितर्क प्रस्तुत गर्दछन् भने यदि यो संवत् यथार्थ रूपमै कुनै राजा महाराजाबाट स्थापित भएको भए त्यो बेलाको सामन्ती सर्वसत्तावादी वातावरणमा सम्बन्धित शासकले यस्तो उल्लेखनीय कार्य गरेबापत् किन कुनै शिलापत्र, ताम्रपत्र उत्किर्ण गराइएन ? कुनै भोजपत्र वा ऐतिहासिक लिखतमा यसको विवरण उल्लेख गराउने काम गराइएन ? सानोभन्दा सानो काम कुरामा पनि अतिरंजित रूपमा आफ्नो प्रसस्ति लेखाउने त्यसबेलाको राजकीय परम्परा यस महत्वपूर्ण घटनाका सम्बन्धमा मात्र किन अनुशरण गरिएन ? यसकारण कि नेपाल संवत्का संस्थापक कुनै राजा महाराजा थिएनन् बरू एक साधारण नेपाली जनता थिए । 'राजभोगमाला वंशावली'को विवरणले यो यथार्थलाई स्पष्ट पारिदिएको छ । उक्त वंशावलीले दिएको लामो विवरणमा यो संवत्को संस्थापकको रुपमा काठमाडौंका तत्कालीन एक साधारण नागरिक शंखधर साख्वालको नाम उल्लेख गरेको छ । र, साथै किम्बदन्ती समेतलाई आधार बनाई नेपाल संवत् संस्थापन भएको रमाइलो प्रसङ्ग पनि उठाइएको हामी पाउँछौं । उक्त वंशावलीले चर्चा गरेको सामाजिक किम्बदन्तीमा शंखधर नामक काठमाडौंको एक साधारण व्यापारीले कुनै एक सुवर्ण मुहूर्तमा लखुतीर्थ भन्ने काठमाडौंकै एक पवित्र तीर्थस्थलबाट संकलन गरी ल्याएको बालुवा सुनमा परिवर्तन भई आफू धनाढ्य बन्न पुगेपछि उनमा लोककल्याणको भावना जागृत भई तत्कालीन सामन्ती समाजको आर्थिक शोषणको जालमा जकडिएर बसेका शोषित पीडित आमजनताको सम्पूर्ण ऋण चुक्ता गरेर उनीहरूलाई ऋणबाट विमोचन गरिएको एक ऐतिहासिक कदमको सुरुवातको रूपमा यस नेपाल संवत् त्यस दिनदेखि नेपाली भूमिमा प्रचलनमा आएको हो । वर्तमान वैज्ञानिक युगमा यसरी बालुवा सुनमा परिवर्तन भएको अलौकिक घटनालाई सत्य भनेर पत्याउने आधार हामी पाउँदैनौं । त्यसैले यसलाई हामी किम्बदन्ती अवशेष भन्दा बढी मान्न सक्दैनौं । तर, नेपाल संवत् एक ऐतिहासिक घटना नै भएको र त्यसको प्रचलन जनजीवनमा हालसम्म पनि रहेकोले यस संवत् संस्थापनका सम्पूर्ण घटना नै मात्र किम्बदन्ती र काल्पनिक भनेर लत्याउन सक्दैनौ । वंशावलीले चर्चा गरेका नेपाल संवत्का प्रवर्तक शंखधरको शिलामूर्ति अद्यनपि पशुपतिनाथको मन्दिरको दक्षिण उन्मत्त भैरवको बाहिर सुरक्षित रहेकोले पनि शंखधर कुनै काल्पनिक पात्र नभई ऐतिहासिक पुरूष नै थिए भन्ने कुरा सजिलै अनुमान लगाउन सकिन्छ । यस अतिरिक्त काठमाडौं कंकेश्वरी नजिक निर्मित विशाल बौद्ध चैत्य पनि शंखधरद्वारा बनाउन लगाइएको थियो भन्ने जनश्रुति पाइन्छ । यी यस्ता आधार हुन् जसले शंखधरको ऐतिहासिक अस्तित्वको सजिलोसँग बोध गराउँदछन् ।

प्राचीन र मध्यकालीन नेपालको प्रचलन अनुसार सामान्यतया: कुनै संवत् विशेषको उल्लेख गर्दा संवत्को प्रकृतिको परिचय दिने खालका विशेषण समेत जोड्ने गरिन्छ । यदि कुनै संवत् राजा महाराजाबाट सुरु गर्न लगाइएको भएमा त्यस्ता संवत्को

अगाडि राजवर्ष को विशेषणबाट सम्बोधन गरिन्छ । यसको एक राम्रो उदाहरणको लागि हामी ललितपुरको सुन्धारामा राजा धर्म मल्लद्वारा ने.सं. ५२४ मा राखिएको एक शिलालेखलाई उल्लेख गर्न सक्छौं । संयोगको कुरा हो त्यस शिलापत्रमा नेपालमा प्रचलित सबै संवत्लाई प्रयोग गरिएको पनि छ । त्यस शिलापत्रमा विभिन्न संवत्को प्रयोग निम्नानुसार गरिएको छ-

श्री कलिगत संवत् ४५०५
श्री विक्रमराज संवत् १४६७
श्री शकराज संवत् १३२६
श्रीमन्त नेपालिक संवत् ५२४

विभिन्न संवत्को यहाँ जुन रूपमा प्रयोग गरिएको छ र खास गरेर नेपाल संवत्को हकमा उल्लेखित विशेषणअनुसार यो संवत् कुनै राजकीय वा राजा महाराजाले प्रचलनमा ल्याएको संवत् रहेनछ भन्ने कुरा राम्ररी स्पष्ट गर्दछ । अन्यथा राजा महाराजाहरूबाट संस्थापित विक्रम वा शक संवत्को अगाडि जसरी राज संवत्को विशेषण राखिएको छ त्यसरी नै नेपाल संवत्को हकमा पनि प्रयोग गरिनुपर्ने थियो तर त्यसो गरिएन । कारण यो संवत् कुनै राजा, विशेषबाट संस्थापित होइन । यो कुराले नेपाल संवत् तत्कालीन राजा राघवदेवले सुरु गरेको हो भन्ने तर्कलाई पनि अर्को रूपमा नकार्छ । यसको साथै यहाँ यो संवत्को हकमा श्रीमन्त नेपालिक भन्ने संज्ञा समेत प्रयोग गरिएकोले के कुरा पनि पुष्टि गर्दछ भने यो संवत् जनस्तरबाट सुरु गरिएको हो र नेपाल राष्ट्रकै नाममा समर्पित छ ।

यस सम्बन्धमा हामीले बुझ्न सक्ने कुरा के छ भने तत्कालीन सामन्ती निरंकुशता र जनताप्रतिको उदासिनताका कारण त्यसबेला यदि जनस्तरबाट यस्ता अति महत्वपूर्ण कुनै योगदान भइहाले पनि त्यसबाट जनता उत्साहित भएर कतै सत्ताको नियन्त्रणभन्दा बाहिर भड्किने पो हो कि भनेर जनतामा व्यापक प्रभाव पार्ने खालका कुनै काम कारवाही नै गर्न छुट पाउँदैन, कथंकदाचित यदि कसैले साहसपूर्वक यस्तो काम गरिहाले पनि त्यसको श्रेय जनतामा जाला भनेर इतिहासको कुनै लिखतमा कहिल्यै उल्लेख गरिँदैन । सम्भवतः जनताका छोरा शंखधरले जनतालाई ऋणमोचन गरेर संवत्सर गर्ने जस्ता अति प्रशंसनीय काम गर्दा पनि नेपालका तत्कालीन शासकहरूले उनको नाउँ कतै पनि उल्लेख हुन दिएनन् होला । त्यसै कारण आज नेपाल संवत्का प्रवर्तक शंखधर इतिहासको पृष्ठमा यसरी ओझेलमा परेका हुन् ।

यस सन्दर्भमा एकथरिले तात्कालीन घटनाक्रमको विश्लेषण गर्दै के पनि तर्क गर्छन् भने नेपाल संवत्को प्रादुर्भावको पछाडि सम्भवतः त्यसबेला नेपालमा भएको सत्तासंघर्ष वा राजनीतिक उथलपुथलका अन्तरकथा पनि लुकेको छ । यस पक्षका मानिसहरू के भन्दछन् भने जुनबेला नेपाल संवत् सुरु भयो त्यसको ठीक केही वर्ष

अगाडिको नेपालको आन्तरिक स्थिति निकै अस्थिर र आन्तरिक सत्तासंघर्षको समय थियो । अंशुवर्मा जस्तो शक्तिशाली राजाको अवसानपछि नेपालमा संयुक्त शासन देखापरे । धुवदेव-जिष्णुगुप्त, भीमार्जुन-जिष्णु गुप्त, भीमार्जुन+विष्णु गुप्त आदि त्यस्ता शासकहरू थिए । राजा नरेन्द्रदेवलाई त्यस्ता शक्तिहरूले चीनतिर २० वर्षसम्म निर्वासित हुन समेत बाध्य गराए । त्यसो त चीनको सहयोगमा नरेन्द्रदेव आफ्नो गुमेको राज्यलाई पुनः फिर्ता पाउन सफल भए । तर नरेन्द्रदेवको अन्त्यपछि अर्थात् जयदेवको शासन सकिंदा नसकिदै नेपालको सत्ता राजनीति एक अन्धकार युगमा प्रवेश गऱ्यो । त्यसताका नेपालमा के-कति घटना घटे केही खोजखबर छैन । अनुमान के गर्न सकिन्छ भने सम्भवतः यो समय सत्तासंघर्षको चरम अवस्था थियो । शायद यसै कारण यी घटनाहरूको लगत्तैपछि नेपालमा शक्तिशाली मानिने लिच्छविहरूको युगको अन्त्य भयो । अनि ठकुरी वंशको अभ्युदय भयो । सत्ताशक्तिमा ठकुरी वंशको पहिलो राजाको रूपमा राजा राघवदेव देखापरे । संयोगको कुरा एकातिर नेपालको इतिहासमा यसरी एउटा वंश विशेष सत्ताको परिदृश्यबाट लोप भए, ठीक त्यैसबेला नेपालमा प्रचलित लिच्छवी संवत्को प्रयोग पनि रोकियो, अनि नेपाल संवत्को स्थापना पनि यसैबेला भयो ।

यसरी एक वंशको हातमा सुरक्षित रहँदै आएको सत्ता अप्रत्याशित रूपमा वा शान्तिपूर्वक नै हस्तान्तरण भए होला भनेर न त कल्पना गर्न सकिन्छ, न त विश्वास नै गर्ने कुनै आधार छ । बरू इतिहासका यी सम्पूर्ण घटनाक्रमको विश्लेषणमा मानिसहरूको तर्क के छ भने कहीं नेपाल संवत्को सुरुवात तत्कालीन नेपालमा सत्ताको विरूद्ध जनस्तरबाट गरिएको विद्रोहसँग त सम्बन्ध छैन ? कहीं नेपाल संवत् तत्कालीन सत्ताविरूद्ध गरिएको संघर्षको सफलताको प्रतीक त थिएन ? साथै नेपाल संवत्का प्रवर्तक शंखधर पनि कतै तत्कालीन जनसेना त थिएनन् ? शायद यसै कारण सामन्तहरूले इतिहासमा उनको नाम कतै उल्लेखसम्म पनि गरेनन् । कहीं यस्तै विद्रोहका कारण लिच्छवी शासनसत्ताको अन्त्य भएको हो कि ? जेहोस् यी सब अनुसन्धान र अध्ययनबाट निक्र्योल गर्न बाँकी कुरा हुन् । तर जब हामी नेपाल संवत्को चर्चा गर्छौं, नेपालको राष्ट्रिय परिप्रेक्ष्यमा यो नै एउटा यस्तो संवत् हो जुन संवत् स्थापनाकालदेखि आजसम्म निरन्तर रूपमा जनताले प्रयोगमा ल्याइरहेको छ । यो नै यस्तो संवत् हो जुन संवत् कुनै धर्म, वर्ग, जात वा व्यक्तिविशेषको नामबाट नभई नेपाल राष्ट्रकै नाउँबाट प्रचलनमा ल्याइएको छ । राष्ट्रको आफ्नै विशेषता र मौलिक चरित्र संगालिएका नेपाल संवत् जस्ता सांस्कृतिक सम्पदाको सम्बर्द्धन र संरक्षणमा वास्तवमा राज्यस्तरले नै चासो देखाउनु आजको आवश्यकता हो ।

नेपाल संवत् महिनाको नाम

❑ काशीनाथ तमोट

नेपाल देशको नामबाट प्रचलित नेपाल संवत्को आफ्नै महिनाको नाम पनि छ। ती नाम कसरी रहन गयो होला भन्ने छोटकरीमा चर्चा गर्दा शक संवत्, विक्रम संवत्का वा अन्य संस्कृत परम्पराबाट विकसित महिनाको नाम चन्द्रमाले पृथ्वीलाई परिक्रमा गर्ने क्रममा त्यसको बाटोमा देखिने, सौर जगत्भन्दा भिन्न ताराहरूको समूह (नक्षत्र)को नामबाट रहेको छ। ती नक्षत्र सत्ताइस भएकोमा बाह्र नक्षत्रका नामबाट संस्कृत परम्पराका महिनाका नाम रहेका हुन्। तिनको सम्बन्ध निम्नानुसार छन् :

नेपाल नाम	संस्कृत नाम	सम्बद्ध नक्षत्र
वैसाक	बैशाख	विशाखा
जेठ	ज्येष्ठ	ज्येष्ठा
असार	आषाढ	आषाढा (पूर्वा/उत्तरा)
साउन	श्रावण	श्रवण
भदौ	भाद्र (पद)	भाद्रपद (पूर्व/उत्तर)
असोज	आश्विन/अश्वयुज्	अश्विनी
कात्तिक	कार्तिक	कृतिका
मंसीर	मार्ग (शीर्ष)	मृगशिरा
पुस	पौष	पुष्य
माघ	माघ	माघा

फागुन	फाल्गुन	फाल्गुनी (पूर्वा/उत्तरा)
चैत	चैत्र	चित्रा

यीमध्ये तीनवटा नामबाट नेपाल संवत् महिनाको नाम पनि विकसित भएको छ - पौषबाट पोहेला, चैत्रबाट चिल्ला र कार्तिकबाट कौला । यसमा पोहेला पुस महिनामै पर्ने तर चिल्ला फागुनमा र कौला असोज महिनामा पर्छ । यो एक महिना अघिल्लो महिनाको नाम रहनुको रहस्य खोज्न बाँकी छ र यसले पुरानो चलन बाँकी रहेको संकेत गर्दछ । फेरि नेपाल संवत् चन्द्रमान अनुसार विक्रम संवत्को सौरमान महिनाभन्दा एक महिना अघि चल्ने गरेकै छ । यहाँ स्मरणीय छ, रोमन (अंग्रेजी) महिनाको सेप्टेम्बर, अक्टोबर, नोभेम्बर, डिसेम्बर अर्थात् सातों, आठौं, नवौं र दसौं अहिले ९, १०, ११, १२ औं महिनाको नाम हुन गएको छ । ती नाम रहँदा वर्षको १० महिना मानिन्थ्यो ।

अब नेपाल संवत् महिनाको नाम शब्द वर्तमान स्वरूपमा कसरी विकास भयो भन्ने जान्नु उपयुक्त होला । ती निम्नानुसार विकास भए -

वर्तमान	**उत्तरप्राचीन**	**पूर्वप्राचीन**	**मूल शब्द**
(ने.सं. १११८)	*(ने.सं. ८३१)*	*(ने.सं. ५०१-६)*	
१. कछला		कोयला	कोय
२. थिंला		थिंसला	थिंस
३. पोहेला		पोसला	पौष
४. सिला		सेला	से
५. चिल्ला		चेतला	चैत्र
६. चौला	चगुला	चंगुनिला	चंगुणि
७. बछला	बछोला	बोछोतला	बें छोत
८. तछला	तछोला	तब छोतला	तब-छोत
९. दिल्ला		दितला	दिन
१०. गुंला	गुनला	गुंजिला	गुणि
११. यंला		एन्दला	इन्द्र
१२. कौला		कतिला	कार्तिक

अब हामी मूल शब्दको अर्थ पत्ता लगाउनतिर लागौं । प्रा. सीग्फीड लीनहार्ड र ठाकुरलाल मानन्धरले बर्लिनको स्टेट लाइब्रेरीमा रहेको अभिलेख ग्रन्थको पुस्तक 'नेपालिज म्यानुस्क्रिप्ट' (स्टटमार्ट, १९८८) निकाल्दा त्यसको भूमिकामा नेपाल संवत्को महिनाको नामको अर्थ लगाउने प्रयास गरेका छन् । त्यहाँ उहाँहरूले 'कोय'को अर्थ लगाएका छैनन् । यसको अर्थ स्पष्ट पनि छैन । यो वर्तमान क्वय् (तल) अर्थात् तल्लो वा सुरुको महिना भनिएको हो कि ? लीनहार्ड मानन्धरले थिंलाको अर्थ 'तेजसित चम्केको (चन्द्रमा) महिना' भन्ने ठान्नुभएको छ। उहाँहरूले यो 'थिये' (चम्किनु) क्रियाबाट बिकसित

ठानेका छन् । मूल शब्द 'थिस' हुनाले यो भोटवर्मेली भाषाको कुनै शब्द हो भन्ने आभाष हुन्छ । यसको सम्बन्ध भोटबर्मेली भाषा कचिनको मदि 'चिस्यान', कनोरीको थिस 'पानी' (बेनेडिक्ट १९७२) तथा तामाङ भाषाको सिवा 'ठण्डा' (योञ्जन २०५४ २०५४ तामाङ शब्दकोष)सँग सम्बन्धित हुनसक्छ । त्यसो भयो भने यो 'थिंस'को अर्थ 'चिसिने ठिहिय्राउने जाडो सुरु हुने' अर्थ हुनसक्छ । पोहेलाको पौष, चिल्लाको चैत्र र कौलाको कार्तिक नक्षत्रसँग सम्बन्धित भएको कुरा त माथि बताइसकिएको छ ।

माघलाई बुझाउने 'से'लाई अचेल चिल्ला, दिल्ला जस्तै सिल्ला भन्ने पनि ठानिएका छन् र यसको पूर्वरुप शिवला हो भन्ने पनि गरिएका छन् । लीनहार्ड मानन्धरले नै सिल्ला ठानी यसको अर्थ 'शिवको महिना' अर्थ्याएका छन् । शिवरात्री शब्द विकसित भएर नेपालभाषामा त्यो सिल्ला (चःह्रे) भएकोले पनि सो भ्रम फैलिएको हो । फेरि माघमा शिवको महिमा पनि गाइन्छ । तर पुरानो अभिलेखमा शिवला पाइएको छैन, केवल सेला पाइएको छ । पुरानो नेपालभाषामा 'से' छ्यालालाई मानिन्थ्यो । त्यो नेपालभाषाको से-सेव र तामाङ भाषाको डी दुवैको अर्थ एकै 'छ्याला' मिली सेवडी । छेवडी हुँदै अचेल 'छचंगू' भएको छ । जाडो हुँदा 'सिउसिउ' काम्ने गरेको यही छ्याला चाउरियो भनिएको हो ।

चैत्रलाई भनिने 'चगुणि'को अर्थ थाहा पाइएको छैन । यो गुणिलाको गुणिसँग सम्बन्धित छ कि ? गुणिको अर्थ गुणवान् हुनसक्छ, त्यसो हो भने चगुणि थोरै गुणवान भनेको हो ? लीनहार्डहरूले भने अचेको चौ रूपलाई आधार मानी सो संस्कृत चारूबाट विकसित ठानी चौलालाई 'रमाइलो (चारू) महिना' भन्ने ठानेका छन् । चारू चंगुणिसित सम्बद्ध हुनसक्दैन । उहाँहरूले बछलालाई 'आधा मर्मी महिना' र तछलालाई 'धेरै गर्मी महिना' अर्थ्याएका छन् । बछलाको प्राचीनतम रूप बो-छत-ला हो । ने.सं. ५०१ को अमरकोशमा यसको 'बुछ्वुतला' र 'ब्वछुतला' रूप पनि आएको छ । त्यसो हुँदा बों/ब्वं को विकास बुँबं (खेतभुँइ) रूपमा हुनसक्ने देखिन्छ । यसको विकास अचेल 'ब' भएकोले भ्रमवश त्यसको अर्थ 'आधा' (बछि) गरिएको देखिन्छ । 'छ्योत' नेपालभाषाको छ्वये (चोये) 'बल्नु, तातिनु जल्नु'को एक रूप हो । यसरी बछला- बोंछ्योतला 'भूमि तातिने महिना' हो भन्ने देखिन्छ । त्यसैगरी तछला-तवछ्योतला 'धेरै तातिने (गर्मी) महिना' हो ।

दिवलाको 'दित' के हो बुझिएको छैन । लीनहार्डले यसलाई 'ताप/गर्मी' अर्थ कसरी लगाए बुझिएन । यो नेपालभाषाको दिये 'रोकिनु'को एक रूप हो कि ? दिल्ला-दितलाले (गर्मी) रोकिने अर्थ पो बुझाउँछ कि ? गुंला-गुणिलाले 'गुणयुक्त महिना' बुझाउने कुरा लीनहार्डले लेखेका छन् । यो गुणसँग सम्बन्धित हो भने पनि गुण नभै गुणी हो अर्थात् गुणवाण हो । गुंला 'गुणवानको महिना' हो भने यो गुणीले के बुझाउँछ ? गुंला (साउन)मा गरिने सांस्कृतिक कामहरू विचार गर्दा यो भगवान् बुद्धको एक नाम पो हो कि जस्तो छ । यसपछिको यंला स्पष्टतः 'इन्द्रको महिना' हो । जुन महिनामा इन्द्रजात्रा गरिन्छ । यहाँ अंग्रेजी महिना लनवदी रोमन देवता जेनसको नामबाट, मार्च युद्ध देवता मार्टियसबाट, राजा

लुलियम सीजदको नामबाट जुलाई आदि नाम रहन गएको स्मरणीय छ ।

यसरी नेपाल संवत् महिनाको नाम तीन तरिकाले रहन गएको देखिन्छ । ती हुन्-

१. मौसम अनुसारको विशेषताबाट ।

जस्तो - थिंस (चिसिने), से (चाउरिने), बों/तव-छ्रोत (भूमि धेरै तातिने) आदि ।

२. नक्षत्र नामबाट विकसित संस्कृत परम्पराका महिनाबाट ।

जस्तो - पौस (पौष), चेत (चैत्र) र कति (कार्तिक)

३. सम्बद्ध महिनाको देवताको नामबाट ।

जस्तो गुणी (गुणी बुद्ध ?) र एन्द (इन्द्र)

अन्त्यमा नेपाल सवत् केही महिनाको नाम तामाङ ल्हो (वर्ष)को महिनाको रूपमा पनि अंगालिएको कुरा बताउनु चाखलाग्दो होला । उनीहरूले खेला (सेला-माघ), गोल्छे (गुंला-साउन) र यन्दे (यंला-भदौ) तीन महिनाको नाम ने.सं. महिनाबाट लिएका छन् । तामाङमा छ्यालालाई डी भनिन्छ, तर बूढोलाई खेप्पा (चाउरिएको) भनिन्छ । यी शब्द प्राचीन नेपालभाषाको सेवडी/छेवडी 'छ्याला'सँग सम्बन्धित देखिन्छ । पुरानो नेपालभाषाको सन्द(ता)लाई यन्दे गरिएको र त्यसैको मादृश्यमा गुणी(ला)लाई गोन्दे (गुन्दे) बनाइएको छ । नेपालभाषाको महिनाको नामबारे बुझ्न तामाङ भाषा सहायक हुने देखिन्छ । तामाङ ल्होका अन्य महिना (ला) पनि जानी राखौं-

नेपाल संवत्	तामाङ ल्हो	नेपाली
१. कछला	सोराति	कार्तिक
२. थिंला	बोइतापा	मंसिर
३. पोहेला	तापा	पुस
४. सिल्ला	खेला	माघ
५. चिल्ला	नावा	फागुन
६. चौला	नाम्दोइ	चैत
७. बछला	दुगु	वैशाख
८. तछला	ङवाफे	जेठ
९. दिल्ला	च्यालो	असार
१०. गुंला	गोन्दे	साउन
११. यंला	यन्दे	भदौ
१२. कौला	म्हेसिङ	असोज

(तामाङ (तीन महिने), बु.सं. २५३६ लाम्दोङला, पृ. ६)

नेपाली सांस्कृतिक परम्पराको पृष्ठभूमिमा नेपाल संवत्

❑ प्रा. डा. रत्नकमल वैद्य

हाम्रो आधारभूत विशेषता नै विषमता र विविधताबीच साझा समन्वयको संस्कृति रहिआएको पाइन्छ । यस देशमा अनेक सम्प्रदाय- वैष्णव, शाक्त, शैव, बौद्ध आदि एवं उनीहरूको विविध चिन्तन, मननबाट समन्वयमा अडेको एकात्मीय नेपाली संस्कृति र धर्मको संरचना भएको हो ।

प्राचीन नेपालमा मुख्य रुपमा दुई धर्महरू प्रचलित भएको देखिन्छ - हिन्दू धर्म र बौद्ध धर्म । नेपालमा विभिन्न समयमा भएका राजाहरूले बौद्ध धर्म ग्रहण गरी यसको प्रचारप्रसार भइसकेको थियो । छैठौं शताब्दीमा महायान र सातौं शताब्दीमा बज्रयान सम्प्रदाय मान्ने हजारौं भिक्षुहरू देखापरेको कुरा उस बेलाका चिनियाँ यात्री हुएन साङको नेपाल वर्णनबाट बोध हुनेछ । हिन्दू धर्म र बौद्ध धर्म मान्नेहरूका लागि प्राचीन नेपालमा काठमाडौं उपत्यकामा रहेका स्वयम्भूनाथ र पशुपतिनाथ प्रमुख धार्मिक स्थलका रुपमा विद्यमान छन् । त्यसैले विभिन्न थरीका बौद्ध विहार र देवदेवीका मन्दिरहरूमा ती दुवै धार्मिक सम्प्रदायका धर्मावलम्बीहरूले श्रद्धापूर्वक पूजा-अर्चना गरिआएका छन् ।

आजको विद्यमान प्रजातान्त्रिक प्रणालीको परिप्रेक्ष्यमा नेपाल र नेपाली सांस्कृतिक परम्पराबारे औंल्याई विवेचनात्मक विश्लेषण गरी जनमानसमा प्रस्तुतीकरण गर्नु नितान्त आवश्यक देखिन्छ । साँच्चै भनौं भने परम्परागत ऐतिहासिक पृष्ठभूमिबाट नै नेपालको मौलिक सांस्कृतिक मूल विशेषताहरू निर्धारण हुन्छन् । नेपालको सन्दर्भमा हाम्रो सांस्कृतिक परम्परा भन्नाले नेपाली परम्परागत चालचलन, प्रथा, प्रचलन भन्ने प्रष्ट रुपले अंकित

गर्न सकिन्छ। हाम्रो पहाडी, हिमाली, तराई एवं उपत्यकाका दैनिक जनजीवनमा भोग्दै र सिक्दै आएका सम्पूर्ण विषयवस्तुलाई हामीले हाम्रो सांस्कृतिक परम्परा मानेर आएको बेहोरा सर्वविदितै छ।

हरेक देशको आफ्नै किसिमको संस्कृति विद्यमान रहेको हुन्छ र प्रत्येक देशको संस्कृति अलग-अलग रहेको हुन्छ। यस सम्बन्धमा विभिन्न समाजशास्त्री, संस्कृतिविद्, पुरातत्वविद् र मानवशास्त्रीहरूको कथनानुसार नेपालमा रञ्जना लिपिमा लिपिबद्ध भएको एक अलग्गै विशेषताले विभूषित आफ्नै मौलिक रुपरेखा समेत अंकित भएको आफ्नै प्रकारको संवत् विद्यमान रहेको छ, जसको आफ्नै तिथिको आधारमा शुभसाइत घडीअनुसार हाम्रो जनजीवनको व्यावहारिक क्रियाकलाप प्रचलन भइरहेको सर्वविदितै छ, जसलाई हामी 'नेपाल संवत्' भनेर सम्बोधन गर्दै आइरहेका छौं। यस संवत् वर्षेनी 'कछलागा'को प्रतिपदाको दिनमा फेरिन्छ र यस दिनलाई पवित्र पर्वको रुपमा मानिआएको छ।

'नेपाल संवत्' नयाँ वर्षको पावन अवसरमा 'म्हपूजा' (शरीर पूजा) गरेर एकले अर्कोलाई पूजा गरी सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको लागि नयाँ वर्षको हार्दिक मंगलमय शुभकामना (न्हूदँया भिंतुना) व्यक्त गर्ने चलन प्रचलित छ। यसरी नेपालको सांस्कृतिक परम्पराको ऐतिहासिक पृष्ठभूमिमा नेपाल संवत्को महत्वपूर्ण भूमिका रहेको छ र यस संवत् पूर्व मेचीदेखि महाकालीका सम्पूर्ण बाहुन, क्षेत्री, लामा, गुरुङ, तामाङ, नेवार आदि विभिन्न जातजाति र अनेक भाषाभाषीहरूको पनि संवत् हो भनी मानिआएको देखिन्छ।

यस प्रकारको स्वच्छ, पवित्र पर्व मनाउने प्रक्रियाबाट नेपाल एवं नेपाली राष्ट्रियता जगेर्ना हुनुको साथै यसको गर्व एवं गरिमा अभिवृद्धि भई आम नेपालीहरुले हर्षोल्लास प्रकट गर्ने सुअवसर प्राप्त गर्दछन्। यसरी नेपालको सांस्कृतिक परम्परामा आधारित नेपाल संवत्को ऐतिहासिक मूल्य र मान्यताले विभूषित भएको कारणले श्री ५ को सरकारबाट नेपाल संवत्का प्रवर्तक शंखधर साख्वाःलाई राष्ट्रिय विभूतिको मान्यता प्रदान गरी जनताको आकांक्षा परपूर्ति गर्ने कार्य सुसम्पन्न भई एक-आपसमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने कार्य भएका छन्।

नेपाल संवत्लाई जाति विशेषको रुपमा हेरिनुहुँदैन

❑ सुरेन्द्रवीर मालाकार

हाम्रो देश नेपाल संवत् राष्ट्रको मौलिक संवत् हो । विभिन्न कारणले यो संवत् ओझेलमा पर्न गएको छ । नेपाल संवत्का प्रवर्तकले महान् सोच र दूरदर्शितापूर्वक यसलाई प्रारम्भ गरे तापनि राष्ट्रले यसको औचित्य र सम्वेदनशीलतालाई आत्मसात् गर्न सकेको देखिदैन । त्यसैले यो संवत्ले पाउनुपर्ने जति व्यापकता र मान्यतालाई पाउन सकेन । तैपनि यो संवत् आजसम्म आफ्नो पहिचान र अस्तित्व कायम राख्न सफल भयो । अबको जागरूक समाजले यसको प्रगतिलाई विस्तार गर्ने र आफ्नो राष्ट्रिय मौलिक धरोहरलाई जगेर्ना गर्ने कार्यमा ठोस योगदान गर्नुपर्छ भन्ने मलाई लाग्दछ ।

नेपाल संवत् ११२३ लाई विशेष हर्ष र उमङ्गका साथ प्रारम्भ गर्नुका साथै यस संवत्ले पाउनुपर्ने मान्यता र महत्वलाई उजागर गरी सम्पूर्ण नेपाली जनतामा व्याप्त भ्रम निवारणका लागि हामीले विभिन्न कार्यक्रमहरू गर्दछौं । विगत वर्षहरूदेखि आयोजना हुँदै आएको च्याली आदि समेतलाई निरन्तरता दिदै बसन्तपुर डबलीमा विशेष कार्यक्रमको आयोजना गरिदैछ । स्ट्रिट फेस्टिबल, फुड फेस्टिवल, अन्तरक्रिया कार्यक्रम, पत्रपत्रिकामा परिशिष्टांक एवं विशेषांक प्रकाशन आदि विभिन्न कार्यक्रमहरू सम्पन्न गरिनेछन्, जसको मुख्य उद्देश्य यो संवत् राष्ट्रको मौलिक निधि हो भन्ने बोध गराउनु हो ।

शंखधर साख्वाः साँच्चिकै राष्ट्रका विभूति हुन् । उनीजस्तो युगपुरूषलाई राष्ट्रिय विभूति घोषित गरिनु स्वाभाविक हो । तर, राष्ट्रका विभूतिहरूको उचित सम्मान दिन नसक्नु राज्यको कमजोरी हो । जहाँसम्म शंखधर साख्वाःले पुऱ्याएको योगदानको विषय

छ, उनले जुन मेहनत र महानतापूर्वक नेपाल संवत् नामाकरण गरे सोको धेरै कुराहरू प्रकाशमा आउन बाँकी छन् । यसबारे गहन अनुसन्धानको आवश्यकता छ । त्यत्रो त्याग गर्ने साख्वाःले यो संवत्लाई आफ्नै नामबाट पनि राख्न सक्दथे होलान् । तर, उनले संकुचित सोचाइ राखेनन् र राष्ट्रको नाममा मौलिक संवत्को सुरुवात गरे । तसर्थ, उनको यो युगान्तकारी योगदानलाई व्यावहारिक मान्यता दिन के गर्नुपर्छ भन्नेबारे राज्यले अविलम्ब आवश्यक कार्यहरू पनि गर्नुपर्छ ।

नेपाल संवत्लाई व्यवहारमा लागू गर्न खासै समस्या छैन । यहाँनिर ध्यान पुऱ्याउनुपर्ने विषय के छ भने नेपाल संवत् तिथिमा आधारित संवत् हो र तर अहिले प्रशासनिक प्रचलनमा आएका विभिन्न संवत्हरू महिना र गतेमा आधारित संवत्हरू हुन् । तिथिलाई व्यवहारमा ल्याउँदा प्रशासनिक कामकाजमा केही कठिनाइ उत्पन्न हुन्छन् । किनभने तिथिमा घटबढ वा एउटै दिनमा दुईटा तिथि पनि पर्न सक्दछन् । त्यसैले कतिपय मुलुकहरूमा महिना र गते अरूको चलाई मौलिक साल आफ्नै राष्ट्रको राख्ने प्रचलन पनि देखिन्छ । तसर्थ, नेपालमा पनि राष्ट्रिय संवत् अर्थात् प्रत्येक वर्षलाई नेपाल संवत् अनुसार प्रचलनमा ल्याइएमा आफ्नो भूमिमा सिर्जना भएको मौलिक संवत् सरल तरिकाले व्यावहारिक प्रचलनमा आउनेछ ।

नेपाल संवत्लाई व्यापारिक कारोबारमा प्रचलनमा ल्याउन सकिन्छ । अहिले मुलुकमा विभिन्न किसिमका वर्षहरू प्रचलन छन् । आर्थिक वर्ष विक्रमको १ साउन सुरू हुन्छ भने ईस्वीको जनवरी १ पुसको बीचमा पर्छ । विक्रमको नयाँ संवत् वैशाखबाट सुरू हुन्छ । शैक्षिक वर्ष प्रारम्भ हुने समय पनि अर्कै छ । यी सबै विधिताका बीचमा नेपाल संवत्को प्रारम्भ विक्रमको कात्तिक वा ईस्वीको नोभेम्बरबाट प्रचलनमा ल्याउन नसकिने कुरा छैन ।

नेपाल संवत्को औचित्य र महत्वलाई बढावा दिने सम्बन्धमा हामी सबैले बुझ्नुपर्ने कुरा के हो भने यो संवत्लाई जाति विशेषको संवत् हो भनेर भ्रममा पर्ने र यथार्थ बुझ्न नसकेका समुदाय र व्यक्तिहरूलाई वास्तविकता बुझाउने कार्यमा हामी सबै अझ सक्रिय हुनुपर्छ । हाम्रो अर्थक प्रयासले हाम्रो राष्ट्रिय विभूति शंखधर साख्वाःको महान् कार्यले एक दिन अवश्य पनि पूर्णता पाउनेछ ।

नेपाल संवत् र यसको प्रारम्भ

❑ होमनाथ भट्टराई

नेपालको इतिहासको मध्यकाललाई अन्धकारमय युगको रूपमा लिइन्छ र अधिकांश इतिहासविद्हरू यसमा सहमत पनि छन्। हालसम्म उपलब्ध ऐतिहासिक प्रमाणहरू लिच्छविकालको उत्तरार्ध र मल्लकालको पूर्वार्द्धका शताब्दीहरूलाई आंशिकरूपमा उजिल्याउन सफल भए पनि प्रामाणिक आधारमा ऐतिहासिक तथ्यहरू प्रकाशमा आउन सकेका छैनन्। त्यसैले यसकालको ऐतिहासिक दस्तावेजहरूउपर यथेष्ट खोज गरी अनुसन्धानबाट समयसँगै वास्तविकताहरू क्रमशः अगाडि आउने नै छन् भन्ने कुरामा आशावान रहन सकिन्छ।

यही अन्धकारमय भनिएको मध्यकालमा नेपालको इतिहासको एक सशक्त पक्ष बोकेर नेपाल संवत्को सुरुवात भएको देखिन्छ। शक संवत्, मानदेव संवत्, विक्रम संवत्हरूको प्रचलन भइरहेकै अवस्थामा एकाएक प्रचलनमा आएको यो नेपाल संवत् कसले कसरी प्रचलन गरायो भन्ने विषय हालसम्म विवादरहित हुन भने सकेको छैन। यद्यपि नेपालको नामबाट नामाकरण भएको यो संवत् नेपाल राज्यभित्रकै कुनै पराक्रमी व्यक्तित्वको मौलिक उपज भएको उपर भने कुनै तर्कसम्मत विवाद नरहेको हुँदा यसलाई नेपालको इतिहासको एउटा गौरवमय पक्षको रूपमा लिन सकिन्छ।

यसको संस्थापकको रूपमा नेपालको इतिहास लेख्ने अंग्रेजी विद्वान् कर्णेल कर्क प्याट्रिकले डोय राज्यका संस्थापक कर्णाटवंशी राजा नान्यदेवलाई लिएका छन्। नान्यदेवले डोय राज्यबाट काठमाडौं उपत्यका विजय गरेको र त्यसैको उत्सवमा यो संवत् चलाएको

हुनुपर्ने उनको राय छ। नान्यदेवको राज्यकाल वि.सं. ११५४ तिर रहेको र नेपाल संवत् वि.सं. ९३६ तिरै सुरु भइसकेको हुनाले यो राय मिल्दोजुल्दो छैन। फेरि नान्यदेवले उपत्यकाको विजय गरेको प्रमाण कहिं पनि पाईंदैन, बरु वि.सं. ११६८ मा नेपाली फौजले उनको फौजलाई ध्वस्त पारी उपत्यकाबाट खेदाएका थिए, अतः कर्क प्याट्रिकको यस भनाइसँग सहमत हुनै सकिंदैन।

फ्रान्सेली विद्वान् सिल्वान लेभीले नेपाल ईसाको सातौं शताब्दीदेखि नवौं शताब्दीसम्म त्यस समयको वृहत् भोटको अधीनमा रहेको र भोटका तत्कालीन राजाको अत्याचारी नीति विरूद्ध त्यहाँका जनताले विद्रोह गरी साम्राज्य कमजोर हुन पुगेको अवस्थामा नेपाल भोट साम्राज्यबाट स्वतन्त्र भएको र त्यसैको सम्झना स्वरूप ई.सं. ८७९-८८० तिर नेपाल संवत् चलेको भनेका छन्। तर यथार्थलाई हेर्दा उनको यो अनुमान पनि सही मान्न सकिंदैन। किनकि आजसम्म प्रकाशमा आएका कुनै पनि ऐतिहासिक दसतावेजहरूले नेपाल भोटको अधीनमा रहेको भन्ने ठोस आधार दिएका छैनन्, बरु नेपालको राजतन्त्र र भोट साम्राज्यबीच अत्यन्त सौहार्दपूर्ण सम्बन्ध रहेको पाइन्छ। फेरि स्रङचोङ गम्पोको मृत्युपश्चात् भोट साम्राज्य छिन्नभिन्न भइसकेको हुनाले नेपाललाई अधीनमा लिएको भनाइसँग पनि सहमत हुन सकिंदैन।

लेभीको अर्को एउटा तर्क छ - नेपालीहरू ८ को अंकलाई अशुभ मान्ने भएकाले शक संवत् ८०१ बाट ८ को अंक झिकी ०१ मात्र भनिएको र पछि समय व्यतित हुँदै जाँदा समाजले यस कुरालाई बिर्सिएर नयाँ संवत्को रूपमा लिएको हुनसक्ने उनको राय छ। आफ्नो यस तर्कको पुष्टिका लागि उहाँले वैजनाथ प्रशस्ति र लोककाल संवत् (जो क्रमशः सय र हजारको अंक छोडी प्रचलित भएका छन्) को उदाहरण पेश गर्नुभएको छ।

नेपाल संवत्को प्रचलनको सम्बन्धमा अर्को एउटा प्रभावकारी देखिने तर्क प्रो. वेण्डालको वंशावलीसँग आवद्ध देखिन्छ। वेण्डालले फेला पारेको वा संकलन गरेको वंशावली अनुसार लिच्छविकालको उत्तरार्द्धका राजाहरूको नामावली सूचीमा राजा राघवदेवको नाम निकै महत्वका साथ उल्लेख गरेको पाइन्छ। यिनै राजा राघवदेवको पालादेखि नेपाल संवत्को सुरूवात भएको हो भन्ने राय इतिहासकार कनिंघमको छ, जो निकै तर्कसंगत देखिन्छ। उनको समय गणना अनुसार राजा राघवदेवको शासनकाल ई.सं. ८८० तिर पर्दछ र नेपाल संवत्को सुरुवात त्यही समयतिर भएको हुनाले विद्वान् कनिंघमको भनाइमा कुनै भ्रम रहन्न भने राय इतिहासविद् बालचन्द्र शर्माले पनि व्यक्त गर्नुभएको छ। यस सम्बन्धमा नेपालका अधिकांश इतिहासविद्हरूको धेरै हदसम्म सहमति भएको पाइन्छ कि यो संवत् राजा राघवदेवको पालादेखि नै चलेको हो। तर कुनै पनि नयाँ संवत् तत्कालीन रीति, परम्परा अनुसार कसैबाट ठूलो पराक्रमपूर्ण कार्य वा कुनै त्यस्तै महत्वपूर्ण काम गरेपछि त्यसैको संस्मरणार्थ चलाउने परम्परा रहेको देखिन्छ।

तर राजा राघवदेवबाट सम्पादित त्यस्तो कुनै पराक्रमी कार्य ऐतिहासिक दस्तावेजहरूबाट प्रमाणित भइ नसकेकोले यो विषय पनि पूर्णतः मतैक्यता कायम गर्न असफल छ ।

इतिहासविद् डा. डिल्लीरमण रेग्मीका अनुसार त्यसबेला परेको ठूलो महामारीबाट बच्न पशुपतिमा पूजा, यज्ञ, होमादी गरेपछि महामारी साम्य भएकोले त्यसैको सम्झनामा यो संवत् सुरु भएको हो । नेपाल संवत्को नयाँ वर्षको दिन नेवारहरूले म्हपुजा गर्ने भएकोले पनि उहाँले यो तर्क दिनुभएको हो । इतिहासका अर्का विद्वान् धनवज्र बज्राचार्यले पशुपतिमा विभिन्न रूपले सम्मान व्यक्त गर्ने प्राचीन परम्परा अनुसार राजा राघवदेवले पशुपतिको सम्मानमा यो संवत् चलाएका हुन् भन्नुभएको छ । त्यसैगरी एकजना इटालियन विद्वान् लुसियानो पेट्रेकद्वारा प्रकाशित गोपालराज वंशावलीमा राजा राघवदेवले पशुपतिलाई संकेत गरेर नै संवत् चलाएका हुन् भन्ने उल्लेख गरिएको छ । यसरी केही विद्वानहरूले नेपाल संवत्को सम्बन्ध पशुपतिसँग रहेको पनि देखाएका छन् । सम्भवतः यसै कारण गोपालराज वंशावलीमा राजा राघवदेवलाई पशुपति भट्टारक संवत्सर भन्ने उपाधि दिइएको पाइन्छ ।

यसप्रकार नेपाल संवत्को प्रचलन सम्बन्धमा मतऐक्यता हुन नसकिरहेको अवस्थामा श्री ५ को सरकारबाट वि.सं. २०५६ साल मार्ग २ गते भाषा वंशावली एवं किम्बदन्तीको आधारमा नेपाल संवत्का प्रणेता मानिएका शंखधर साख्वाःलाई सोही कारण राष्ट्रिय विभूति घोषणा गरिएपछि यस किम्बदन्ती एवं भाषा वंशावलीको कथनलाई नै सरकारी तवरबाट आधिकारिक मान्यता प्रदान गरेको देखिन्छ । यद्यपि यस कथनको कुनै वैज्ञानिक आधारमा पुष्टि हुन नसक्दै यसलाई सरकारी निर्णयबाट आधिकारिक मान्यता दिनु उचित थियो थिएन, त्यो छुट्टै बहसको विषय बन्न सक्ला, यहाँ यस लेखको आशय त्यो होइन पनि । एकपटक सरकारले मान्यता प्रदान गरेको कथनलाई पनि हेरौं- भाषा वंशावली, राजभोगमाला वंशावली र संस्कृति वंशावलीको कथन अनुसार भक्तपुरमा राजा आनन्द मल्ल र कान्तिपुरमा उनका दाजु जयदेव मल्लले शासन गरिरहेको बेला कुनै दिन ज्योतिषीहरूले निकालेको शुभमुहूर्तमा भचाखुसि र विष्णुमति नदीको दोभान लखुतीर्थबाट बालुवा झिकेर ल्याए सुन बन्छ भनी भक्तपुरका राजा आनन्द मल्ललाई भनेका हुनाले राजाले पनि सोही मुहूर्तमा ज्यामीहरूलाई बालुवा झिकी ल्याउन पठाए । त्यसरी एकाएक बालुवा झिकेर लगिरहेको एक चलाख शूद्र व्यापारी शंखधर साख्वाःले देखेपछि शंका लागी ज्यामीहरूलाई पैसाको लोभ देखाई बालुवा आफ्नो घरमा लगी खन्याउन लगाए र ज्यामीहरूले पनि शुभमुहूर्तको बालुवा साख्वाःकोमो छोडी अर्को पटकको बालुवा मात्र राजाकहाँ लगिदिए । यसरी निकालिएको शुभमुहूर्तको बालुवा पछि सुन भन्यो र त्यसबाट यथेष्ट सम्पति आर्जन गरी कान्तिपुर र भक्तपुरका जनताहरूको ऋण तिरिदिए र त्यसको सम्झनामा नयाँकालको सुरुवात गर्दै नेपाल संवत्को प्रचलन गराएका थिए भन्ने उल्लेख भएको पाइन्छ । त्यसो गरेबापत् यिनले राजाबाट अनुमति

प्राप्त गरी पशुपतिको दक्षिणतिर आफ्नो शालिक समेत राख्न लगाएका थिए भन्ने जनश्रुती पाइन्छ। वंशावलीको त्यो कथन र भक्तपुरका राजा आनन्द मल्लको कार्यकाललाई तुलना गरी हेर्दा नेपाल संवत्को सुरूवात भएको २५७६ वर्षपछि मात्र भक्तपुरमा राजा आनन्द मल्ल रहेको देखिएकोले यो कथनलाई सोझै विश्वास गर्न सकिदैन।

माथि उल्लेखित सम्पूर्ण आधार, तर्कहरू र प्रमाणलाई केलाएर हेर्दा नेपाल संवत् नेपाल राष्ट्रकै नामबाट स्थापित मौलिक संवत् भएको कुरामा दुई मत हुन सक्दैन। माथि उल्लेखित आधारहरूउपर अध्ययन गरी बौद्धिक कसरत गर्दा र ताडपत्रमा लेखिएको हस्तलिखित सुमति तन्त्र, सहोत्तरतन्त्र ग्रन्थको पुष्पिका वाक्य एवं गोपालराज वंशावलीको वाक्यांशहरूबाट पनि मानदेव चतुर्थका छोरा राजा राघवदेवले यो संवत् चलाएको भन्ने उल्लेख भएकाले यसै पक्षमा आफ्नो राय दिने विद्वानहरूसँग सहमत हुन सकिन्छ र यही तर्क नै भरपर्दो देखिन्छ।

अन्त्यमा के भन्न सकिन्छ भने यसै धर्तीमा उब्जिएको एउटा मोती हो यसको उज्यालोलाई निरन्तरता दिई नेपालको ऐतिहासिक गौरव अक्षुण्ण राख्नु हामी सबैको कर्तव्य हो।

सुमतितन्त्र : नेपाल संवत् प्रचलनको साक्षी

❑ अशोक श्रेष्ठ

संवत् कसले, किन, कसरी चलायो भन्ने बारेमा पृष्ठभूमिलाई पुष्टि गर्ने साम्रगी विश्वसनीय रूपमा प्राप्त छैन । नेपाल संवत्को प्रारम्भिक कालमा यस संवत्को नाम समेत उल्लेख गरिएको पाइएको छैन । निरन्तर प्रचलनमा रहेर पनि बिना नाम सिर्फ 'संवत्', 'श्रेयस्तु संवत्', 'शुभ संवत्' शब्द नै किटानी गरेको चाहिं चार सय ९३ वर्षपछि स्वयम्भूमा रहेको अर्जुन मल्ल र जयस्थिति मल्लको संयुक्त राज्यकालको शिलापत्रमा सर्वप्रथम देखिन आयो । यसपछि सात सय ५० वर्षपछि नेपाल संवत् भनी पटक-पटक उपत्यकामा प्राप्त शिलालेख र ग्रन्थहरूमा प्रयोग भएको देखिन्छ ।

नेपालको सर्वप्राचीन गोपाल वंशावलीमा यसबारे केही उल्लेख पाइएको छैन । अर्को प्राचीन केशर वंशावलीमा पनि नेपाल संवत् र यसको प्रवर्तकका बारेमा कहिं उल्लेख छैन । यद्यपि, राजा राघवदेव वर्ष ६३ मास ६ । श्री पशुपति भट्टारके संवत्सर प्रवृति कृताः' उल्लेख छ । यही वाक्यांशलाई लिएर राजा राघवदेवले पशुपतिलाई नयाँ संवत् चलाई अर्पण गरेको थियो र यो संवत् राघवदेवले चलाएको नेपाल संवत् हो भन्ने आधारलाई मान्यता दिएर डा. कमलप्रकाश मल्ल र धनबज्र बज्राचार्यले 'गोपालराज वंशावली' सन् १९८५ पृष्ठ २३६ मा राघवदेवलाई नेपाल संवत्का प्रवर्तक भनेका छन् । गोपालराज वंशावलीमा भने सिर्फ 'राजा राघवदेव वर्ष ४६ मास ६' बाहेक अन्य केही उल्लेख गरिएको छैन । केशर वंशावली र गोपालराज वंशावलीमा राघवदेवको शासनकाल २० वर्ष तल-माथि परेको कुरा बेग्लै हुन् । राघवदेवले नेपाल संवत् चलाएका हुन् भनी

किटानी गर्ने पश्चिमा विद्वान् ए कनिंघम हुन्। कालगणना र शासनकाल वंशावलीमा देखिए अनुसार नेपाल संवत्को प्रारम्भताका राघवदेवकै शासनकाल देखिन आउँछ। मन्दिरमा गजुर चढाइएको, जिर्णोद्धार गरेको, धारा राखेको बनाएको जस्ता स-साना विवरण अन्य राजाले नछुटाएको गोपालराज वंशावलीमा नयाँ संवत् चलाएको जस्तो इतिहास प्रभावित पार्ने विवरण किन समावेश गरिएन (भएन) यो प्रश्नले थप शोधखोजको लागि प्रेरित गर्दछ।

नेपाल संवत्को अर्को पातो भने शाहकालमा निर्मित भाषा वंशावली, राजभोगमाला र संस्कृत वंशावली बनेका छन्। यी वंशावलीमा थोरबहुत अन्तर भए पनि शंखधर साख्वाःले सुनमा परिणत भएको बालुवाको सम्पत्तिले समस्त ऋणी जनताको ऋणमोचन गरी नेपाल संवत् चलाएको श्रेय दिइएको छ। त्यसैले एकथरि विद्वत्वर्ग यसैलाई आधार मानेर नेपाल संवत्का प्रवर्तक शंखधर नै भएको धारणा व्यक्त गर्दछन्। यसरी संवत् एक, प्रवर्तक दुई देखिन आएको छ। तसर्थ यसमा अझ गहन र सघन अनुशीलन आवश्यक भएको छ। पश्चिमा विद्वान् एफ् किलहर्नले वि.सं. १७२३ मा लिखित 'अमृतेश्वर पूजा' नामक ग्रन्थको पुष्पिका वाक्यको आधारमा वि.सं. ९७३, ई.सं. ८७९ अक्टोबर ३० देखि चलेको नयाँ संवत्को प्रारम्भको दिन र बार निरूपण गरेपछि यसमा शोधखोज तीव्र हुन थालेको थियो। तापनि यसले अन्य पक्षमा गति लिन सकेको छैन।

देखिए अनुसार नेपाल संवत्को प्रारम्भताका राघवदेवकै नेपाल संवत् सुरू हुनुअघि यो संवत् (नेपाल भनेर होइन) सुरु हुने सूचना एक प्राचीन ग्रन्थले दिएको पाइन्छ। ताडपत्रमा भुजिंमोल लिपिले लेखिएको 'सुमतितन्त्र' नामको एक ग्रन्थ (नेपाल राष्ट्रिय अभिलेखालय, वीर पुस्तकालय, चौथो-५७) मा छ। ताडपत्रको सो पुस्तकमा जम्मा एक सय ५२ पत्र छन्। एक सय ४३ सम्म पत्र संख्या देखिन्छ। अरू पत्रमा पत्रसंख्या देखिदैन। ताडपत्रमा सबै पृष्ठमा भुजिंमोल लिपिले लेखिएको छ। एक पृष्ठमा घटिमा पाँच पंक्ति र बढीमा सात पंक्ति छन्। पंक्तिपिच्छे घटीमा ३६ र बढीमा ५६ अक्षर छन्। १४ दशमलब पाँच अंगुल लामा र दुई दशमलब पाँच अंगुल चौडा यसमा ६३ पत्रदेखि अर्कैथरि हस्ताक्षर छन्। (लिच्छवि संवत्को काल निर्णय पृष्ठ १२१।)

यस ग्रन्थले नेपाल संवत्भन्दा पूर्ववर्ती संवत्का बारेमा सविस्तार वर्णन गरेको छ। वि.सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने कुराको प्रमाण नेपालमा र भोटमा गरी जम्मा चारवटा पाइएका छन्। सुमतितन्त्रको मूल वाक्यमा भनिएको छ - दुर्योधन राजा भएपछि कलियुग लाग्नेछ। राजा युधिष्ठिर र राजा दुर्योधनको संवत् दुई हजार वर्षसम्म चल्नेछ। त्यसपछि आठ वर्षसम्म राजा नन्दको संवत् चल्नेछ। त्यसपछि एक सय ३३ वर्षसम्म चन्द्रगुप्तको संवत् चल्नेछ। त्यसपछि चार सय ९८ वर्षसम्म शक राजाको संवत् चल्नेछ। राजाहरूका यी संवत् क्रमैसँग बनाइए।

सुमतितन्त्रका माथिका उद्धरणबाट (१) कलिगत दुई हजार वर्षसम्म युधिष्ठिर

संवत्, (२) कलिगत दुई हजार वर्षको अन्त्यदेखि कलिगत दुई हजार आठ सयसम्म नन्द संवत्, (३) कलिगत दुई हजार आठ सय देखि अन्त्यदेखि कलिगत २९३२ सम्म चन्द्रगुप्त संवत्, (४) कलिगत २९३२ को अन्त्यदेखि कलिगत ३१७९ वर्षसम्म सुदूक संवत्, (५) कलिगत ३१७९ वर्षको अन्त्यदेखि कलिगत तीन हजार ६ सय ७७ वर्षसम्म शक संवत् चल्नेछ भन्ने बुझिन्छ। यसबाट कलिगताब्द ३६७७ तथा शक संवत् ४९८ देखि अर्के संवत् चल्नेछ भन्ने कुराको सूचना सुमतितन्त्रको मूलभाग (वाक्य)बाट निस्कन्छ।

सुमतितन्त्रमा पत्र संख्या ६२ पछि भनिएको (अर्को हस्ताक्षर) र 'ख' पत्रमा 'त्यसपछि तीन सय चार वर्षसम्म मानदेव संवत् चल्नेछ' भनिएको छ। ग्रन्थमा काकवाद दिइ माथि थपिएको नयाँ अक्षरमा लेखिएको भागबाट शक संवत् चार सय ९८ पछि चलेको संवत्को नाम मानदेव संवत् हो, मानदेव संवत् तीन सय चार वर्षसम्म चल्छ भन्ने भाव स्पष्ट हुन्छ।

शक संवत् ४९८ (वि.सं. ६३३) पछि तीन सय चार वर्ष चल्ने मानदेव संवत् (४९८+३०४) ८०२ सम्म तथा वि.सं. (६३३+३०४) ९३७ सम्म चल्छ भन्ने स्पष्ट हुन्छ। अहिले वि.सं. २०५९ मा नेपाल संवत् ११२२ हुन्छ। कात्तिक शुक्ल प्रतिपदादेखि (१९ कात्तिकदेखि) ११२३ संवत् हुन्छ। नेपाल संवत् कार्तिकादि छ। यस कारण वि.सं. तथा नेपाल संवत्को अन्तर २०५९-११२२=९३७ वर्ष हुन्छ भन्ने स्पष्ट हुन्छ। यसबाट वि.सं. ९३७ देखि नेपाल संवत् चलेको हो भन्ने बुझिन्छ। यसकारण सुमतितन्त्रमा काकपाद दिई माथि लेखिएको भाग नेपाल संवत् चलिसकेपछि अर्थात् वि.सं. ९३७ भन्दा पछि थपिएको हो तथा क्रमैसँग पहिले लेखिएको भाग चाहिं वि.सं. ६३३ भन्दा पनि वि.सं. ९३७ भन्दा अघिको कुनै वर्षमा तयार भएको हो भन्ने सिद्ध हुन्छ। त्यसबाट पनि शक संवत् ४९८ (वि.सं. ६३३) देखि मानदेव संवत् चल्यो र सो संवत्को चलन ३०४ वर्षसम्म अर्थात् वि.सं. ९३७ सम्म रह्यो भन्ने बुझिन्छ।

यसकारण वि.सं. १७१२ सम्म अर्थात् सो संवत् चलनचल्ती छुटेको झण्डै आठ वर्ष हुन लाग्दा पनि वि.सं. ६३३ देखि नयाँ संवत् चलेको थियो भन्ने कुराको सम्झना नेपालमा रहेको देखिन्छ। हरिवंश रचित यो ग्रन्थ वीर पुस्तकालयमा यसको माइक्रो फिल्म ई. ६९५९, रिल संख्या ई. ३३८/८, ३३९/९ मा छ। सुमतितन्त्रमा वि.सं. ६३३ देखि नेपालमा नयाँ संवत् चल्यो भन्ने जुन कुरा लेखिएको छ त्यो कुरा भोटको सं-शाक्य-पाने-चेनले यही परम्परालाई आधार मानी कालगणना गरेका थिए भन्ने कुरा इटालियन विद्वान् लुसियाने पैटेकको अन्वेषणले पुष्टि गरेका छन्।

यसरी नेपालमा वि.सं. ६३३ मा नयाँ संवत् चलेको प्रमाणित चर्चा गरिएको 'सुमतितन्त्र' जसमा हरेक संवत्को प्रवर्तकहरूको नाम र भोग वर्ष समेत सही किटान गरिएको ग्रन्थमा नेपाल संवत्का प्रवर्तकको चर्चा नभए पनि संकेत समेत किन गरिएन ? यहाँनिरबाट फेरि विद्वत्वर्गको अन्वेषण किन नगर्ने ?

विगत र विशेषता

❑ चेतबहादुर सिंह

नेपाल संवत् एक साधारण व्यक्तिले सबै देशवासीलाई ऋणमोचन गराई व्यवहारमा ल्याएको संवत् हो । शंखधर साख्वाल भनिने शूद्र व्यापारीले बालुवा सुनमा परिणत भई प्राप्त गरेको अपार धनबाट तत्कालीन कान्तिपुरका जनताको ऋण मोचन गराई उक्त संवत् चलाएको भनी वंशावलीहरूमा उल्लेख छच । यसरी एक नागरिकले जनस्तरमा आफ्नो देशका सबै नागरिकलाई ऋण मुक्त तुल्याई चलाएको संवत् विश्वमै एक नमूना हुने गरी नेपालमा अहिलेसम्म चलिरहेको छ ।

उक्त संवत् चलाउने साख्वाललाई नेपाल संवत्को प्रणेताको रूपमा सम्मान गरी तीन वर्षअघि सरकारले राष्ट्रिय विभूति पनि घोषणा गरिएको थियो । यस संवत्का बारेमा इतिहासकार स्वर्गीय सूर्यविक्रम ज्ञवालीले 'नेपाल उपत्यकाको मध्यकालीन इतिहास'मा उक्त संवत् बिहीबार २० अक्टोबर ८७९ ईस्वी तद्नुसार विक्रम संवत् ९३६ कात्तिक प्रतिपदामा सुरू भएको भनी उल्लेख गरेका छन् ।

पुरातत्व विभागद्वारा प्रकाशित भाषा वंशावली अनुसार उक्त संवत् राजा राघवदेवको पालामा कान्तिपुरका 'साख्वा' नाम गरेका शूद्रले चलाइएको उल्लेख छ । भक्तपुर ग्राममा एक सामुद्री शास्त्र जान्ने ज्योतिषीले दिएको सुवर्ण आकर्षण योगको साइतमा विष्णुमती र भद्रमती (भचाखुसि)को संगम लखुतीर्थबाट बालुवा झिकेर ल्याए सुन हुन्छ भनेकाले भक्तपुरदेखि भरियाहरू बालुवा लिन पठाइएका थिए । कान्तिपुरका साख्वा नामका एकजना शूद्रले लखुतीर्थबाट बोकेर ल्याएको बालुवा आफ्नो छिंडीमा राख्न भरियाहरूलाई ललाई-फकाई गरेपछि ती भरियाहरू लखुतीर्थमा गई अर्को बालुवा लिएर भक्तपुर गएका थिए ।

साइत सकिएपछि लिएको बालुवा भक्तपुरमा ज्योतिषको घरमा पुऱ्याएको हुँदा

भोलिपल्ट बिहान हेर्दा उक्त बालुवा सुन भएन । यता साख्वाको घर छिंडीमा राखेको बालुवा भने सुन भएको र त्यसै सुनको अपार धनले कान्तिपुरका सबै प्रजाहरूलाई ऋणमोचन गरेको उल्लेख गर्दै भाषा वंशावलीमा भनिएको छ - '*संवत् फरायो साख्वा जातमा शुद्र थियो तापनि बुद्धि बडो हुनाले नेपाल पुरीमा ठूलो जस प्रख्यात गरी श्री पशुपतिनाथका दक्षिण दर्वाजासन्मुख आफ्नो शिलामूर्ति बनाई स्थापना गरी अन्तमा उद्धार भई गयो ।*'

२०२३ सालमा प्रकाशित त्यस वंशावलीको पादटिप्पणीमा 'राजा राघवदेवका पालामा नेपाल संवत् चलायो' भन्ने तत्कालीन प्रमाण अहिलेसम्म पाइएको छैन । त्यस्तो अनुश्रुति भने छ ।

इतिहासकार ज्ञवालीले आफ्नो पुस्तकमा 'कालान्तरमा साख्वाललाई शंखधर भन्ने संस्कृत नाम प्रदान गरियो औ उसले चलाएको संवत् श्री शंखधरकृत नेपाल संवत् भनी प्रसिद्ध भयो' भनेका छन् । पुस्तकमा आनन्द मल्ल नेपाल संवत् २७५ सन् ११४५-४६ ई.तिर राज्य गरेका कारणले त्यसबेला नेपाल संवत् सुरु गरिएको भनी वंशावलीमा भनिएको विश्वसनीय नभएको उल्लेख गरेको छ ।

पुस्तकमा भनिएको छ- 'दुई सय पचहत्तर वर्षअघि सुरु भएको नेपाल संवत्लाई यति पछि आरम्भ भयो भनेका कुराबाट वंशावलीकारलाई यसको आरम्भ किन वा कसरी यो त्यसको यथार्थ ज्ञान रहेनछ । तर, उनीहरूले एउटा कपोलकल्पना गरी त्यसका आरम्भको कथा भनेका रहेछन् भन्ने कुरा स्पष्ट बुझिन्छ ।'

भारतीय विचार परम्परा अनुसार नवीन संवत् चलाउने अधिकार चक्रवर्ती राजाको मात्र भएको र शकविजेता विक्रमादित्यले विक्रम संवत् चलाएको भन्ने बडो विश्वास भएको पुस्तकमा उल्लेख छ । त्यसै प्रसङ्गमा संवत् फिराउँदा दुनियाँको ऋण सबै तिरेर प्रजालाई अऋणी तुल्याउनुपर्छ भन्ने विश्वास नेपालमा अद्यापि भएको उल्लेख गर्दै पुस्तकमा भनिएको छ - 'यही लोक विश्वासको आधारमा शुभमुहूर्तमा खनेको बालुवा सुनमा परिवर्तित भएको कुरा कल्पना गरी साखवाल धनी भई प्रजालाई अऋणी तुल्याएको कथा रचना गरिएको हो भन्ने स्पष्ट छ ।'

वि.सं. २०१९ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित उक्त पुस्तकमा नेपाल संवत् र त्यसका प्रवर्तकबारे त्यसरी चर्चा गरिएकामा त्यसको वास्तविकताबारे कतैबाट अझ पनि विस्तृत रूपमा अनुसन्धान गरिएको छैन । नेपालभाषा मंका: खल:, नेपालभाषा एकेदमि, नेवा: देय् दबूजस्ता नेपालभाषा र संस्कृतिको उत्थानका लागि थुप्रै संस्थाहरू छन् तर पनि नेपाल संवत्लाई राष्ट्रिय मान्यता दिनुपर्छ भन्ने नाराका साथ म्हपुजाका दिन जुलुस तथा सांस्कृतिक च्यालीको आयोजना गर्ने र नेपाल संवत् भएकोले यसरी सरकारी मान्यता दिनुपर्छ भन्ने माग गर्न प्रधानमन्त्री र मन्त्रीकहाँ डेलिगेशन जाने औपचारिकता बाहेक नेपाल संवत्लाई व्यावहारिक बनाई कसरी चलाउन सकिन्छ भन्नेतर्फ अनुसन्धान भइरहेको छैन ।

त्यस्तै शंखधरलाई राष्ट्रिय विभूति घोषणा गरेको तीन वर्ष बितिसक्दा पनि

अहिलेसम्म उनका बारेमा विस्तृत अध्ययन र अनुसन्धान कुनै संस्थाबाट भइराखेको छैन । नेपाल संवत् उल्लेख भएका धेरै शिलापत्र, ताडपत्र, ताम्रपत्र, सुवर्णपत्र छन् तर पनि संवत् कसले चलाएको भन्नेबारे अहिलेसम्म भाषा वंशावली, राजभोगमाला वंशावली, केशर वंशावली र संस्कृत वंशावली बाहेक अरू प्रमाणित जानकारी प्राप्त छैन । कसै-कसैको भनाइमा नेपाल संवत् आनन्ददेवको पालामा चलेको भन्ने भनाइप्रति संस्कृतिविद् डा. पुरूषोत्तमलाल श्रेष्ठ भन्छन् - 'केशर वंशावलीको पहिलो पत्रमा राजा श्री राघवदेव... श्री पशुपति भट्टारके संवत्सर पशुपति भट्टारके संवत्सर प्रकृता' भनी मात्र लेखिएको छ र आनन्ददेवको पालामा संवत् चलेको भन्नेबारे केही उल्लेख छैन ।'

'गोपालराज वंशावली'मा आनन्ददेवले त्रिपुरसहितको राजधानी राजदरबार बनाएको कुरा मात्र परेको छ । यस प्रमाणका आधारमा नेपाल संवत् आनन्ददेवको समयमा नभएर मध्यकालको सुरुका एक प्रसिद्ध राजा राघवदेवको समयमा सुरु भएको अनुमान हुन्छ' भनी भन्छन् । इतिहासकार स्वर्गीय धनबज्र बज्राचार्यले आफ्नो 'मध्यकालका सुरुका केही अभिलेख' नामक अनुसन्धानात्मक लेखमा पनि राजा राघवदेवले पशुपतिनाथको सम्मानमा नयाँ संवत् प्रचलन गरेको अनुमान गरिएको उल्लेख गरेका छन् । राघवदेवले नै नेपाल संवत् चलाएको केशरवंशावलीबाट पुष्टि नहुने उल्लेख गर्दै उनी भन्छन् - 'केवल उनका पालमा नयाँ संवत् चलेको सत्य लाग्छ तर प्रश्न उठ्छ उनको पालामा यसरी नयाँ संवत् चलाउने को त ? यस विषयमा वैज्ञानिक अनुसन्धान हुनु आवश्यक छ ।'

'साख्वालको बारेमा वैज्ञानिक अनुसन्धान नै नभइकन उनलाई सरकारले राष्ट्रिय विभूति घोषणा गर्नु भ्रमजाल फैलाउनु मात्र थियो' उनको भनाइ छ- 'यसअघि सरकारले नेपाल संवत्लाई राष्ट्रिय मान्यता दिनुपर्थ्यो किनभने यो संवत् कुनै एक व्यक्तिको नभई राष्ट्रकै नाममा अर्पित थियो ।'

शंखधर साख्वाः व्यक्ति काल्पनिक भएको र वंशावलीमा उल्लेखित पशुपति मन्दिरको प्राङ्गणमा रहेको कानमा कुण्डली, शरीरमा जनै र हातमा शंख लिएको धातुको मूर्ति शंखधरको नभई भगीरथ, ब्यास वा अरु कसैको हुन सक्ने पनि कसै-कसैको अनुमान छ । यसबारे संस्कृतिविद् डा. चुन्दा बज्राचार्य राजधानीको मरु टोलको सिँल्यं सतः (सिंहसत्तल) देखि भीमसेनस्थान जाने बाटोको बीचमा भरियाले लखुतीर्थबाट ल्याएको बालुवा भरिएको खर्पन बिसाएको भनिने 'लखुफल्चा' नामक पाटी केही वर्षअघि मात्र जीर्ण भए तापनि त्यसको अवशेष अहिलेसम्म बाँकी रहेको बताउँछन् । त्यहाँ सँगै लखुछेँ भन्ने साख्वालको घर रहेको र प्रत्येक वर्ष इन्द्रजात्रामा राति त्यसै घरबाट दागिं (इन्द्रको आमा) निकाली नगर परिक्रमा गराउने परम्परा अहिलेसम्म रहेको पनि उनी सम्झाउँछन् ।'

तर, डा. बज्राचार्यको दावी छ - 'पंजरां, सम्यक, नरां, सख्वाःपा आदि धार्मिक कार्य गर्दा सबै दिवंगत आत्माको शान्तिका लागि त्यसरी दागिं निकाली नगरपरिक्रमा गराउने परम्परा जीवित रहेकाले शंखधर साख्वालाई काल्पनिक भन्न मिल्दैन ।'

नेपाल संवत्मा साँखु बज्रयोगिनीको इतिहास

❑ प्रकाशमान सक्व

नेपालका राष्ट्रिय विभूति शंखधर साख्वालले विक्रम संवत् ९३७ साल, इस्वी संवत् ८८० र शक संवत् ८०२ मा नेपाल राष्ट्रको नामबाट चलाएको नेपाल संवत् आज ११२३ वर्षमा प्रवेश गरेको छ ।

राणा प्रधानमन्त्री चन्द्रशमशेरले वि.सं. १९५८ देखि अर्थात् नेपाल संवत् १०२१ देखि नेपालमा विक्रम संवत्लाई राष्ट्रिय स्तरमा प्रचलनमा ल्याउनुअघि नेपालमा आफ्नै मौलिक संवत् नेपाल संवत् नै चलनचल्तीमा रहेको थियो । पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका अधिनमा लिएपछि राज्यस्तरमा शक संवत् चलाएको भए तापनि आम प्रचलनमा भने नेपाल संवत् नै रहेको पृथ्वीनारायण शाहका सुपुत्र प्रतापसिंह शाहको पालामा नेपाल र तिब्बतबीच नेपाल संवत् ८९५ भएको एउटा सम्झौतामा नेपाल संवत् नै उल्लेख रहेको थियो । यसरी राज्यस्तर र जनस्तरमा नेपाल संवत् एक हजार वर्षसम्म निरन्तर चलेका प्रमाणहरु पाइन्छन् ।

नेपाल संवत्लाई शुभ संवत्, श्रयोस्तु संवत्, नेपालदेशीय संवत्, संवत्सरजस्ता विभिन्न नाम पनि उल्लेख गर्ने गरिएको पाइएको छ ।

नेपाल संवत् सुरुवातपछि प्रत्येक घटना र घटनाक्रमहरुलाई चन्द्रायण पात्रो अनुसार तिथिमिति समेत वर्णन गर्ने परम्परा रहेको छ ।

यसरी नेपाल संवत् सहित महिना, गते, बार र तिथि समेत स्पष्ट भएको नेपालको सर्वाधिक पुरानो वंशावली गोपालराज वंशावली यसको ज्वलन्त प्रमाण हो । त्यस्तै अन्य वंशावलीहरु पनि कालान्तरमा भेटिन सक्दछन् ।

काठमाडौं उपत्यकाको उत्तरपूर्वी कुनाको शिवपुरी डाँडास्थित मणिचुड पर्वतको काखमा रहेको साँखु 'शंखरापुर' ऐतिहासिक नगरस्थित बज्रयोगिनी क्षेत्रको वंशावलीमा नेपाल संवत् ६३६ देखि ८१४ सम्मका मल्लकालीन घटनाक्रमहरु राखिएका छन्। यसलाई गोपालराज वंशावलीपछिको क्रमबद्ध घटना भएको वंशावली मान्न सकिन्छ। गोपालराज वंशावलीमा ने.सं ५०८ सम्मका घटनाक्रम छन्। ने.सं. ६३६ देखिका घटनाक्रमहरु छोटकरीमा यसप्रकार छन् -

- *संवत् ६३६ कतिलागाक शनिश्चरबारका राति जात्रा गर्नुपर्ने बज्रयोगिनी आगलागी श्रयास्तु संवत् ६६० माघ शुक्रया श्री पञ्चमीमा चतुर्दशि शान्तिपाठ।*
- *संवत् ६६१ फाल्गुन शुक्रया अष्टमि शुक्रबारमा बज्रयोगिनी मूर्ति जिर्णोद्धार।*
- *संवत् ६६१ आषाढ कृष्ण चौथिमा जात्रा गर्नुपर्ने बज्रयोगिनीको मन्दिर भत्केको।*
- *श्रयास्तु संवत ६६२ माघ शुक्रया चौथीमा मूल बज्रयोगिनी देवीको गहना चोरी भएको।*
- *शुभ संवत् ६७९ जेष्ठ पूर्णिमास महाकालस्थानमा राजा अमृत मल्लबाट पूजा।*
- *शुभ संवत् ६८० चैत्र कृष्ण अष्टमीस श्री त्रैलोक्य मल्ल देव, श्री त्रिभुवन मल्ल देव र श्री गंगादेवी रानी भक्तपुरे साँखु कब्जा गरी राज्य गरेको।*
- *शुभ संवत् ६८० जेष्ठ सुदि दशमिमा भगवान चैत्य कलश पूजा गरेको।*
- *शुभसंवत् ६९० श्रावण शुक्रपञ्चमिमा बज्रयोगिनीको लुगा गहना आगलागीको लगत्तै ठूलो भूकम्प गएर ठूलो धनजनको क्षति। उक्त समयका राजा महिन्द्र मल्ल देव।*
- *शुभ संवत् ६९० आश्विन सुदि पंचमिमा देवीप्रतिष्ठा गरेको।*
- *संवत् ७४५ फागुन शुक्र द्वादशी लक्ष्मीनरसिंह राजाद्वारा श्री एकजरी बज्रयोगिनीदेवीलाई पूर्ण सुवर्ण लेपन गरिएको कुरा संस्कृतमा लेखिएको "...अद्वोदर युगानी फाल्गुन सिते द्वादसे॥ नक्षत्र पुण्य सौभाग्य वारंच बुद्धसंज्ञके यते चदिन।*
- *संयुक्ते अहोरात्र कृतौकृत ॥ शास्त्रोक्तच विधानकारीताँच*
- *भूपति दानपतिकाष्ठमण्डप महानगरापति श्री लक्ष्मीनरसिंह मल्लदेव महाराजा... ॥"*
- *शुभ संवत ७६६ माघ शुक्र त्रियोदशिमा बज्रयोगिनी देवीको १२ बजे जीवन्यास गरी जात्रा गर्नुपर्ने एकजरा बज्रयोगिनी देवीको भाँचिएको दुवै पाउ जिर्णोद्धार।*
- *शुभ संवत् ७७१ आषाढ शुक्र त्रित्रियांशमा राजा श्री प्रताप मल्ल देवले बज्रयोगिनी मन्दिर पूरै जिर्णोद्धार गरी सुनको गजुर चढाए। राजाद्वारा रचित भगवती श्लोकको शिलापत्र स्थापना।*
- *शुभ संवत् ७७२ मा आश्विन कृष्ण षष्टमि बुधवारका दिन बज्रयोगिनी प्राङ्गणको पाटीमा यौता सन्यासीको मृत्यु भयो। शान्ति स्वस्ति गरियो।*
- *शुभ संवत् ७८८ जेष्ठ शुक्र अष्टमिका दिन बज्रयोगिनी मन्दिर पुनः जिर्णोद्धार गर्ने साइत पारी गजुर निकालिएको।*
- *शुभ संवत् ७८९ चैतकृष्ण त्रयोदशिमा मन्दिर निर्माणको शिलान्यास कार्यको साइत जुराई राजाबाट काँचो ईंटा जगमा हालेर पूजा गरेको, शुभ संवत् ७८९*

भाद्रव कृष्ण अष्टमिका दिन स्वयम्भू चैत्यमा शान्ति स्वस्ति कार्य गरे ।

- शुभ संवत् ७९२ चैत्र सुदी त्रियोदशिमा प्रतापमल्ल देवबाट मन्दिर जिर्णोद्धार कार्य पूरा भएको अवसर पारी क्षमा पूजा गरी संस्कृत श्लोकको भजनगीतसहितको ने.सं. ७७१ को ठूलो शिलापत्रलाई सरसफाई गरियो ।
- शुभसंवत् ७९२ आश्विन कृष्णसप्तमि पर अष्टमिमा श्री श्री श्री देवीलाई श्री श्री प्रताप मल्ल देवबाट सुनको फरिया र गहना साथै पूजाथाली चाँदीको एक जोर चढाए ।
- शुभ संवत् ७९४ कार्तिक कृष्ण दशमिमा उग्रतारा बज्रयोगिनीको देब्रे हातको निलोत्पर भाँचिए । शान्ति स्वस्ति गरियो । राजालाई दोष लाग्दछ ।
- शुभ संवत् ७९४ चैत शुक्र एकादशिका दिन श्री प्रतापमल्ल देव महाराजाको अवसान । नयाँ राजा श्री नृपेन्द्र मल्ल देवबाट शोकको घडिमा देशमा हर्ष बढाई जात्रा गर्न मनाहीको राजाज्ञा जारी ।
- शुभसंवत् ७९४ चैत शुक्र पूर्णिमामा जात्रा गर्नुपर्ने बज्रयोगिनी देवीको क्वहांबिज्या, मूजात्रा, धुँज्या, भुँज्या, विचारपूजा केही भएन । राजा नृपेन्द्र मल्लबाट बज्रयोगिनीमा क्षमापूजा गरे ।
- शुभ संवत् ७९६ भाद्रव कृष्ण दशमीमा साँखुका बज्राचार्यहरुका कुलको छोरी नभएर कुमारी पूजा रोकिन लाग्दा राजाबाट बज्राचार्यहरुको भान्जा भान्जी भए पनि कुमारी गणेश भैरव पूजा गर्न आदेश ।
- शुभ संवत् ७९९ शुक्रको तृतीयामा बज्रयोगिनी महाँकाल स्थानमा सुनको छत्र दुई थान सन्यासीद्वारा चोरे ।
- शुभ संवत् ८०० चैत्र कृष्ण तृतियामा साँखुमा मूलजात्रा गर्दा बज्रयोगिनीको देवीको खट दायाँ ढल्केर पल्टचो । देशका नायक राजालाई दोष लाग्ने हल्ला चल्यो ।
- शुभ संवत् ८०० जेठ कृष्णको एकादशिमा श्री २ नृपेन्द्र मल्ल देव महाराजको अवसान भयो । साँखु बज्रयोगिनी देवीको खट पल्टिँदा शान्ति स्वस्ति नगर्दा राजालाई दोष लाग्यो । नयाँ राजा पार्थिवेन्द्र मल्ल भयो ।
- शुभ संवत् ८०१ माघ कृष्ण प्रतिपदामा बज्रयोगिनीको जीवन्यास, रंगलेपन, जिर्णोद्धार १२ वर्षे कार्य थालियो ।
- शुभ संवत् ८०१ वैशाख शुक्रमा बज्रयोगिनी परिसरमा चटचाङ पर्दा पूजारी बेहोश भयो । भोलिपल्ट मन्दिरभित्रको देवीको बायाँ कानको कुण्डलमा कालो ध्वाँसो परेको देखियो । शान्ति स्वस्ति गरियो ।
- शुभ संवत् ८०२ चैत कृष्ण तृतियामा मूल जात्रा गर्दा साँखु इकल टोलमा देवीको खट पल्टचो । शान्ति स्वस्ति गरिएन । राजालाई दोष लाग्यो ।
- शुभ संवत् ८०३ वैशाख कृष्ण चौथिका दिन श्री पार्थिवेन्द मल्ल देव राजाका मुमा महारानीको देहावसान भयो ।
- शुभ संवत् ८०३ जेष्ठ कृष्ण द्वादशीमा बज्रयोगिनी देवीको उत्तर शिरको चक्र

खस्यो । शान्ति स्वस्ति गरे ।

- शुभ संवत् ८०४ चैत्र शुक्र पूर्णिमाका दिन राजा पार्थिवेन्द्र मल्ल देवले बज्रयोगिनी माईलाई सुनको तारण, सुनलेपन, खापा र चाँदीका कंकालमाला १ थानसमेत चढाई शान्ति स्वस्ति पूजा गरे ।
- शुभ संवत् ८०७ चैत्र पूर्णिमाका दिन बज्रयोगिनी जात्रा गरी साँखु त्याइन्दा सोमटोलमा खटको तुसीकाठ भाँचिइ खट ढल्यो । सोही वर्षको आषाढ महिनामा शुल्कपक्षको तृतियामा श्री पार्थिवेन्द्र महाराजाको अवसान भयो र राज्यलक्ष्मी रानी सती गइन् ।
- त्यसबेला चुकुटी भाजु भन्नले राजालाई औषधि विष (?) ख्वाएको भन्ने दोष लगाएर कान्तिपुर नगरका जनताले चुकुती भाजु र पोष्टिक भन्नेलाई थुनेर चुटेर मारे । चुकुटी भाजुको जहान बच्चा समेत चूर्णाभुत पारे । धेरै दिनसम्म देशमा कलोल झगडा भए । यस घटनाका कुरा पुजारी श्री जयधर्म्म देवले छ्यात लेखिराखे ।
- शुभ संवत् ८१० दिलागा त्रयोदशिका दिन उग्रतारा मन्दिरभित्र यौटा सर्प पसे । भूपालेन्द्र मल्ल राजाले सो कुरा जानकारी पाएर शान्ति स्वस्ति गर्न लगाए ।
- शुभ संवत् ८१० अलाथ्व पञ्चमि चौतारिया लक्ष्मीनारायणलाई भुज्यालिपसलेकाटे ।
- शुभ संवत् ८१० अलागा अमावसिका रातमा वर्षैपिच्छे जात्रा गर्नुपर्ने श्री ब्यांघ्रिणी देवीको लुगा गहनामा आगो लाग्यो ।सो कुरा जानकार पाएर राजा भूपालेन्द्र मल्लले शान्ति स्वस्ति, जीवन्यास कार्य गर्न आदेश दिए ।
- शुभ संवत् ८११ चैत्र शुक्र पूर्णिमाको जात्रापछि माईको पाहुनाघरमा देवी स्थापना गर्दा दक्षिण फर्काइ राखे । सोमटोलको पाहुना घरमा देवी पश्चिम फर्काउनुपर्ने नमिलेर जय धर्म्मदेव पुजारीसहितले नियमानुसार पश्चिम फर्काएर देवी स्थापना गरे । देवीको दायाँ चैत्य स्थापना गर्नुपर्दछ ।
- शुभ संवत् ८१३ कार्तिक वदी षष्ठमीका दिन बज्रयोगिनी देवी एकजरीको मन्दिर जिर्णोद्धार गरे ।
- शुभ संवत ८१३ चैत्र शुक्र चतुर्दशिमा मन्दिर जिर्णोद्धार पूर्ण गरी पुरानो दुईवटा गजुर र अर्को यौटा पनि गरी ३ वटा गजुरसमेत प्रतिस्थापन गरियो ।
- शुभ संवत् ८१४ पुस कृष्ण षष्टमिको दिन राजा भूपालेन्द्र मल्ल देवले चाँगुनारायण परमेश्वरी स्थापना कोत्याछ्रति यज्ञ पूर्ण गरी साँखु बज्रयोगिनी महाकाल स्थानमा राँगो १२ वटा बलि चढाई साँखुबासीलाई भोज खुवाइयो । बज्रयोगिनीको पूजा पनि गरियो ।

दोलखाको इतिहासमा नेपाल संवत्

❑ अमरकुमार प्रधान

अरनिको राजमार्ग र पुष्पलाल राजमार्ग (लामोसाँघु-जिरी सडकको खण्ड)को निर्माण पछि कान्तिपुर देखि १३५ किमि टाढा अवस्थित आजको भीमेश्वर नगरपालिकामा समाहित दोलखा मध्यकालमा स्वतन्त्र राज्यको राजधानीको रुपमा विकसित शहर थियो । त्यसताका पूर्व सुनकोशीदेखि पश्चिम दुधकोशी उत्तर तिब्बतको सीमादेखि दक्षिण तामाकोशी र सुनकोशीको संगमस्थलभित्रको दोलखा राज्य कहलाइन्थ्यो । तामाकोशीको किनारै किनार भई उत्तर तिब्बत र दक्षिणमा सिन्धुली फाँट हुँदै तराई झरी भारततर्फ लाग्ने त्यसबेलाको चलनचल्तीको बाटोको केन्द्रविन्दूको रुपमा दोलखाको विकास भएकोले तिब्बत भारततर्फबाट काठमाडौं उपत्यका आफ्नै मार्ग पनि पूर्वमा दोलखा नै थियो भन्ने अनुमान गरिएको छ । यसप्रकार किराँतकालदेखि नै दोलखामा बस्ती बसेको लिच्छवीकालमा तामाकोशीको किनारबाट केही मास्तिर सरी हालको बस्तीको जग बस्दै गएको (इ.शि स्व. बाबुराम आचार्यको अनुमान बुझिए) पनि ऐतिहासिक रुपमा दोलखाको उल्लेखन (हालसम्म अनुसन्धित सामाग्री अनुसार) ने.सं. ४४६ (वि.सं. १३८२) देखि भएको छ ।

ने.सं. ४४६ माघ शुक्ल तृतीयाको गोपाल वंशावलीमा दिल्ली (भारत)को सम्राट गयासुद्दीन तुगलकले सिम्रौनगढ ध्वस्त पारेपछि त्यहाँका परास्त राजा हरिदेवसिंह दोलखातिर लागेको र बाटोमा तीन पाटन (सिन्धुली)मा उनको मृत्यु भएको, छोरा र मन्त्री कैद परेको, परिवार पनि पक्रिएपछि दोलखाका माझी भारो (स्थानीय शासक) ले जम्मै धन हात पारेको घटना उल्लेख छ । गोपालराज वंशावलीको अर्को प्रसंग ने.सं.

४७७ वैशाख कृष्ण पञ्चमीको दिन केन्द्र (उपत्यका) मा देवल देवीको नायबी शासनको विद्रोह गर्ने सामन्त वध भालाई दोलखामा कैद गरियो भनिएको छ ।

यस प्रकार दोलखाको सम्बन्धमा ने.सं. ४४६ देखि ने.सं. ९५१ -वि.सं. १८८७) सम्म ऐतिहासिक सामाग्रीमा नेपाल संवत्को प्रयोग भएको छ ।

हालसम्म दोलखामा प्राप्त सबभन्दा पुरानो पिगलटोल नसुको ढुंगेधाराको सिरानमा अवस्थित सानो नारायण मूर्तिमा कुँदिएको अभिलेख हो । जसमा ने.सं ५८० वि.सं. १५१६मा सो मूर्ति स्थापना गरिएको भनिएको छ । ने.सं. ५८० फागुन शुक्ल त्रयोदशी मंगलवार उल्लेखित इन्द्रदेवको स्वर्ण मूर्ति (हरेक वर्ष इन्द्रजात्राको बेलामा प्रदर्शन गरिने यो मूर्ति २०५३ साल इन्द्रजात्राको पूर्वसन्ध्यामा हरायो) दिवंगत मनिकरत्न भारोको नाममा बनाइएको थियो । त्यस समयमा दोलखामा कीर्ति सिंह स्थानीय शासक थिए । उनले ने.सं. ५७४मा केन्द्रका राजा यक्ष मल्लले राज्य विस्तार गर्दा यक्ष मल्ललाई साथ सहयोग दिएको कुरा 'हिरण्यसप्तक' ग्रन्थमा प्रस्ट्याइएको छ ।

यक्ष मल्लको मृत्युपछि उपत्यका टुक्रिन गई केन्द्रीय शासन कमजोर भएपछि दोलखामा पनि कीर्ति सिंहका छोरा उद्धवदेवले आफूलाई स्वतन्त्र शासकको रुपमा घोषणा गरे जुन ने.सं. ६११ (वि.सं. १५४८) भाद्र कृष्णाष्टमीको दिन तीन धारा राइतीमा स्थापित कृष्ण मूर्तिको (यो मूर्ति पनि हराएको छ) पादपीठमा दोलखाधिपति श्री उद्धवदेव ठाकुरको पालामा भनिएकोले पुष्टि हुन्छ ।

यसपछिका राजा नरेन्द्रदेवले (ने.सं. ६३२मा) कोटीहोम गरी नारायण मन्दिर बनाउँदा उनीपछिका राजा उजीतदेव ठाकुरकी रानी श्रीन्मा रुपाले चतुर्दशी व्रत पुरा गरी (हाल भीमेश्वर मन्दिरको उत्तरपट्टिको गिर्जामा रहेको) उमामहेश्वरको मूर्ति स्थापना गर्दा (ने.सं. ६४०) मात्र होइन, उजीतदेवकै शासनकालमा भारदार हरिले कोर्छेमा माधवनारायण मन्दिर (ने.सं. ६४०) स्थापना गरि राखिएको शिलापत्रमा डोकलुंगामा अवस्थित नारायण मूर्ति जीर्णोद्धार गरि कुसुमका छोराले मन्दिरकै पर्खालबाहिर सरस्वती मूर्ति (ने.सं. ६४३) स्थापना गर्दा, ढुंगलटोलमा अध्यावधि इन्द्रजात्रामा प्रदर्शन गरिने आकाश भैरव भारदार रथन सगतिले निर्माण गराएको (ने.सं ६४४) भीमेश्वर मन्दिर स्थित लक्ष्मीसहितको गोपीनारायण विजयलक्ष्मीले ने.सं. ६४४मा स्थापना गरेको उजीतदेवको मुख्यमन्त्री जीवसिंह भारोले आफ्ना भीमेश्वर मन्दिर स्थित लक्ष्मीसहितको गोपीनारायण विजयलक्ष्मीले ने.सं. ६४४मा स्थापना गरेको उजीतदेवको मुख्यमन्त्री जीवसिंह भारोले आफ्नो दिवंगत पत्नी र पुत्रको नाममा ने.सं. ६४४ मा राइती नजिक गोपीनारायण मन्दिर स्थापना गरेको, श्यामसुन्दर टोलको नारायण मन्दिर बनाई हर्षराज भारोले आफ्नो सालिक पनि राखेको (ने.सं. ६४४) इतिहास नेपाल संवत्बाटै ठम्याइएको छ । उजीतदेवको शासनकाल उल्लेख भएको पालचुटी टोलको इन्द्र मूर्तिमा मात्र कुनै संवत् छैन ।

राजा उजीतदेवले तत्कालिन ललितपुरको महापाल शासक विष्णु सिंहको

निमन्त्रणामा ललितपुरको यात्रा गरी हिरण्यवर्ण महाविहारमा सुनको वस्तु र दुईवटा घण्टा चढाइएको ने.सं. ६५३ कार्तिक शुक्ल त्रयोदशी आइतवारको आलेख ताम्रपत्र छँदैछ ।

उजीतदेवपछि उनका छोराहरुको संयुक्त शासन दोलखामा पनि चल्यो । जेठा इन्द्रसिंह देवले आफू शासनको हर्ताकर्ता भई राजाधिराज कहलाउन पुगे । उनले एकापट्टि दोलखाधिपति श्री श्री जयन्द्रसिंह देव र अर्कोपट्टि पट्ट महादेवी श्री विजयलक्ष्मी भनी आफू र आफ्ना पटरानीको नाममा चाँदीको मोहर प्रचलनमा ल्याए । सो मोहरमा कुनै संवत् उल्लेख गरिएको छैन । कान्तिपुरका राजा महेन्द्र मल्लले पनि संवत् उल्लेख नगरी चाँदीको मोहर चलनचल्तीमा ल्याएका छन् । इन्द्रसिंह देव ने.सं. ६५५ मा नै राजा भएको, त्यसबेला ढुंगल, कोर्छे बहार (रानी दरवार)मा सुनको आकाश भैरव (हाथुद्यः) बनाई इन्द्रजात्रामा प्रदर्शन गरिने प्रचलन आरम्भ गरेको, इन्द्रसिंह देवले आफ्ना दिवंगत छोरी रमणीको नाममा चक्षुताराको मूर्ति बनाई चढाएको ने.सं ६६७ सम्मका अभिलेख मात्र होइन, भक्तपुरका राजा प्राण मल्ललाई एक्लो पार्न कान्तिपुर, फर्पिङ्ग, प्राण मल्लकै काका र दाजु समेतलाई सम्मिलित गराइएको ने.सं ६६८ को पशुपतिमा सम्पन्न एकान्नि शत्रु एकानी मित्र सन्धिमा दोलखाको तर्फबाट इन्द्रसिंह देवले हस्ताक्षर गरेको देखिएकाले उनी महेन्द्र मल्ल भन्दा जेठा भएकाले नेपालमा चाँदीको मोहर चलनमा ल्याउने प्रथम शासक ठहरिएका छन् ।

संयुक्त शासनको क्रममा इन्द्रसिंह देवको भाई (माहिला) नारायण देवको प्रभाव बढेपछि ने.सं. ६६९मा बजारको मुख्य भागमा बौद्ध स्तूप निर्माण गरेको अभिलेख अद्यावधि सो सिम्भू चैत्यमा छँदैछ । उनको शासनकालको ८ वटा अभिलेखन बौद्ध सम्प्रदायसँग सम्बन्धीत छन् । उनीपछि सत्तासीन भएका राजा जीतादेवको शासनकालमा राइती स्थित उमामहेश्वर मूर्ति (६७४) देखि भीमेश्वर मन्दिरसँग सम्बन्धित अभिलेख र रुपनारायण देवबाट स्थापित नारायण मन्दिर (हाल नष्ट भइसकेको) आदिमा प्राप्त ७ वटा अभिलेखमा शासक अनुलेखित सुनको तोरणमा (ने.सं. ६९३) मा नेपाल संवत् नै व्यवहृत छ । जीतादेवपछि राजा भएका भाइ (कान्छा) बासुदेवले भीमेश्वरमा चढाएको स्वर्ण गजुर (ने.सं. ६९३) काठमाडौं ओमबहालका शाक्य भिक्षुहरुले दोलखास्थित मछिन्द्रनाथ मूर्तिमा सुनको छत्र र प्रभा चढाएको (ने.सं. ७०१) र तत्कालीन संयुक्त शासक भागुदेवदेखि सत्यनारायण देवको पालामा महेश्वर दासले सपरिवार भीमेश्वरमा स्वर्ण चक्र चढाई राखेको ताम्रपत्रमा ने.सं. ७०४ उल्लेख छ ।

कान्तिपुरमा राजा शिवसिंह मल्ल गद्दीनसिन भएपछि (ने.सं. ६९५) उनले आफ्नो राज्य क्षेत्र विस्तार गर्ने क्रममा दोलखामा पुनः केन्द्रको प्रभुत्व जमाए । यसैले ने.सं. ७१९ मा भीष्मदेव ठाकुरले आफ्ना दिवंगत भाइ त्रिलोकदेवको नाउँमा बनाएको टोल्चा टोलको आकाश भैरवमा आफूलाई 'ठाकुर' मात्र उल्लेख गरेका छन् ।

भीमेश्वर मन्दिर छतको पातामा (ने.सं. ७३०) कान्तिपुर मरुटोल तरुमूल महाविहारका शाक्यभिक्षुहरुले दोलखा गई भीमेश्वरको मन्दिरमा सुनका छाना, कलश र गजूर चढाएको विवरणमा महाराजाधिराज परमेश्वर परमभट्टारक श्रीश्री जयशिवसिंह देव प्रभु ठाकुरको पालामा भनिएको छ। ने.सं. ७३१ को आकाशभैरवको मूर्तिको घाँटीमा कुँदिएको अभिलेखमा महाराजाधिराज श्री २ उजोतदेव ठाकुरको शासनकालमा पिंगल टोलका हरि भारोले बनाएको यो आकाश भैरवबाट इन्द्रयात्राको दिन र कार्तिक यात्राको दिन सधधार बगाउन पर्ने सोको लागि गुठीको व्यवस्था गरिएको पछि दोलखामा उत्पात हुँदा नष्ट भएकोले (धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठका अनुसार यो उत्पात भन्नाले शिवसिंह मल्लको आक्रमणलाई परोक्ष संकेत गरेको) श्रीश्री जयशिवसिंह देव प्रभु ठाकुरको पालामा विखमल भारोले जीर्णोद्धार गरी भैरव र पार्टी बनाएको दर्शाउँछ। तत्पश्चात् कान्तिपुरका राजाहरु लक्ष्मीनरसिंह मल्ल (ने.सं. ७५२) को पालामा पनि भैरव मूर्ति स्थापना गरिएको, प्रताप मल्लले भारादार शिवराममार्फत भीमसेनलाई पाँच थान दियो (बत्तीविशेष) चढाई बत्ती बाल्न र बलिपूजा गर्न गुठी राखिदिएको (ने.सं. ७६८) उनकै पालामा भीमेश्वर मन्दिरको पछिल्तिर भिज्वार भारो, शिवराम भारो र दोलखाका पंच प्रधानहरुले चुलकापसी चुलिका लिंगो (ने.सं. ७७४) स्थापना गरेको सुवर्णपत्रलगायत थुप्रै अभिलेख छन्। त्यसपछि कान्तिपुरमा क्रमशः नृपेन्द्र मल्ल, पार्थिवेन्द्र, भूपालेन्द्र मल्लले शासन चलायो। नृपेन्द्र मल्लले दोलखामा जग्गा सम्बन्धी कागतपत्र गरिएको प्रसंग बाहेक अरु अभिलेख पाइएको छैन।

भुपालेन्द्र मल्लपछिका राजा भास्कर मल्लले तराई गई आफैले हाती पक्री ल्याउन समर्थ भएपछि नाउँ बदली महीन्द्रसिंह देव राखेको (धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ) उनले दोलखाबाट बाज झिकाएबापत ६०० रुपिया बराबरको खेत दिएको पत्रमा संवत् नभए पनि चिलंखाको खर्क जोगीलाई दिएको बक्स पत्र (ने.सं. ८३६) सुनखानीका शिवाकोटीहरुलाई जग्गा विर्ताको रुपमा दिइएको ने.सं ८३६ को ताम्रपत्र र सुनखानीकै कुमायीलाई खर्क दिएको ने.सं. ८४० को ताडपत्र प्राप्त छन्। उनकै शासनकालमा दोलखाका प्रधानहरुले चुलकापसीमा चूडामणि प्रतिष्ठा गरी चढाइएको ने.सं ८३९मा उनले भीमसेनमा दशै पूजाको लागि भार्वूको खेत गुठी राखिदिएको ताम्रपत्र पनि पाइएका छन्।

इ.शि. बाबुराम आचार्य र डा. डिल्लीरमण रेग्मीका अनुसार महीन्द्रसिंह देव दोलखाकै राजा इन्द्रसिंह देवका सन्तान हुन्। राजा भाष्कर मल्लको महामारीमा निधन भएपछि मन्त्री झंगल ठाकुरले नायबी शासन गर्ने रानी भूवनलक्ष्मीलाई कैद गरी दोलखाका स्थानीय शासक महीन्द्रसिंह देवलाई कान्तिपुरको श्रीपेच पहिराइदिए। यी राजाले पछि केही वर्षका लागि ललितपुरको शासन पनि सम्हालेका थिए। आफ्नो नाममा मल्ल नलेख्नु, दोलखाको खासगरी भीमेश्वर पुजाआजाको लागि भेडपु ठूलो गुठीको

व्यवस्था गरी दोलखाप्रतिको लगाव ज्यादा दर्शाउन, उनीपछि राजा भएका जगज्जय मल्लले महीन्द्रसिंह देवले तोकेका स्थानिय उत्तराधिकारी नीलनारायण देवको प्रभुत्व स्वीकार नगरेकोले नीलनारायणले भक्तपुरको राजाको आडमा साँखुतिरबाट असफल आक्रमण गर्नु र कैदमा पर्नु जस्ता घटनाले पनि उनी दोलखाकै थिए कि ? जगज्जय मल्ल, जयप्रकाश मल्लका पालामा अभिलेख आन्तरिक विप्लवको कारणले जयप्रकाश मल्लको शासन कमजोर भै दोलखाका शासन भक्तपुरको राजा रणजीत मल्लको हात पर्दा उनी स्वयं ने.सं. ८७१ विजयादशमीमा छोरा र रानी सहित दोलखा गई भीमेश्वर मन्दिरमा घण्टा चढाएको अभिलेखमा ने.सं. प्रष्ट छ । यसप्रकार मल्लकालसम्ममा दोलखामा शिलालेख अभिलेख, ताम्रपत्र, ताडपत्र, सनदपत्र, चिठीपत्रमा राजकीय आदेश, लोक व्यवहारका अंशवण्डा पत्र, तमसुक, किनबेच, चिठीपत्रमा नेपाल संवत् नै व्यवहृत छ । दोलखामा प्राप्त ठ्यासफू (ऐतिहासिक घटनावली) ने.सं ७२१ देखि ७५० सम्ममा पनि ने.सं नै छ । ललितपुर मन्त्रसिद्धि महाविहारमा पाइएको ठ्यासफूमा ने.सं ८९१, ८९२का विभिन्न मिति तिथिमा दोलखा गई त्यहाँ अवस्थित सिम्भु चैत्यहरु जीर्णोद्धार गरी पुजाआजा गरेको बयान छ । यसैगरी प्रताप मल्लको पालामा लेखिएको स्तवराज पुस्तक, (ने.सं. ७७५) हितोपदेश (ने.सं. ८११), वेताल कथा (ने.सं ८३१), नेवारी अनुवादसहितको चाणक्य सारसंग्रह (ने.सं. ८८८) आदि हस्तलिखित ग्रन्थहरुमा पनि ने.सं. उल्लेख छ ।

वि.सं. १८११ (ने.सं ८७५)मा नेपाल एकीकरणको सन्दर्भमा पृथ्वीनारायण शाहले दोलखाका स्थानीय प्रशासकलाई हामीसँग मिल्न आओ, रक्षा हामी गरिदिन्छु नत्र बल प्रयोग गर्नुपर्ने भन्ने भाषाको पत्र पठाए । हुनत यसबेला वा यसअघि रणजीत मल्लले र जयप्रकाश मल्लले छुट्टाछुट्टै पत्र पठाई आफूलाई राजा मान्न आग्रह गरेका पत्रहरु पनि पाइएका छन् । जसमा तिथिमिति छैन । दोलालघाटमा काजी तुलाराम पाण्डेसित दोलखाका स्थानीय प्रशासकहरुले सम्झौता गरी नेपाल अधिराज्यमा पूर्णतः विलिन गराइयो । तत्पश्चात दोलखामा शक संवत् र विक्रम संवत् प्रचलन भएको देखिन्छ । तथापि वि.सं. १८२७ (ने.सं. ८९१) को छोइप वि.सं. १८८७ (ने.सं. ९५१) मा भक्तपुरका भक्तजनले भीमेश्वर मन्दिरमा चठाएका घण्टामा नेपाल संवत् नै उल्लेखनले शाहकालीन अवस्थामा पनि लोक व्यवहारमा नेपाल संवत्को उपयोग गरिएको देखिन्छ ।

नेपाल संवत् र दोलखा

❑ उपेन्द्र प्रधान

नेपालमा लिच्छविहरूले लगभग ७०० वर्ष राज्यसत्ता संचालन गरेको कुरा इतिहासबाट थाहा पाउन सकिन्छ । सात सय वर्षको राज्यसत्ता संचालनमा लिच्छवि वंशहरूले दुईवटा संवत् चलाएको देखिन्छ - 'शक' र 'लिच्छवि' । शक संवत् संस्कृतिको रूपमा विकास गरिएको र लिच्छवि संवत् राष्ट्रको नाममा संचालन गरिएको मान्यता रहेको पाउँछौं । यसपछि नेपाली संस्कृतिमा यी संवत् केही समय हराएका थिए भन्ने भनाइ रहेको छ । तैपनि लिच्छवि संवत्का बारेमा नेपालका इतिहासकाहरूबीच मतभिन्नता देखा नपरेका होइनन् । इतिहासकारहरू कसैले लिच्छवि संवत् नै हो भनेर भन्ने गरेका पाउँछौं भने कुनै इतिहासकारहरूले कार्तिकादि विक्रम संवत् भनेर दावी गरेको पाइन्छ । आखिरमा जस्तोसुकै मतभिन्नता भए पनि लिच्छवि वंशहरूले नेपालको भूमिमा संस्कृति र राष्ट्रको परिचय गराउन खोजेको कुरा इतिहासले देखाएको छ । लिच्छवि वंशहरूले छोडेर गएको संवत्, धर्म, कला, संस्कृति आदिले वर्तमान परिवेशमा आएर नेपालको पहिचान र गौरव कायम गर्न महत्वपूर्ण सहयोग गरेको छ । लिच्छविकालको अन्त्य र मध्यकालको उदयपछि अर्को नयाँ संवत् सुरू भएको हामी पाउँछौं, जुन संवत् हो नेपाल संवत् ।

नेपाल संवत् नेवारहरूको मात्र संवत् होइन, यो संवत् हामी सम्पूर्ण नेपालीको संवत् हो । कसैकसैले यो संवत्लाई नेवारहरूको मात्र संवत् ठानेका छन्, यो एउटा भ्रम मात्र हो । विशेषगरी नेवार समुदायहरूले प्रचारप्रसार गर्नुका साथसाथै मनाउँदै आएको कारणले गर्दा पनि नेवारहरूको संवत् हो भन्ने गरेको पनि हुनसक्छ । राजा राघवदेवको शासनकालमा शंखधर साख्वाः भन्ने एकजना व्यक्तिले आफ्नो सम्पत्तिले नेपाली जनताको

ऋण मोचन गरिदिएपछि नयाँ संवत् ल्याएको हो । नेपाल संवत्लाई नेपली जनताले इज्जत र गौरवका साथ मनाउँदै आउनुका साथै यसका प्रणेता शंखधर साख्वाःलाई विभूति मानिएको छ । हुन त हामीकहाँ विभिन्न संवत्हरू रहेका छन्, तर यो नेपाल संवत् र बुद्ध संवत् बाहेक अरू सबै संवत् बाहिरबाट ल्याइएका हुन् भन्ने मान्यता रहेको पाउँछौं । नेपाल संवत् म्हपूजाको दिनमा सुरु हुन्छ भने यो संवत्मा प्रयोग गरिएको तिथिमिति चन्द्रमासमा आधारित छ । मल्लकालमा नेपालमा देखापरेका विभिन्न ग्रन्थ एवं अभिलेखहरूमा नेपाल संवत्को प्रयोग भएको तथ्य हामीहरूले अहिलेसम्म पनि पाउँछौं । त्यसैगरी त्यसताका मूर्तिकला, वास्तुकला, शिलालेख जस्ता लेखोटहरूमा पनि नेपाल संवत्को प्रयोग भएको पाउँछौं ।

यसरी सुरु भएको नेपाल संवत्ले नेपाल अधिराज्यका काठमाडौं, ललितपुर, भक्तपुर, कीर्तिपुर र उपत्यका बाहिरका जिल्लाहरू दोलखा, रामेछाप, सिन्धुपाल्चोक, संखुवासभा, पाल्पा, नुवाकोट, प्यूठान आदि जिल्लाहरूमा आफ्नै छुट्टै पहिचान र ऐतिहासिक महत्व कायम गरेको पाइन्छ ।

यसै सन्दर्भमा ऐतिहासिक शहर दोलखा र नेपाल संवत्का बारेमा यहाँ केही चर्चा गर्नु सान्दर्भिक हुन्छ । दोलखा शहरमा नेपाल संवत् किराँतकालदेखि नै प्रयोग हुँदै आए तापनि विशेष गरी २०४६/४७ सालपछि मात्र यस संवत्लाई यहाँका बासिन्दाहरूले नयाँ वर्षको रूपमा मनाउँदै आइरहेका छन् । यहाँस्थित सामाजिक संघसंस्थाहरूले नेपाल संवत्को उपलक्ष्यमा आफ्नो मातृभाषाबाट कविता प्रतियोगिता, हाजिरी जवाफ प्रतियोगिताको आयोजना गर्दै आइरहेका छन् । त्यसैगरी नेपाल संवत् ११९८ को उपलक्ष्यमा काठमाडौंस्थित नेवार संस्था निभाः पुचः र दोलखास्थित दोलखा सेवा समाजको संयुक्त आयोजना एवं काठमाडौं र दोलखाबासी नेवार समुदायहरूको सहयोगमा काठमाडौं-दोलखा मोटरसाइकल च्यालीको आयोजना गरिएको थियो । यसरी हुँदा हुँदा विगत वर्षदेखि दोलखास्थित एक दर्जनभन्दा बढी विभिन्न सामाजिक संघसंस्थाहरूको प्रतिनिधित्व रहेको अभयपुर संघसंस्था समन्वय समितिको पहलमा नेपाल संवत्को उपलक्ष्यमा च्यालीको आयोजना गरिँदै आइरहेको छ ।

इतिहासमा उल्लेख भए अनुसार त्यसताका दोलखा जिल्ला पनि एक राज्य थियो भन्ने प्रमाण ग्रन्थावलीबाट थाहा पाउन सकिन्छ भने दोलखाको पूर्व सुनकोसी, पश्चिममा दूधकोशी, उत्तरमा तिब्बतको सिमानादेखि लिएर दक्षिणमा तामाकोसी र सुनकोसीको संगम विन्दूसम्म सिमाना रहेको छ । इतिहास शिरोमणि बाबुराम आचार्यको भनाइ अनुसार किरातकालदेखि लिच्छविकालसम्म दोलखामा नेवारी बस्ती रहेको थियो । दोलखामा नेपाल संवत्को ४४६-९५१ सम्ममा विभिन्न ऐतिहासिक कलाकौशलमा प्रयोग गरिएको पाइन्छ । यसैगरी दोलखामा हालसम्म उपलब्ध भएका भीनपा वडा नं. ४ स्थित नसुको ढुंगेधारामाथि अवस्थित नारायण भगवान्को मूर्तिमा कुँदिएको अभिलेखमा पनि

नेपाल संवत्को प्रयोग भएको पाउँछौ., जसमा नेपाल संवत् ५८० अर्थात् विक्रम संवत. १५१६ मा स्थापित भएको भनी उल्लेख भएको छ। त्यसैगरी हरेक इन्द्रजात्राको बेलामा प्रदर्शन गरिने मूर्तिमा पनि नेपाल संवत् ५८० लेखिएको पाइन्छ। यसैगरी राजा यक्ष मल्लको राज्य विस्तारको समयमा ने.सं. ५७४ लेखिएको पाउँछौं। यसैगरी जिवसिंह भारोले आफ्नो पुत्र र पत्नीको नाउँमा नेपाल संवत् ६४४ मा भीनपा-२ तीनधारा (राइती) स्थित गोपीनारायणको मन्दिर स्थापना गरेको पाइन्छ। राजा इन्द्रसिंह देव ६५५ मा राजा भएको बेला दुंगल कोर्छे विहारमा सुनको आकाश भैरव बनाई इन्द्रजात्रामा प्रदर्शन गर्न प्रारम्भ गरेको पाइन्छ। यसैगरी महेश्वरदासले चढाएको ताम्रपत्रमा पनि नेपाल संवत् ७०४ उल्लेख गरिएको पाइन्छ। यी विभिन्न प्रमाणहरूको कारणले गर्दा दोलखा र नेपाल संवत्को गाढा सम्बन्ध रहेको पुष्टि हुन्छ।

नेपाल संवत्को वर्षारम्भमा पुनर्विचार आवश्यक

❑ प्रमोदवर्धन कोण्डन्न्यायन

हाम्रो कालगणना गर्ने पद्धतिको मौलिक स्रोत वैदिक कालगणना पद्धति नै देखिन्छ। वैदिक कालगणना पद्धतिमा धार्मिक वर्ष सौर नमानी चान्द्र मानिन्छ। वैदिक वर्षको आरम्भ शुक्ल पक्षको प्रतिपदामा हुन्छर समाप्ति औंसीमा हुन्छ। यसैगरी अयन, ऋतु र महिना पनि चान्द्र गणनाबाटै मानिने कुरा बुझिन्छ। यसो भए तापनि दिन-रात हुनमा र जाडो-गर्मी वर्षा हुनमा कारण सूर्य नै रहेकाले भौतिक सौर वर्ष, अयन, ऋतु र महिनाको पनि विचार राखी चान्द्र गणनालाई व्यवस्थित गरिनुपर्ने कुरा वेदबाटै सिद्ध हुन्छ। मोटामोटी रुपमा सौर वर्ष ३६५ दिनको हुन्छ र चान्द्रवर्ष ३५४ दिनको हुन्छ। यसैले सौर वर्षभन्दा चान्द्र वर्ष र सौर ऋतुभन्दा चान्द्र ऋतु पनि छोटा हुन्छन्। त्यसो हुनाले कुनै बेला चान्द्र र सौर ऋतु सँगै प्रारम्भ भए पनि पछि-पछि तिनको प्रारम्भमा फरक बढ्दै जान्छ। यस स्थितिमा धार्मिक चान्द्र वर्षको र चान्द्र ऋतुको भौतिक सौर वर्ष र सौर ऋतुसित तालमेल स्थापित गर्नु उचित हुन आउँछ। यस्तो तालमेल मिलाउन वेदमा चान्द्रवर्षमा अधिमास मानिएको पाइन्छ। यस्तो अधिमासको उल्लेख ऋग्वेदमा पनि 'वेदा य उपजायते' भन्ने मन्त्रांशमा (१/२५/८) छ मा.वा. शुक्लयजुर्वेदसंहितामा (७/३०) र तैत्तिरीयकृष्णयजुर्वेदसंहितामा (१/४/१४/१) पनि तेह्रौं मासका रुपमा अधिकमासको उल्लेख भएको देखिन्छ। यस प्रकारको अधिकमास गन्ने वैदिक पद्धति भने आजभोलिको चल्तीको पद्धतिभन्दा भिन्न छ। यो पद्धति लगधप्रोक्त वेदाङ्गज्योतिष, कौटलीयअर्थशास्त्र इत्यादि ग्रन्थमा पाइन्छ। यस पद्धतिमा उत्तरायणका अन्तमा आषाढमा

वा दक्षिणायनका अन्तमा पौषमा मात्र अधिकमास पर्छ। यो पद्धतिको प्रयोग लिच्छविकालमा पनि हुने गरेको कुरा त्यस बेलाका अभिलेखहरुबाट बुझिएको छ। मल्लकालमा पनि पछिसम्म नै यो पद्धति प्रयोगमा रहेको कुरा पनि ज्ञात हुन्छ। अधिकमास मान्ने यो पद्धतिको निकटभूतकालका र वर्तमानकालका ज्योतिषीहरुबाट ठीकठाक व्याख्या हुन नसकिराखेकोमा स्वाद्ध्यायशालाबाट प्रकाशित (२०५२) वैदिक मन्त्र-सङ्ग्रहका परिशिष्टमा (पृ. १३७) वैदिक परम्पराको पूर्ण अनुकूल र युक्तियुक्त रुपमा त्यस अधिकमास गणना पद्धतिको व्याख्या गरिएको छ। त्यसमा अझै पनि कुनै वैदिक आस्तिक ज्योतिषी-धर्मशास्त्रीलाई शंका भए त्यस विषयमा पत्र-पत्रिकाद्वारा खुला र लिखित प्रश्नोत्तर प्रक्रिया चलाउन सकिन्छ।

उक्त प्रकारले चान्द्र र सौर वर्षहरुको तालमेल बसाएर गरिने वैदिक वर्षगणनामा वर्षको आरम्भ कहाँबाट मान्ने भन्ने प्रश्न उठ्छ। त्यसमा सौरतर्फको मात्र विचार गर्दा दृकसिद्ध सौर उत्तरायणारम्भबाट वा वसन्तको विषुव (रात र दिन बराबर हुने समय)बाट वा दक्षिणायनारम्भबाट वा शरद्को विषुवबाट नववर्षको आरम्भ मान्न सकिने देखिन्छ। तथापि सौर ऋतुको पनि विचार गर्दा वसन्तविषुवमा र शरद्विषुवमा सम्बद्ध ऋतुहरुको प्रारम्भ हुने समय नपरी बीचको समय पर्ने हुँदा त्यस समयमा नवर्षारम्भ मान्नुभन्दा उत्तरायणारम्भमा शिशिर ऋतुको पनि सँगै आरम्भ हुने हुँदा उत्तरायणारम्भबाट अथवा दक्षिणायनारम्भमा वर्षा ऋतुको पनि आरम्भ हुने हुँदा दक्षिणायनारम्भबाट नवर्षारम्भ मान्नु युक्तियुक्त देखिन्छ। त्यसमा पनि उत्तरायणकाल देवताको दिन र दक्षिणायनाकाल देवताको रात मानिने हुँदा देवताको दिनको प्रारम्भबाट नै नववर्षको प्रारम्भ मान्नु समुचित मानी उत्तरायणको प्रारम्भसँगै वैदिक नववर्षको प्रारम्भ मान्ने गरिएको देखिन्छ। त्यसमा पनि वैदिक कालगणनामा धार्मिक वर्ष चान्द्रवर्ष नै मानिने हुँदा वैदिक धार्मिक नववर्षको आरम्भ शङ्कु (विभिन्न समयमा हुने छायाँको घटबढ जान्न घाम लाग्ने ठाउँमा गाडिएको किलो)का छायाँका विचारबाट जान्न सकिने दृकसिद्ध सौर उत्तरायणारम्भका दिनबाट नमानी त्यस दिनभन्दा अगाडिको नजिकैको अथवा अत्यन्त निकटको भए पछाडिको शुक्लप्रतिपदाबाट मानिन्छ। मूल वेदाङ्गज्योतिषले प्रतिपादन गरेको वैदिक वर्षगणनाको पद्धति यही नै हो। यस विषयमा पनि वैदिक परम्पराका कुनै आस्तिक सज्जनलाई कुनै शङ्का भए पत्रपत्रिकाद्वारा लिखित र खुला प्रश्नोत्तर प्रक्रिया चलाउन सकिन्छ।

मूल वैदिक वाङमयमा र महाभारतसम्ममा पनि उल्लिखित नभएका मेष, वृष इत्यादि राशिका आधारमा अर्वाचीन कालमा बनाइएका मास-अधिमास वर्षहरुका परिभाषाहरु र तिनै परिभाषाअनुसारका कल्पित तथाकथित धर्मशास्त्र वचनहरुका कुरा पनि अनादिपरम्परासिद्ध र वैदिकवाङमयका अनुकूल कुरालाई मात्र धर्मका रुपमा मान्ने मूल वैदिक परम्परामा धर्मका रुपमा मान्य हुन सक्तैनन्। तसर्थ वैदिक वर्षगणना पद्धति

अयनारम्भका आधारमा नै चल्ने कुरा मान्नैपर्ने देखिन्छ ।

उक्त पृष्ठभमिमा अब विशेष रुपमा नेपाल संवत्का नववर्षारम्भका विषयमा विचार गरिन्छ ।

आजभन्दा ११२३ वर्षअघि नेपाल संवत्को प्रारम्भ हुँदा नेपालमा लिच्छविकालदेखि चलिआएको मूल वैदिककालगणना पद्धति नै प्रचलनमा रहेको बुझिन्छ । लिच्छविकालमा मूल वैदिक कालगणना पद्धति प्रचलनमा रहेको कुरा लिच्छविकालका अभिलेखहरुमा लगधप्रोक्ता मूल वेदाङगज्योतिषअनुसारका अधिकमासहरुको उल्लेख पाइएकाले स्पष्ट रुपमा बुझिन्छ । लगधप्रोक्त मूल वेदाङगज्योतिषअनुसार उत्तरायणका वा दक्षिणायनका अन्तमा आषाढ वा पौषमा मात्र अधिकमास पर्छ । लिच्छविकालका अभिलेखहरुमा पनि आषाढमा वा पौषमा मात्र अधिकमास परेको कुरा देखिन्छ । आजभोलिको पञ्चाङ्ग निर्णायक समितिले सकारेको कालगणना पद्धतिका पञ्चाङ्गमा पौषमा अधिकमास कहिल्यै पनि पर्दैन । उक्त वैदिक कालगणना पद्धति नेपाल उपत्यकामा मल्लकालमा पनि प्रचलनमा रहेको देखिन्छ । यो कुरा आजभन्दा ५४२ वर्षअघि राखिएको भक्तपुरको दत्तात्रेय मन्दिरको ५८२ ने.सं. (१५१८ वि.सं.)को अभिलेखमा पनि पौषमा अधिकमास परेको कुरा देखिएकोबाट स्पष्ट हुन्छ । चतुर्दशीबाहेक अरु तिथि नघट्ने नटुट्ने र कुनै पनि तिथि दुई दिन नहुने वैदिक तिथिगणना पद्धतिको अवशेष त चन्द्रशमशेरका हुकुमले राजकीय लेखापढीमा चान्द्रमासका सुदि वदि नलेखेर सौरमासका गते लेख्ने व्यवस्था नबाँधिइञ्जेल १९६० संवत्सम्म पनि सामान्य लोकव्यवहारमा पनि नेपालमा प्रचलनमा रहिरहेकै देखिन्छ । नेपाल संवत्का सबै प्रमुख तिथिपर्वहरु चान्द्रमासका नै देखिन्छन् । नेपाल संवत्को चान्द्रमास पनि पञ्चाङ्ग निर्णायक समितिले सकारेको जस्तो चान्द्र नववर्षारम्भमा र अधिकमासमा डोठ्याङ खाने खालको पूर्णिमान्त (कृष्णपक्ष प्रतिपदाबाट प्रारम्भ भई पूर्णिमामा समाप्त हुने) नभई पूर्णतया वैदिक धार्मिक परम्पराको अनुरुप र नववर्षारम्भमा र अधिकमासमा पनि डोठ्याङ नखाने खालको अमान्त (शुक्लपक्षका प्रतिपदादेखि थालिएर अमावश्यामा अन्त हुने) छ । उक्त कुराहरुबाट नेपाल संवत्को कालगणना पद्धति मूल वैदिक कालगणना पद्धतिको अत्यन्तै अनुकूल रहिआएको हुनुपर्ने देखिन्छ ।

उक्त प्रकारका वस्तुस्थितिबाट नेपाल संवत्को नववर्षको आरम्भ पनि वैदिक नववर्षको आरम्भजस्तै वैदिक कालगणना पद्धतिअनुसारका तपश्शुक्लप्रतिपदाबाट (माघ शुक्लप्रतिपदाबाट) नै मानिनुपर्ने कुरा देखिन आउँछ । वैदिक पञ्चवर्षात्मक युगको प्रारम्भको गणित देखाउँदा वराहमिहिरले पञ्चसिद्धान्तिकाका पैतामहसिद्धान्तमा 'द्व्यूनं शकेन्द्रकालं पञ्चभिरुद्धृत्य' भन्ने कुरा उल्लेख गरी शकवर्षका अंकमा दुई (२) घटाई पाँच (५) ले भाग गरेर वैदिक युगका वर्षको ज्ञान गर्ने कुरा देखाएको र नेपाल संवत् पनि शकाब्दका नवौं शतकका प्रारम्भका दुई (२) वर्ष छोडि तेस्रो वर्षलाई नेपाल संवत्को पहिलो वर्ष मानी चलाइएको देखिएकाले नेपाल संवत्को वैदिक पञ्चवर्षात्मक

युगव्यवस्थासित विशेष सम्बन्ध भएको कुरा यस तथ्यबाट पनि झल्कन आउँछ । यसबाट पनि नेपाल संवत्को प्रारम्भ माघशुक्लप्रतिपदाबाट नै मानिनुपर्ने देखिन्छ । तथापि नेपाल संवत्को प्रारम्भ कार्तिकशुक्ल प्रतिपदामा नै हुने कुरा मानिदै आएको छ । यसको कारणको विशेष अनुसन्धान हुनुपर्ने देखिन्छ । पूर्वलिच्छविसंवत् पनि कार्तिकादि नै भएको कुरा लिच्छविसंवत्का 'निर्णायक', 'निश्चायक' इत्यादिले गरेका छन् । किन्तु यस कुराको सप्रमाण खण्डन गरिसकिएको छ (गोप २०५५/१/१२) बाबुराम आचार्यले नेपाली (त्रैमासिक) पत्रिकाका ४२ औं पूर्णाङ्कमा (२०२६ माघ, फागुन र चैत, पृ. ७-१०) कुपाणहरुको काठमाण्डु उपत्यकामा प्रवेश भएपछि तिनले कुपाणवर्ष गणना पद्धति यहाँ प्रचलित गरिदिएकाले यहाँका सवत्हरु कार्तिकादि हुने परम्परा बसेको हो भन्ने कुरा लेखेको देखिन्छ । किन्तु त्यो कुरा पनि मान्न सकिने देखिदैन । किनभने उनले भने झैं पूर्वलिच्छविसंवत् कार्तिकादि भएको मान्न सकिन्न । यस स्थितिमा नेपाल संवत्को प्रारम्भ कार्तिकशुक्ल प्रतिपदामा किन मान्ने गरिएको हो भन्ने कुराको अरु अनुसन्धान गर्नु नितान्त आवश्यक देखिन्छ ।

सूर्यविक्रम ज्ञवालीले नेपाल उपत्यकाको मध्यकालीन इतिहास भन्ने ग्रन्थमा (पृ. ६, ७) कर्णाटवंशी राजा नान्यदेवका प्रभावले गर्दा नेपाल संवत् कार्तिकादि भएको भन्ने मत र शङ्कराचार्यका अवतारका रुपमा मानिएका र नेपालमा आएका एक दक्षिणी ब्राह्मणका प्रभावले नेपाल संवत् कार्तिकादि भएको होला भन्ने आफ्नो मत पनि देखाएका छन् । किन्तु लिछविकालमा पनि चान्द्रमासहरु अमान्त नै भएको बुझिन आएको र वेदाङ्गज्योतिषमा पहिलो नक्षत्र मानिएको कृत्तिका नक्षत्रसित सम्बद्ध पूर्णिमा तिथि हुने, कार्तिक महिनालाई पहिलो महिना मानी कार्तिकादी वर्षगणना गर्ने पक्ष पनि वैदिक परम्परामा कतै चलेको हुनसक्ने देखाएको हुनाले ज्ञवालीका उक्त भनाइ पनि सहसा स्वीकार्य हुन सक्ने देखिदैन । शरद् विपुवदेखि (शरद ऋतुको रात र दिन बराबर हुने दिनदेखि) वसन्त विपुवसम्म (बसन्त ऋतुको रात र दिन बराबर हुने दिनसम्म) दक्षिणायण र वसन्त विपुवदेखि शरद विपुवसम्म उत्तरायण मान्ने पक्ष पनि परम्परामा कतै भएको जस्तो बुझिएकाले दक्षिणायणका प्रारम्भबाट नववर्षको प्रारम्भ मान्ने विचारबाट पनि वर्ष कार्तिकादि हुने अर्थात् कार्तिकशुक्ल प्रतिपदामा नेपाल संवत्को नववर्ष प्रारम्भ हुने कुरा मानिएको हुन सक्ने बुझिन्छ । यस विषयमा अरु अनुसन्धान र विचार चलाउँदै रहनुपर्ने देखिन्छ ।

शंखधर "राष्ट्रिय विभूति" घोषित तर पूर्वाधारहरू शून्य

❑ **वस्तुराज 'शीतल'**

नेपालको आफ्नै मौलिक संवत् नेपाल संवत्का प्रवर्तक शंखधर साख्वाःलाई श्री ५ को सरकारले मंसिर ३ गते 'राष्ट्रिय विभूति' घोषित गरेको छ । काठमाडौंका जनतालाई ऋणमुक्त गराई नेपाल संवत् चलाउने काम प्रारम्भ गरेको हुनाले निकै लामो वर्षपछि शंखधरलाई राष्ट्रिय विभूतिको रूपमा घोषित गरिएको चर्चा भाषाविद्हरूबीच भएको छ ।

काठमाडौंको सिंहसत्तलदेखि भीमसेनस्थानस्थित इलाछेँ बासस्थान रहेका श्री साख्वालले इतिहासकार सूर्यविक्रम ज्ञवालीको 'नेपाल उपत्यकाको मध्यकालीन इतिहास' अनुसार बिहिबार २० अक्टोबर ८७९ (कार्तिक शुक्ल प्रतिपदा, वि.सं. ९३६) मा नेपाल संवत् प्रारम्भ गर्नुभएको उल्लेख छ । ज्योतिष शास्त्रविद् मंगलराज जोशीका अनुसार नेपालमा प्रचलन भइरहेका पञ्चाङ्ग (पात्रो)हरूमा नेपाल संवत्लाई 'श्री शंखधरकृत नेपाल संवत्' उल्लेख गर्ने चलन रहेको छ । त्यसबाट शंखधरद्वारा नेपाल संवत् प्रारम्भ गरेको स्पष्ट हुन्छ ।

शंखधर साख्वाल राष्ट्रिय विभूतिको रूपमा घोषित भएपछि अहिले नेपालमा राजा जनक, सीता, बुद्ध, अरनिको, अंशुवर्मा, राम शाह, पृथ्वीनारायण शाह, अमर सिंह, बलभद्र कुँवर, भानुभक्त, मोतिराम भट्ट र त्रिभुवन राष्ट्रिय विभूतिको रूपमा सार्वजनिक भएको देखिन्छ ।

विज्ञहरूबाट सार्वजनिक गरिए अनुसार राघवदेव र आनन्ददेवको पालामा

शंखधर साख्वालले उक्त संवत् सुरुवात गरेको हो ।

हो, राष्ट्र र राष्ट्रियताको स्वाभिमान जगाउने व्यक्तिहरूको अध्ययन र अनुसन्धान गरेर राष्ट्रिय विभूतिहरू घोषणा गर्नु स्वाभाविक छ । त्यस्तो राष्ट्रिय व्यक्तित्वहरूको जन्म, जीवनचर्चा, जीवनकालमा गरेका योगदान र आवश्यकताका पहिचानहरूबारे पनि थप अध्ययन अनुसन्धान गर्नु जरूरी छ । अझ विज्ञ, विद्वान तथा इतिहासकार र ज्योतिषीहरूको राय बुझेर सार्वजनिक गर्नु अति आवश्यक छ । कुनै पनि व्यक्तिको राष्ट्रिय स्वाभिमान र व्यक्तित्वलाई कुण्ठित राख्नु उचित लाग्दैन । त्यस्ता व्यक्तिहरूको कुनै विवाद या शंकास्पदका भनाइहरू छन् भने छलफल, अन्तरक्रिया, विचार आदान-प्रदान, अध्ययन, अनुसन्धान र विज्ञहरूकै एक आपसको छलफलबाट वास्तविकता पहिचान गर्नुपर्छ । जब वास्तविता पत्ता लाग्छ तब जसरी अन्य राष्ट्रिय विभूतिहरूको चर्चा परिचर्चा अधिराज्यभर र विदेशमा समेत फैलाउन गरिएको छ । त्यसरी नै शंखधर साख्वालको सन्दर्भमा पनि विभिन्न साहित्यिक ग्रन्थहरू प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित गरेर र अधिराज्यका विद्यालयहरूमा पठनपाठन गराउन विज्ञहरूबाटै शंखधरको पाठ्यपुस्तक प्रकाशित गर्नुपर्दछ ।

कुनै पनि व्यक्तिलाई 'राष्ट्रिय विभूति' घोषित गर्ने तर राष्ट्रिय विभूतिबाट घोषित व्यक्तिहरूको कुनै प्रचारप्रसार नगर्ने, पाठ्यपुस्तकमा समावेश नगर्ने हो भने राष्ट्रिय विभूतिको घोषणा गर्नुको कुनै मतलब हुँदैन । जसरी सरकारले 'राष्ट्रिय विभूति' घोषणा गरेको छ त्यसरी नै प्रत्येक नेपालीले त्यसको पहिचान, इतिहास र जीवन र जीवनको महत्व थाहा पाउन दिनु आवश्यक छ । राष्ट्रिय-अन्तर्राष्ट्रिय दिवस र चाडपर्वहरूमा शुभकामना र सन्देश बाँडे झैं नेपाल संवत् ११२० को अवसरमा शंखधरलाई राष्ट्रिय विभूति घोषणा गरेर अरू केही नगर्ने हो भने ढुंगालाई पूजा गरे झैं मात्र हुनेछ - शंखधर साख्वाललाई ।

अतः शंखधर साख्वाललाई कुनै एउटा उपयुक्त स्थानमा उपयुक्त समयमा या सन्दर्भ मिलाएर थप प्रतिमाहरू स्थापना गर्नुपर्दछ । पाठ्यपुस्तक लगायत अन्य साहित्यिक ग्रन्थहरू प्रकाशित गर्नैपर्छ ।

शंखधर साख्वालको कुनै सामाजिक संस्था, व्यक्ति या त्यस्तै कुनै समुदायको भरमा मात्र गरेको प्रचार प्रसारलाई सरकारले सन्तोष मान्यो भने त्यो झारा टार्ने काम बाहेक अर्को हुँदैन ।

अब प्रश्न उठ्छ, हो 'राष्ट्रिय विभूति'को घोषणा गर्नु ठीकै मानौं । तर राष्ट्रिय विभूतिको घोषणा अध्ययन र अनुसन्धान गरेर गरेको हो ? पूर्वाधारहरू तयार गरेर घोषणा गरेको हो ? राष्ट्रिय विभूतिको रूपमा कसरी परिचय दिन खोजेको छ ? ती पूर्वाधारहरू किन राष्ट्रिय विभूतिको रूपमा घोषणा गरेपछि सार्वजनिक गर्दैनन् ?

सम्भवतः शंखधर साख्वाललाई मात्र शब्दले 'राष्ट्रिय विभूति'को उपाधि दिएको

हुनुपर्छ। चाहेर, मन परेर भन्दा पनि लोक पत्यारको लागि मात्र त्यो उपाधि दिएको अनुमान किन गर्न मिल्दैन ? जसरी लोक पत्यार गर्न, जनमत बटुल्न र किसान मजदुरहरू आफ्नो हातमा लिन एमालेले मार्क्सवाद-लेनिनवाद भनेर, कम्युनष्टि पार्टी भजेर जनताबीच छलछाम गरिरहेको छ।

अहिले प्रत्येक संस्कृतविद्, इतिहासकार, ज्योतिषीहरूको मनमा खुल्दुलीको विषय बनिरहेको छ- शंखधर साख्वाललाई 'राष्ट्रिय विभूति' घोषणा गरेर के राष्ट्रिय कार्यक्रम ल्याउँदैछ ? के राष्ट्रव्यापी अभियान संचालन गरिनेछ- खूब चर्चाको विषय बनेको छ। आशा एवं विश्वास छ - साँच्चै साख्वाललाई 'राष्ट्रिय विभूति'को रूपमा विभूषित गरिएको हो भने व्यवहारले पनि सम्मान र कदर गर्नुपर्छ।

नेपाल संवत्
राष्ट्रिय संवत्

❑ यम विरही

प्राकृतिक सुभाषले भरिपूर्ण नेपाल विश्वमा छुट्टै पहिचान बोक्दै आएको मुलुक हो । नेपाल सानो र सुन्दर मुलुक भइकन पनि अनेक भाषा, संस्कृति, सम्पदा र जातिको उपस्थितिले विविधताबीच एकता पनि कायम छ ।

नेपालीको आधारभूत विशेषता नै विषमता र विविधताबीच साझा समन्वयको संस्कृति हो । प्राचीन नेपालमा मुख्यतया हिन्दू र बुद्ध धर्महरू विद्यमान रहेको इतिहासबाट प्रमाणित हुन्छ । हिन्दू र बुद्ध धर्म मान्नेहरूका लागि उपत्यकाका स्वयम्भू र पशुपतिनाथ धार्मिक धरोहरका रूपमा परापूर्वकालदेखि नै अवस्थित छन् । परम्परागत ऐतिहासिक पृष्ठभूमिबाटै नेपालको मौलिक संस्कृतिका मूल विशेषताहरू निःसृत भएका छन् । यस सम्बन्धमा विभिन्न धार्मिक, सांस्कृतिक मान्यता अनुसार नेपालमा रञ्जनालिपिमा लिपिबद्ध (मौलिक रूपरेखा लिपिबद्ध भएको) आफ्नै प्रकारको संवत् विद्यमान छन् ।

आफ्नै तिथिको आधारमा शुभसाइत् घडी अनुसार मानव जीवनका विविध कर्महरू चलिरहेका छन् । यसैक्रममा नेपाल संवत्को प्रचलन पनि यहाँ आएको हो । इतिहासविद्का अनुसार, सो संवत् बर्षेनी 'कछलाथ्व' प्रतिपदाको दिनमा फेरिन्छ । यस दिनलाई पवित्र पर्वको रूपमा ग्रहण गर्दै आइरहेको पाइन्छ ।

ऐतिहासिक दस्तावेजका आधारमा नेपाल संवत् प्रणेताका रूपमा शंखधर साख्वाः (जो लिच्छविकालीन समाजसेवी व्यापारी थिए)लाई लिइन्छ । इतिहासविद् प्राध्यापक लीलाभक्त मुनकर्मी शंखधरलाई जनमानसमा साखः, साख्वाः वा शंख्वाः भनिएका विभिन्न

दस्तावेजहरू भएको बताउनुहुन्छ । यी सबै नामसँग सम्बन्धित थरको सन्धिविच्छेद गर्दा साख्वाः थर रहेको हुनसक्ने तर्क उहाँको छ ,। लिच्छविकालीन समयताका जन्मिएको भए तापनि शंखधरको प्रामाणिक जन्म मिति हालसम्म थाहा हुन नसकेको प्रा. मुनकर्मी बताउनुहुन्छ । तथापि, नेपाल संवत् कसले चलायो र कहिलेदेखि राज्यले चलायो भन्ने सन्दर्भमा कुनै विवाद नरहेको ठहर उहाँको छ ।

भाषा वंशावलीभन्दा सयौं वर्ष पुरानो मानिएको भक्तपुरको जेंलाटोलमा अवस्थित एक शिलापत्रले शंखधर साख्वाः जनतामा लोकप्रिय व्यक्तित्वका रूपमा स्थापित भएको भन्ने पुष्टि मिल्छ ।

सो शिलापत्र राजा भूपतीन्द्र मल्लको समयताका जनस्तरबाट राखिएको प्रमाण शिलापत्रबाटै प्रष्ट हुन्छ । शिलापत्रमा 'नेपाल भाखा साख्वाः संवत् ८२६' भनी उल्लेख छ । नेपाल संवत् स्थापना गरेका कारण शंखधर साख्वाःलाई स्नेहबश जनताले शंख्वाः भनी सम्बोधन गरेको हुनसक्ने भनाइ पनि नभएको होइन । शंखधर साख्वाःले नै नेपाल संवत् स्थापना गरेको भन्ने अर्को प्रमाण राजा योगनरेन्द्र मल्लका समयको 'नेपाल संवत् ८०८'मा लेखिएको ऐतिहासिक लिखतबाट पनि प्रष्ट हुन्छ । सो लिखतमा साख्वाः नामक व्यक्तिले संवत् परिवर्तन गरेर नेपाल संवत् चलाएको भन्ने व्यहोरा उल्लेख छ ।

वि.सं. १९६० सम्म नेपाल संवत् सरकारी कामकाजकै रूपमा चलिआएको भनाइ इतिहासविद्को छ । निरंकुश राणा प्रधानमन्त्री चन्द्रशमशेर जबराको समयदेखि नेपाल संवत्लाई सरकारी कामकाजी भाषाको प्रचलनबाट हटाइएको बताउँदै प्रा. लीलाभक्त मुनकर्मी भन्नुहुन्छ - नेपाल संवत्लाई सरकारले प्रचलनमा ल्याउँदा अरू कुनै संवत्लाई होच्याएको मानिदैन, तत्कालीन शासकद्वारा अज्ञानतावश वा भयका कारण नेपाल संवत्लाई सरकारी कामकाजको प्रचलनबाट हटाइएको हो ।

नेपाल संवत्को विषयमा पुरानो पुस्ताका लेखकद्वय धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठद्वारा लिखित नुवाकोटको ऐतिहासिक रूपरेखा र दोलखाको ऐतिहासिक रूपरेखा नामक ग्रन्थबाट शाहकालमा घरायसी लिखत र अभिलेखमा नेवार भाषा र नेपाल संवत्को प्रयोग भएको पुष्टि मिल्छ । यसैगरी, कविकेशरी चित्तधर हृदयले 'नेपालभाषा साहित्यया जातः' नामक पुस्तकमा काठमाडौं खाल्डोमा बसाइँ सरी भोजपुर पुगेका नेवार समुदायले नेपाल संवत् प्रयोग गरी अभिलेख राखेको विषय उल्लेख गरेका छन् ।

विक्रम संवत्भन्दा ९ सय ३६ वर्ष ७ महिनापछि र ईस्वी संवत् भन्दा ८ सय ७९ वर्ष १० महिना १५ दिनपछि नेपाल संवत् सुरू भएको मानिन्छ । नेपाल संवत्बारे इतिहासकार प्रो. ढुण्डिराज भण्डारीले नुवाकोट ठकुरी वंशका प्रथम राजा भाष्करदेव वर्माको शासनकालमा लेखिएको 'विष्णु धर्म' नामक हस्तलिखित ग्रन्थमा सो ग्रन्थको निर्माणकाल राजा राघवदेवले प्रचलित गरेको नेपाली संवत् १६७ उल्लिखित भएको आफ्नो ऐतिहासिक कृतिमा बताउनुभएको छ ।

इतिहासविद् डा. चुन्दा बज्राचार्य पनि उल्लिखित जनश्रुतिको चर्चा गर्दै भन्नुहुन्छ- शंखधर साख्वाःले धनी भएका कारण सबै नेपालीको ऋण तिरिदिएर सबै नेपाली मुक्त भएको उपलक्ष्यमा चलाइएको संवत्लाई नेपाल संवत्को रूपमा लिईदै आएको छ ।

वि.सं. ६३३ मा नयाँ संवत् चलेको प्रमाणित चर्चा गरिएको 'सुमतितन्त्र'' जसमा हरेक संवत्को प्रवर्तकहरूको नाम र भोग वर्षसमेत सही किटान गरिएको ग्रन्थमा नेपाल संवत्का प्रवर्तकको चर्चा नभए पनि संकेत समेत नहुनु चर्चाको विषय भएको भनाइ पनि नभएको होइन ।

'नेपाल संवत्'को शुभअवसरमा म्हपूजा (आत्मापूजा) गरी एकले अर्कालाई शुभकामना बाँड्दै सुख, शान्ति र समृद्धिको मंगलमय कामना व्यक्त गर्ने चलन रहिआएको वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशी बताउनुहुन्छ । नेपाल संवत् एक जातिको मात्र नभई हरेक जनजाति, भाषाभाषीको राष्ट्रिय संवत् रहेको धारणा जोशीको छ ।

आजको परिवर्तित सन्दर्भमा नेपाली सांस्कृतिक परम्परालाई विवेचनात्मक रूपबाट आम जनसमुदायमा प्रस्तुत गरिनु आवश्यक रहेको धारणा इतिहासविद् डा. भुवनलाल प्रधानको छ । परम्परागत रूपमा नै नेपालको मौलिक संस्कृतिका आधार निर्धारण भएको परिप्रेक्ष्यमा नेपाल संवत् नै यसैको प्रतिफल रहेको विचार उहाँ राख्नुहुन्छ । वृहद् सांस्कृतिक एवं ऐतिहासिक महत्व बोक्दै आएको नेपाल संवत् देशको घटनाक्रमसँगै ओझेलमा पर्दै गएको भनाई पत्रकार कुमार रंजितको छ । उहाँले भन्नुभयो, सबै वर्ग, जाति, सम्प्रदायको आस्थाको केन्द्र हुनुपर्नेमा नेपाल संवत् राजनीतिक पार्टी वा एकाध संस्थाको स्वार्थसिद्धिको माध्यम बन्न खोज्दैछ ।

यसो त नेपाल संवत्लाई केवल नेवार समुदायको सीमित घेराभित्र राखेर हेरिन नहुने तर्क पनि एकथरिको छ । जातिको नाउँमा अतिवादी विचार लिएर हिँड्न नहुने धारणा उनीहरूको छ ।

यसरी नेपालको सांस्कृतिक परम्परामा आधारित नेपाल संवत् विभिन्न मूल्यका हिसाबले विभूषित भएको महसूस गरी सरकारबाट समेत शंखधर साख्वाःलाई राष्ट्रिय विभूतिको मान्यता प्रदान गर्ने कार्य भइसकेको छ ।

साख्वा संवत् संस्थापक मात्रै होइनन्

❑ अविनाश शर्मा

नेपाल संवत्का संस्थापक शंखधर साख्वालाई नेपाल संवत् ११२१ मा श्री ५ को सरकारले राष्ट्रिय विभूति घोषणा गरेर सम्मान गरेको छ। हुन त नेपाल संवत्का संस्थापक साख्वाको प्रतिमा हिन्दू धर्मका आराध्यदेव पशुपतिनाथको उत्तरतर्फ उन्मत्त भैरवको लहरमा प्रतिस्थापित हुनुले पनि तत्कालीन समयमा उनको मूल्याङ्कन नभएको मान्न सकिदैन। उन्मत्त भैरवको लहरमा प्रतिमा स्थापित हुनु नै समाजले सम्माननीय व्यक्तिको रूपमा स्वीकार गरेको महसूस हुन्छ।

हामीले हाम्रो समाजमा असाधारण कर्म गरेका व्यक्तिहरूको खोज गर्न नसक्नु हाम्रो कमजोरी हो भनेर पदासीन व्यक्तिहरूले सोच्नुपर्ने कुरा हो। हामीकहाँ विशेष गरेर कुनै व्यक्तिले कुनै विषयको बारेमा अनुसन्धान गर्न खोज्यो भने ऊ कुन राजनीति गर्ने व्यक्ति हो ? यसको काम गरिदिएबापत् मलाई के फाइदा हुनसक्छ ? हुँदैन भन्ने किन दिने ? बरू फलानो मेरो भक्तलाई यो काम गर्न दिएँ भने मलाई हरतरहले सहयोग गर्नेछ भन्ने मनोगत विश्लेषणले गर्दा हाम्रा कैयौं राष्ट्रिय विभूति र धरोहरहरू ओझेलमा परेका छन्।

नेपालका राष्ट्रिय विभूति शंखधर साख्वाको कुरा गर्दा हामीले नेपाल संवत्का संस्थापक मात्र भन्दा उचित सम्मान दिन नसकेको प्रतीत हुन्छ कि ? जहाँ हेनरी डचुना भन्दा अगाडि नै 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणिं पश्यन्तु माः कश्चिद् दुःख भाग्जनः॥' भन्ने भावनाबाट प्रेरित भएर नै जनतालाई ऋणमुक्त गराउने

काम गरिन्छ । हामी सबै दाजुभाइ हौं भन्ने मूल मन्त्रको स्फुरण गराउने काम (परिवेश नै) उत्तम कर्म हो । त्यस्ता तत्वज्ञानीलाई कुनै एक संवत्को संस्थापक मात्रले चिनिनु वा चिनाउनु अन्याय हुन्छ कि हुँदैन त्यो अनुसन्धानको विषय हो ।

हुन त पशुपतिमा रहेको शंखधर साख्वाको प्रतिमा जस्तै प्रतिमा मध्यपुर ठिमिमा स्थापना गरेर साख्वाको समाजसेवाको सम्मान गर्न थालिएको छ । हुन त साख्वाको जीवनवृत्तमा आधारित चलचित्र पनि निर्माण भइसकेको छ । नेपालका राष्ट्रिय विभूति साख्वाले विक्रम संवत् ९३७ साल, ईस्वी संवत् ८८०, शक संवत् ८०२ मा जनतालाई ऋणमुक्त गराई उनले चलाएको नेपाल संवत् आज ११ सय वर्ष भन्दा वढी भइसकेको छ । राष्ट्रले शंखधर साख्वालाई राष्ट्रिय विभूति मानिसकेको छ । अब यस विषयमा राष्ट्रका विद्वानहरूबीच बहस चलाई यसको महत्वको विश्लेषण गर्नु जरूरी छ । यदि यसलाई नेपालकै संवत्को रूपमा स्वीकार गरिसकेको छ भने कुनै समुदायमा मात्र सीमित राखेर मनाउनु न्यायोचित हुँदैन । हरेक जातजाति, भाषाभाषी र समुदायमा महत्वबोध गराउनुपर्छ । कुनै जातिविशेषमा मात्र सीमित राख्नु संचालनको मर्मविपरीत हुन्छ ।

नेपाल संवत् फेरिएकै दिन नेवार समुदायमा म्हपुजा गर्ने चलन छ । यसको अर्थ आफ्नै शरीरको पूजा हो । वास्तवमा वर्षभरिमा धेरै देवदेवी र बाबुआमा भाइबहिनी सबैलाई आदरभाव प्रकट गरिन्छ तर अन्य संस्कृतिमा आफूलाई पुजिंदैन । त्यसैले यो पूजाको महत्व दर्शाउँछ । म भनेको को ? हात, खुट्टा, टाउको, पेट, कुन भाग वा सम्पूर्ण शरीर हो । वास्तवमा यो मन-मस्तिष्कलाई शुद्ध पार्न यो पूजा प्रचलनमा ल्याइएको हो । जब मानिसको मन, मस्तिष्क शुद्ध हुन्छ, शान्त हुन्छ, विवेक हुन्छ, बुद्धि लगाएर काम गर्दा जीवन सफल हुन्छ । यसबाट के स्पष्ट हुन्छ भने आत्मत्वको महत्व बुझाउँछ । आत्मज्ञान हुनु नै समर्थनवान् हुनु हो । त्यस्तो व्यक्तिले मात्र समाजको सेवा गर्न सक्दछ । यस पक्षले नेवारी संस्कृति अन्य संस्कृतिभन्दा विशेष महत्व रहेको देखाउँछ । सामान्य अर्थमा आफूले आफैलाई पूजा गर्ने भन्दा यसलाई घमण्डको प्रतीक मानिएला, तर त्यसले दिन खोजेको कुराले महत्व राख्दछ । मानव शरीरलाई स्वच्छ र सक्षम बनाउने चाहना नै यसको खास मर्म हुनुपर्दछ । कार्तिक शुक्ल प्रतिपदाक दिन मनाइने यो पूजा जीवनबोधको पहिचान हो । जुन पर्वमा आध्यात्मिक र भौतिक पक्षको बोध गराउँछ ।

अर्को पक्ष ज्यादै व्यावहारिक पनि देखिन्छ । यो हाम्रो चोला नाशवान् भएको हुनाले त्यो आत्मतत्वको नाश नहुँदै आफूले आफैलाई चिनेर पूजा गर्ने परम्परा नै म्हपूजा हुनसक्छ । देहभित्रको 'म'लाई पुज्दा आत्मशान्ति प्राप्त हुनसक्छ । यस तथ्यलाई महामानव गौतम बुद्धको उपदेशमा आफ्नो देहको मालिक आफु नै हो भनिएको छ । यस अर्थमा देहको मालिक 'म' हो - जुन अभिभाज्य छ । विद्वान् शुकरातले पनि आफूले आफैलाई

चिन भनेको पाइन्छ । त्यस्तै गरेर चीनका दार्शनिक कन्फ्युसियसले भनेका थिए - यदि तिमी ईश्वरको खोजीमा छौं वा चिन्न चाहेका छौ भने पहिले आफूलाई चिन्ने प्रयत्न गर । यस अर्थमा म्हपुजा दुवै दृष्टिकोणले उपयुक्त देखिन्छ । यसरी अर्को कुरा के प्रष्ट हुन्छ भने म्हपुजा कुनै जातिविशेषले मनाउने पर्व होइन, यसलाई सबै जातजातिले साझा संस्कृतिका रूपमा मनाउनु सान्दर्भिक देखिन्छ । यसरी म्ह पूजा गर्दा प्रयोगमा ल्याइएको ओखर झैं शरीर बनोस्, बिमिरो झैं शरीर पवित्र होस्, कटुस झैं सुख र ऐश्वर्यहरू फलोस्, मखमली फूल झैं सुन्दर र सधैं एकनास भइरहोस् भन्ने विश्वासका साथ म्हपुजा गर्ने गरिन्छ । म्हपुजाको यस महत्वलाई विद्वान् वर्गहरूले विश्लेषण गरी देह पवित्र पार्ने दिनको रूपमा मनाउन प्रेरित गर्ने कि ?

शंखधर साख्वाको बारेमा आख्यानहरू जेसुकै भए पनि पशुपतिमा रहेको प्रतिमा, सिनामंगलमा रहेको प्रस्तर स्तम्भ, लखुतीर्थनिर रहेको चैत्यले उनको योगदानलाई अविस्मरणीय बनाइरहेको हुनाले नेपालकै प्रतिष्ठासँग सम्बन्ध राख्ने यस प्रसङ्गलाई सभासमारोह र च्यालीमा सीमित नराखी जनस्तरमा पुऱ्याउने खालको कार्य हुनु अत्यावश्यक भइसकेको छ । राष्ट्रिय विभूतिबारे सबै नागरिकहरूलाई सुसूचित गराउने दायित्व सरकार र विद्वत्वर्गको रहेको हुन्छ । विशेष नेपालभाषा, साहित्यका ज्ञान भएका विद्वत्वर्गको अथक प्रयत्नबाट यो पुनीत कार्य सम्भव हुने देखिन्छ ।

लोक कल्याणको प्रतीक संवत्

❑ सन्तोषराज भुजेल

नेपाल अधिराज्यभित्र ऐतिहासिकालदेखि हालसम्म प्राप्त भएको शिलालेख, अभिलेख तथा कागजातहरूमा प्रयोग गरिएका संवत्हरूमा शक संवत्, मानदेव संवत्, नेपाल संवत्, त्रिभुवन संवत् र विक्रम संवत् हुन्। साथै अन्तर्राष्ट्रिय प्रचलनमा रहेको ईस्वी संवत् (सन्) पनि नेपालका प्रामाणिक कागजातहरूमा हालै प्रयोग गर्न थालिएको भेटिन्छ। यसरी आजसम्म नेपालमा प्रामाणिक रूपमा भेटिएका संवत्हरू ६ वटा पाइएका छन्। विभिन्न कालखण्ड र परिस्थितिमा प्रचलित यी संवत्हरूमध्ये मानदेव संवत्, त्रिभुवन संवत् र नेपाल संवत् मात्र नेपाल भूमिबाट जन्मेका संवत्हरू हुन् भनी प्रमाणित भएका छन्।

नेपाल संवत् चन्द्रमासको तिथि अर्थात् दिनगन्तीको हिसाब हुने कार्तिकादी (कार्तिक महिनामा नयाँ वर्ष हुने) संवत् हो। यसरी नेपाल संवत्को सुरुवात कार्तिक शुक्ल प्रतिपदा अर्थात् कार्तिक कृष्ण औंसीको समाप्तिपछि (लक्ष्मीपूजाको भोलिपल्ट) गोबर्द्धन पूजा, म्हपूजाको दिनदेखि प्रारम्भ हुन्छ। अनुसन्धानकर्ता कीलहोर्नले प्रकाशमा ल्याएअनुसार नेपाल संवत्को स्थापना वि.सं. ९३६ सन् ८८० अक्टोबर २० तारेख, शक संवत् ८०१ र मानदेव संवत् ३०४ मा भएको मानिन्छ।

नेपाल संवत्को वर्षारम्भको दिन कार्तिक शुक्ल प्रतिपदा (कछलाथ्व १) का दिनमा नेवारहरू म्हपुजा अर्थात् आत्मपूजा पनि हर्षोल्लासपूर्ण वातावरणमा मनाउने गर्दछन्। परम्परागत संस्कृतिका कारणले म्हपुजा भनेकै नेपाल संवत्को स्थापनाकालदेखि यो संवत्को वर्षारम्भको स्वागतमा मनाइएको चाड हो भन्ने आमधारणा कतिपयमा रहन

गएको छ । जुन कुरा सान्दर्भिक देखिदैन । म्हपुजाको परम्परा त्यो भन्दा धेरै वर्ष पहिले भएको मानिन्छ । इतिहास शिरोमणि बाबुराम आचार्यका अनुसार आजभन्दा १४/१५ सय वर्ष पहिलेदेखि नै अर्थात् नेपाल संवत्को स्थापना हुनु ३/४ सय वर्ष अघि नै.नेपाली जनमानसमा म्हपुजा चलनचल्तीमा आइसकेको थियो । अतः नेपाल संवत्को प्रारम्भको खुसियालीमा नेवारहरूले म्हपुजा गरेको नभई वरू म्हपुजाको शुभ दिन वा हर्षोल्लासको दिन पारेर नेपाल संवत्को स्थापना गरिएको हुनसक्ने इतिहासविद्हरू अड्कल काट्दछन् ।

विभिन्न ऐतिहासिक स्रोतका आधारमा संकलित वंशावलीहरूका अनुसार, नेपाल संवत्का संस्थापक शंखधर साख्वा हुन् (कतै शंखधर साख्वाल उल्लेख छ) । वंशावलीमा यिनलाई कसैले 'शूद्र', कसैले 'ज्यापु', कसैले 'शूद्र व्यापारी' त कसैले एक मामुली 'व्यापारी' भनी उल्लेख गरेका छन् । यसबाट प्रमाणित हुन्छ कि यिनी कुनै राजनीतिज्ञ वा भारदार नभई एक सामान्य व्यक्ति हुन् । वंशावली अनुसार भद्रमती र विष्णुमतीको दोभान लखुतीर्थबाट ल्याइएको बालुवा सुन भएपछि सोही सम्पत्तिबाट लोक कल्याणका निमित्त गरिब जनताको ऋण तिरिदिएर उद्धार गरिदिए भने आफूले पनि पाप कर्मबाट मुक्ति पाए । त्यसपछि कान्तिपुरका राजा राघवदेवको स्वीकृति लिएर नेपाल देशको नामबाट नेपाल संवत् चलाई व्यवहारमा लागू गराए । त्यसपछि पशुपतिको दक्षिणतिर अवस्थित उन्मत्त भैरवको मन्दिरको ढोकाको कुनामा आफ्नो शिलामूर्ति स्थापना गराए । जुन हालसम्म पनि देख्न पाइन्छ ।

नेपाल संवत् आफ्नो छुट्टै मौलिक पहिचान र अस्तित्व बोकी नेपालको राष्ट्रिय संवत् कहलाउन सफल भएको छ । नेपाल संवत्को महत्व निम्न लिखित ३ वटा तथ्यहरूले झन् बढी झल्काएको प्रतीत हुन्छ -

नेपाल भूमिबाट जन्मेको संवत्

नेपालमा प्रचलित ६ वटा संवत्हरूमध्ये त्रिभुवन संवत्, मानदेव संवत् र नेपाल संवत् मात्रै नेपाल भूमिबाट जन्मेका संवत्हरू हुन् । यो संवत् अन्य संवत्हरू शक संवत्, विक्रम संवत्, ईस्वी संवत् जस्तै विदेशी भूमिबाट आयातीत नभई नेपाल स्वदेश भूमिबाटै जन्मेको राष्ट्रिय संवत. हो ।

मानदेव संवत् पनि नेपाल भूमिबाट जन्मेको राष्ट्रिय संवत् हो । तर, यो संवत् अंशुवर्माले आफूलाइ राजदरबारमा सामन्त पदमा नियुक्त गरेपछि अंशुवर्मा राज्यका हर्ताकर्ता भएपछि व्यक्तिगत कृतज्ञता स्वरूप चलाएको संवत् हो । तर नेपाल संवत् त्यस्तो कुनै निजी स्वार्थबाट जन्मेको नभई लोक कल्याणको खातिर साधारण नागरिकबाट चलाइएको संवत् हो ।

सामान्य व्यक्तिद्वारा स्थापित संवत्

नेपाल संवत् एक साधारण व्यक्ति अझ तल्लो तहको उत्पीडित जातिका शंखधर साख्वाले स्थापना गरेको संवत् हो । कुनै राजा, महाराजा, सामन्त वा ऐतिहासिक

महापुरूषले विजयको स्मरण वा राज्यारोहणको खुसियालीमा चलाएको संवत् नभई यो त सामान्य व्यक्तिले कुनै प्रकारले धन प्राप्त गरी उक्त धन गरिब जनताको ऋण तिरिदिएर लोककल्याणमा सदुपयोग गरी उपकार र दानशीलताको परिचय दिएको संवत् हो ।

देशको नामबाट स्थापित संवत्

नेपाल संवत् नेपाल देशको नामसँग जोडिएको छ । विक्रम संवत् झैं भारतका चक्रवर्ती राजा विक्रमादित्यको नामबाट, शक संवत् झैं कुनै राजवंशको नामबाट, त्रिभुवन संवत् झैं कुनै राजाको नामबाट वा ईस्वी संवत् झैं कुनै धर्मगुरूको नामबाट चलेको संवत् नभई नेपाल संवत् देशको नामबाट स्थापित संवत् हो ।

नेपाल संवत्का यिनै ऐतिहासिक तथ्यहरूलाई स्वीकार्दै श्री ५ को सरकारले नेपालका राष्ट्रिय विभूतिहरूको सूचीमा नेपाल संवत्का संस्थापक शंखधर साख्वालाई पनि वि.सं. २०५६ मंसिर २ गतेदेखि समावेश गरेको छ ।

नेपाल संवत् नेपालीहरूको आफ्नै देशको संवत् हो । अज्ञानतावश अधिकांश नेपालीहरू यसलाई मान्न सहमत छैनन् र उनीहरू यो संवत् काठमाडौं उपत्यकामा मात्रै सीमित र नेवारहरूको मात्रै हो भन्ठान्छन् । सम्पूर्ण नेपालीहरू कर्मकाण्ड गर्दा तिथि हेरेर नै गर्ने गर्दछन् । विवाह, व्रतबन्ध, श्राद्ध, जन्मदिन, चाडपर्वहरू तारेख वा गते अनुसार मान्ने गर्दैनन् । यसबाट पनि नेपाल संवत् नेपालीहरूको संवत् हो भनी प्रष्ट हुन्छ । किनकि गतेलाई विक्रम संवत्, तारिखलाई ईस्वी संवत्ले र तिथिलाई नेपाल संवत्ले प्रधानता दिएको छ ।

'ब्रह्म वाक्यम जनार्दनम्' (बाहुनको मुख नै सर्वोपरी हुन्छ) भनेर बाहुनले भनेको आधारमा श्राद्ध एवं अन्य कर्मकाण्डहरू गर्ने नेपालीहरूलाई बाहुन पुरेतले नै तिथिलाई प्रधानता दिने नेपाल संवत्बारे स्पष्ट पार्न सकेका छैनन् । यसर्थ हाम्रो नेपालको धार्मिक, ऐतिहासिक महत्व बोकेको यस नेपाल संवत् सम्पुर्ण राष्ट्रबासीहरूको राष्ट्रिय संवत् हो । यो केवल नेवारी संवत् मात्र होइन ।

नेपाल संवत्का प्रणेता शंखधर साख्वाः

❑ देवेन्द्र अर्याल 'आँसु'

आजभन्दा ११२२ वर्षअगाडि अर्थात् सन् ८७९ अक्टोवर २० का दिन ठकुरी वंशका प्रथम शासक राघवदेवको राज्यकालमा सबै नेपाली नागरिकहरू ऋणबाट मुक्त भएका थिए । नेपालीहरू आर्थिक बन्धनबाट मुक्त भएर खुशी मनाइएको उक्त उत्सव नेपालको इतिहासमा ज्यादै प्रसिद्ध छ । उक्त दिनदेखि नै एउटा नयाँ संवत् पनि प्रारम्भ भएको थियो, जसलाई नेपाल संवत् भनिन्छ, जसको प्रणेता शंखधर साख्वाः थिए, जुन उपत्यकाका कैयन् शिलालेखहरूमा अझै पनि प्रमाणको रूपमा पाइन्छ । उक्त संवत्लाई कतै नेपाल संवत्, कतै शंखधरकृत संवत् एवं साख्वाः संवत् भनेर उल्लेख गरिएको पाइन्छ ।

'भाषा वंशावली' र 'राजभोग वंशावली' पुस्तकमा नेपाल संवत्का प्रणेता शंखधर साख्वाः ज्यापु भनेर वर्णन गरिएको छ । उक्त वर्णनमा सुवर्णसिद्धि मुहूर्त जुटाएर काठमाडौंको लखुतीर्थबाट बोकेर ल्याएको बालुवा चार दिनपश्चात् सुनमा परिणत भएको कुरा उल्लेख गरिएको छ । त्यसपछि उनले ऋणमा पिल्सिएका जनताहरूको ऋण मोचन गरेर नयाँ संवत्को सुरुवात गरेका थिए । त्यस्तै काठमाडौंको इलाछें टोल (काष्ठमण्डप र भीमसेनस्थानको वीच भाग) निवासी साख्वाःले सुवर्णसिद्धि प्राप्त गरेको लखुतीर्थ हाल कंकेश्वरसँग ठूलो बौद्ध स्तूपको निर्माण गरेको कुरा वंशावलीहरूमा पाइन्छ ।

इतिहासमा उल्लेख भएअनुसार पशुपतिको दक्षिणमा रहेको उन्मत्त भैरवको मन्दिरको ढोकामा रहेको मूर्ति शंखधर साख्वाःको नै हो। नेपाल संवत्को प्रारम्भ र नागरिकहरूलाई दासताबाट मुक्त गरिएको युगान्तकारी घटना नै नेपाल संवत्सँग गाँसिएको एउटा महत्वपूर्ण कथन एवं ऐतिहासिक दस्तावेज हो। यस संवत्को अगाडि-पछाडि जुनसुकै कारणहरू विद्यमान भए तापनि यसले नेपाली जनजीवनमा अत्यन्त प्रगाढ प्रभाव पारेको छ। मुलुकभित्र प्रचलनमा आएका कैयन संवत्हरूमध्येको यो नै एउटा लामो इतिहास बोकेको संवत् हो। अधिकांश संवत्हरू राजाहरूले राज्यारोहण गरेको घटनाको संस्मरण गरी प्रचलनमा ल्याइएका छन् तर नेपाल संवत् मात्र एउटा यस्तो संवत् हो जसलाई राजा हैन नागरिकको सम्झना वा महान् कार्यको सम्झना गरी प्रचलनमा ल्याइएको छ। जसले नागरिक लोककल्याणकारी कार्यहरूको नमूना प्रस्तुत गरेको पाइन्छ। फेरि यो संवत्ले तिब्बतसँग पनि मान्यता पाएको कुरा इतिहासमा उल्लेख भएको पाइन्छ।

त्यस्तै नेपाल संवत्लाई श्री ३ चन्द्रशमशेरको कालमा बहिष्कार गरियो र विक्रम संवत्लाई प्रचलनमा ल्याइयो। सरकारी मान्यता दिइयो। चन्द्रमान अनुसार गणना हुने नेपाल संवत् नेपाली जीवनशैलीसँग जोडिएको एउटा सांस्कृतिक पक्ष पनि हो किनभने हाम्रो समाजमा अझै पनि विभिन्न धार्मिक कार्य वा संस्कारहरू चन्द्रमानकै आधारमा संचालन हुन्छन् र समापन गर्ने गरिन्छन्। त्यसैले नेपाल संवत्सँग भएका महत्वपूर्ण सामाजिक मान्यता र प्रमाणको कदर गर्दै श्री ५ को सरकारले नेपाल संवत्का प्रणेता शंखधर साख्वाःलाई २०५६ साल मंसिर २ गते राष्ट्रिय विभूति घोषणा गरेको थियो। यो पक्कै पनि एउटा सह्रानीय कदम एवं निर्णय हो, जुन कार्यलाई सबै भाषाभाषी, जनजाति एवं सामाजिक वर्गबाट स्वागत गरिएको छ। यसरी सांस्कृतिक एवं ऐतिहासिक व्यक्तिले सम्मान पाउनु हामी सबैको लागि सुखद् अनुभूति नै हो। मुलुकभित्र विभिन्न कालक्रममा प्रचलनमा आएका अनेकौं संवत्हरूमध्येको यो नै एउटा यस्तो संवत् हो जुन निरन्तर रूपमा आजसम्म व्यवहारमा प्रयोग हुँदै आएको छ। त्यसैले यस संवत्को आफ्नै गरिमा, महत्व र विशेषता रहेको पाइन्छ।

न्हूदँया भिंतुना र शंखधर : एक अनुभूति

❑ शान्ति चौधरी 'थारु'

नेपाल संवत् र 'भिंतुना' मेरो लागि कुनै नौलो नाम हैन । म नेपाल संवत्को नयाँ वर्षको दिन नेवार समुदायको आफ्नै भेषभूषा, बाजागाजा र भाषासंस्कृतियुक्त जनसहभागिताको जुलुस, सभा र सम्मेलन हेर्न लालायित हुने गर्दछु । तर म त्यस वर्ष नयाँ वर्षको उपलक्ष्यमा निकालिएको भिंतुना (शुभकामना) जुलुसमा थिएँ । यसभन्दा अघिसम्म म भिंतुनाको ऐतिहासिक पृष्ठभूमि र त्यसको उत्पतिबारे अनभिज्ञ नै थिएँ । त्यसपल्ट डा. चुन्दा बज्राचार्यले एक दिनअघि नै राति फोन गर्नु भएर 'भिंतुना'मा सहभागी हुनका लागि मलाई निमन्त्रणा दिनुभएकाले म बडो उत्साह र उमङ्गले काठमाडौंको भेला हुने स्थल बसन्तपुरमा बिहान ७ बजे नै पुगेको थिएँ ।

त्यहाँ चारैतिर नेवार समुदायका महिला, पुरूष, युवक-युवती र केटाकेटीहरू आ-आफ्नो भेषभूषामा सजिएका थिए, विविध प्रकारका बाजाका स्वरहरू घन्किरहेको थियो । सबैभन्दा उल्लेख्य पक्ष थियो त्यहाँ कुनै पनि विदेशी बाजाहरू थिएनन् । त्यहाँ आधुनिक युवक-युवतीहरूसमेतले पनि आफ्नै नेवार समुदायका लोकसंस्कृतिका परम्परागत बाजाहरू बजाइरहेका थिए । त्यति बेला नै मलाई एकजना नेवार महिलाले 'भिंतुना' भन्दै निधारमा रातो टिका लगाइदिएकी थिइन् । हामी जुलुससँगै नगरपरिक्रमा गर्न हिँड्न थाल्यौं । नगरपरिक्रमाको क्रममा शहरका भित्री भागका प्रत्येक टोल कागजका रंगीविरंगी झण्डा र झल्लरहरूले सजाइएको थियो । तिहार फूलफूलैको चाड हो तर 'भिंतुना'का कारण भने फूलहरूले सम्पूर्ण घरहरू र गल्लीहरू सजिएका थिए । ठाउँ-ठाउँमा 'भिंतुना'का

ठूला-ठूला ब्यानरहरू टाँगिएका थिए । बाटाका दुवै किनारमा नेवार समुदायका मानिसहरू जुलुस परिक्रमा गर्नेलाई मधुर मुस्कानले स्वागत गरिरहेका थिए भने ठाउँ-ठाउँमा घरमाथिबाट जुलुसका सहभागीहरूलाई फूलहरू खसालेर स्वागत गरिरहेका थिए । बाटा-बाटामा नेवार महिलाहरुले रातो टिका लगाई दिएर स्वागत गरिरहेका थिए । ठाउँ-ठाउँमा कलात्मक ठूल्ठूला मण्डलहरू बनाइएको थियो ।

यसरी बिहान ८ बजेदेखि ११ बजेसम्म मनमोहक दृश्यहरू हेर्दै 'न्हूदँया भिंतुना' जुलुस बडो उत्साहले गएकी थिएँ ।

जुलुसमा नगरपरिक्रमा गरेर पुनः बसन्तपुरको कार्यक्रम स्थलमा आइपुगेका थियौं । त्यहाँ ठूलो पण्डाल र ठूलो मञ्च बनाइएको थियो । कुर्सीहरू खचाखच भरिएका थिए । हामी कार्यक्रमस्थल पुग्दा मञ्चमा उद्घोषकले कार्यक्रममा विविध राजनीतिक पार्टीका प्रमुखहरूका 'शुभकामना मन्तव्य' पढेर सुनाइरहनुभएको थियो ।

कार्यक्रममा नेपालभाषा मंकाः खलःका अध्यक्ष पद्मरत्न तुलाधरको भाषाबाट मैले 'भिंतुना' र 'शंखधर साख्वाः'बारे धेरै बुझ्ने मौका पाएको थिएँ । त्यसपछि मलाई लाग्यो यो केवल नेवार समुदायको पर्व मात्र हैन रहेछ । त्यस्तो महान् पर्वमा हामी सबै नेपालीले ऐक्यबद्धता जाहेर गर्नुपर्दछ । यो सम्पूर्ण नेपाल र नेपालीको राष्ट्रिय पर्व रहेछ । त्यसपछि मलाई लाग्यो हाम्रो देशको वर्तमान परिप्रेक्ष्यमा भ्रष्टाचारीहरूका लागि राष्ट्रिय विभूति साख्वा ठूलो उदाहरण र प्रेरणाको स्रोत हुनुहुँदो रहेछ । यो कस्तो विडम्बना हो, जहाँ त्यसबेला नेपालको एउटा सपूत छोराले जनताहरूको ऋण तिरेर उनीहरूलाई ऋणमुक्त गराएर ऐतिहासिक कदम 'नेपाल संवत्'को थालनी गराएको रहेछ भने त्यही देशमा भ्रष्टाचारी नेता र कर्मचारीहरूले राष्ट्र र जनताको शोषण गरेर अकूत सम्पत्ति कमाएर देशलाई विषम परिस्थितिमा पुऱ्याएको छ । मेरो विचारमा अब भ्रष्टाचारी नेता र कर्मचारीहरूलाई राष्ट्रिय विभूति साख्वाबारे अध्ययन र ज्ञान दिलाउने अभियानको थालनी गर्नुपर्दछ ।

English

Historical Importance of the Nepal Era

❑ **Bhuvan Lal Pradhan**

Records found so far show that two eras were prevalent in ancient Nepal. Historians call the first era the "old era" and the later one the "new era". The old era corresponds with the Shaka Era in every way, and Baburam Acharya, Nayaraj Pant and other historians accept it as the Shaka Era.

An incident dated 304 of the new era which is mentioned in the *Sumatitantra* preserved at the National Archives also appears in a manuscript held at the British Museum and in other texts. In it is written: "The Kali Yuga started from the reign of Duryodhana... The era which was started by King Manadeva in 498 of the Shaka Era continued till the year 304... Since this Manadeva Era, or the Manadeva Era which began in 633 of the Bikram Era, lasted till the year 304, it means that it remained in use up to 936 (that is, 633 + 303) of the Bikram Era."

This era has been called the Manadeva Era because it was started by King Manadeva II in 498 Shaka Era (633 Bikram Era or 576 AD). It was the first era that originated in Nepal, and it was used till the middle of 304 - till the month of Kartik - when the Nepal Era was begun. The Nepal Era was thus the second era that was introduced in Nepal. The year started on Kachhalathwa

Pratipada, that is, Kartik Shukla Pratipada. According to Kielhorne's computation, the day was October 20, 879 AD (*Indian Antiquary*, Vol. 17, Sept. 1888).

The Nepal Era began when Anandadeva I (Bikram Era 930...) and Raghavadeva reigned in Bhaktapur and Lalitpur respectively. There was no separate kingdom in Kathmandu at that time. A settlement named Purnabati - set up by King Shankardev II in 527 Shaka Era around present-day Wangha (Indra Chok) - was under the rule of Lalitpur (*Kaiser Library Vamshavali*).

Regarding Shankhadhar Sakhwa's founding of the new era, the *Rajbhogamala*, the *Kaiser Library Vamshavali* and other chronicles have this to say: "... He also obtained the king's consent to start a new era after paying off the debts of all the Nepalese people. And then after having settled everybody's accounts, both rich and poor, he began the Nepal Era in 3981 of the Kaliyuga Era... In this way, he earned much fame by having the era brought into popular use with the king's support. This Shankhadhar had a stone statue of himself installed in front of the southern gate of the Pashupatinath temple. He used to perform devotions to Shree Pashupatinath daily, and remained a fervent devotee till the end - choosing to give up his life under the care of Shree Pashupatinath on the bank of the Bagmati river."

King Anandadeva of Bhaktapur, who is connected with the Nepal Era, is referred to in the following way in many *bhasa* chronicles: "When Jayadeva III was king of Lalitpur (which included Purnabati in present-day Kathmandu), he gave up the kingdom in the east to his younger brother Anandadeva... This Anandadeva went to the eastern region when his elder brother Jayadeva was ruling over the two cities (Lalitpur and Purnabati). There were only villages there originally... He established a city out of the villages and called it Bhaktapur, and began to rule over it as its king... Anandadeva reigned for twenty years after bringing Bhaktapur into his domain on Monday, Magh Krishna Pratipada, 930 Bikram Era."

In Lalitpur, Balarjunadeva and Manadeva IV ruled briefly after Jayadeva III, and then Raghavadeva became king. While

Lalitpur had a series of kings in quick succession, in Bhaktapur, Anandadeva remained king throughout.

Before continuing with the article, a few things need to be said at this point in order to lay to rest some doubts and confused notions:

(1) "There is a very wide time gap between the two kings associated with the Nepal Era - Anandadeva and Raghavadeva - so they are not contemporaries; and Shankhadhar's story must be a figment of the imagination."

The historical truth is this: There have been three kings named Anandadeva in the valley - Anandadeva I of Bhaktapur (circa 930 Bikram Era), Anandadeva II who ruled over the whole valley (267-287 Nepal Era), and Anandadeva III who also ruled over the whole valley (428-440 Nepal Era). Of these three, only Anandadeva I, the king of Bhaktapur, was a contemporary of Raghavadeva, not the others. (For a detailed discussion, see my article "Nepal Era" published by Lyaymha Pucha, 1106, Thimi.)

(2) "The Nepal Era is not connected with Shankhadhar, but with King Raghavadeva only."

This is the fact: Shankhadhar Sakhwa was the person who came into a lot of money and undertook to pay off everybody's debts. In order to terminate an existing era and start a new one, he needed the king's sanction. At Shankhadhar's request, Raghavadeva proclaimed that the Nepal Era be used in his kingdom, and also made the necessary arrangements. For this reason, Raghavadeva became associated with the Nepal Era. If Raghavadeva alone was related to the Nepal Era, and if Shankhadhar was not in any way involved, why would they call it "Shankhadharkrit Nepal Samvat", and not "Raghavadeviya Samvat"?

The Nepal Era was used in all aspects of public life - social, religious and administrative - till Yanlaga 888 (corresponding to Ashwin 1825 Bikram Era), that is, up to the end of the Malla dynasty in the Kathmandu valley.

After King Prithvi Narayan Shah took over the Kathmandu valley, the use of the Shaka Era - prevalent in western Nepal from the beginning but of minor importance in the valley - began to spread all over the new kingdom of Nepal. It remained as the official

era up to the Bikram Era 1960/68, or till the reign of King Prithvi Bir Bikram Shah. The Nepal Era, though shunned at the government level, has persisted in other spheres of public life till this day.

The Shaka Era spread by King Prithvi Narayan Shah was replaced with the Bikram Era by Prime Minister Chandra Shumsher. In those days, government employees used to be paid according to the lunar calendar. It had an intercalary month once every three years, which meant that the government had to pay them thirteen months' salaries that year. Following the suggestion made by an employee that the Bikram Era and its solar calendar - with a 365-day year - would save the government the expenses of an extra month's pay, Chandra Shumsher adopted the Bikram Era in the year 1960. Even then the Shaka Era remained on gold and silver coins till the end of King Prithvi Bir Bikram Shah's reign in 1968 Bikram Era (1825 Shaka Era). Since 1968 Bikram Era when King Tribhuvan Bir Bikram Shah was enthroned, only the Bikram Era has been used in gold, silver and copper coins.

It is relevant to note here that there are some people who like to call the Nepal Era the "Newar Era" or the "Newari Era". There is no historical basis behind this argument. We can see that it has been made in ignorance, and without any logic, just to belittle the Newars.

Let us, for the moment, assume that the Nepal Era is the "Newar" or "Newari" Era. Then it would follow that Shankhadhar Sakhwa, King Raghavadeva, King Anandadeva and all the other kings who came after them - like the Lichchhavis, Thakuris and Mallas - were all Newars too.

Everything created, founded and made by the Newars would be Newar products. And all the arts that exist in our country today - architecture, sculpture, music - would all be Newar culture, a communal culture. Bouddha, Swayambhu, Pashupati, the Durbar Squares and the rest would all be ethnic or communal entities.

To call the Nepal Era the Newari Era would be drawing a line between the varied cultures, traditions and ways of life that have existed on this soil for hundreds, nay, thousands of years. It would be splitting what is one, prying apart something that is bonded together, and shattering something that is whole.

The Nepal Era: Its Practical Aspect

❑ **Prof. Manik Lal Shrestha**

When examining anything concerning the Nepal Era, it's good to know something about the various eras that were used during different periods in Nepal and are in use at present. Among the definitive chronicles of yore (diaries, palm-leaf manuscripts, copper plates and stone inscriptions), the earliest dated ones found so far and that are still extant are stone inscriptions. Historians claim the stone inscription standing on the west side in front of the Dhando Chaitya at Chabahil - which goes back to the time of Lichchhavi king Brishadeva - to be the oldest. However, it is badly damaged and the date cannot be made out.

The most ancient inscription with a date is the one carved on the stone pillar to the right of the Changu Narayan temple. The date is given as Era 386 Jestha Shukla Pratipada (Tachhalathwa Paru), but it does not mention the name of the era. This era appears in later inscriptions too, and seems to have been used up to the time of Amsuvarma - when a new era was adopted. The earlier batch of Amsuvarma's stone inscriptions are dated in the old era, while the second lot have the new era on them. It thus appears that two eras were prevalent during the Lichchhavi period.

Both these eras are unnamed, however, and all the stone

inscriptions simply state the year. Several writers have put forward various theories about the older era and called it by diverse names. Nepalese historians and astrologers as well are divided on this score. One school of thought holds that the first era is the Shaka Era and the second one the Manadeva Era. Another thinking maintains that the former is the Lichchhavi Era and the latter the Amsuvarma Era. Putting these contentions aside, what is significant is that the new year's day of both falls on Kartik Shukla Pratipada (Kachhalathwa Paru) - which is also the day when the new year of the Nepal Era begins. Kartik Shukla Pratipada has always been an important day for us as the beginning of the new year.

A study of the facts reveals that the second of the Lichchhavi-period eras started after the year 498 of the first era. The Nepal Era commenced in the year 304 of the second era. It is mentioned in the *Sumatitantra*, an ancient palm-leaf manuscript about astrology, that adding 802 to the Nepal Era will give the Shaka Era. This statement shows that the first of the Lichchhavi eras is the Shaka Era. Following this line of reasoning, the later era would be the Manadeva Era. Regardless of whatever we call them, it must be noted that it was not common practice to mention the names of the eras, and that the new year's day of both falls on Kachhalathwa Paru.

Since both these Lichchhavi-period eras were brought into use in Nepal, they did not find it necessary to identify them, and it was enough to simply state the year. In the same way, the appellation Nepal Era does not occur in any writing for over two hundred years after its inception on October 20, 879 (that is, Kartik Shukla Pratipada or Kachhalathwa Paru in Bikram Era 936). It was only in the third century of this new era that they started putting down its name Nepal Era.

After Prithvi Narayan Shah's conquest of the Kathmandu valley, the Shaka Era reappeared on coins, even though the Nepal Era continued to remain in use. During the Rana period, or more precisely during the prime ministry of Chandra Shumsher Rana, the Bikram Era began to be used in all official matters. It must be said, however, that the Bikram Era was used occasionally along

with the Shaka and Nepal Eras even before the time of Chandra Shumsher. An example can be found in an eulogy dedicated to Jung Bahadur Rana, written some time after his death, which contains this line: "He died on Phagun Shukla Dwadashi 1933." The date is given according to the lunar calendar, though. It was during Chandra Shumsher's time that a foreign era, the Bikram Era, was thrust upon us with a solar calendar and Baisakh 1 as the start of the new year.

As a matter of fact, both the lunar and solar dates were current even before the imposition of the Bikram Era. Most of the festivals celebrated by the Nepalese people happen according to the lunar calendar. However, there are a few that follow the solar reckoning. The Biska Jatra of Bhaktapur, in which the ceremonial pole is raised on the last day of Chaitra and pulled down on the first day of Baisakh, and the Ghya Chaku Sanlhu which is observed on Magh 1, are two examples.

Excepting the Bikram Era, the other three eras that came into vogue during various times in Nepal - the Shaka Era (also known as Shake Era), the later era of the Lichchhavi period (Manadeva Era) and the Nepal Era - all start on Kachhalathwa Paru, that is, the day after Laxmi Puja of the Swanti festival.

The tradition of marking the new year of the Nepal Era on Kachhalathwa Paru continues to this day. The following examples will prove that the new year of the two older eras - the Shaka and Manadeva - also occurs on that date. There are those who argue that the era in use during the early Lichchhavi period cannot at all be the Shaka Era because there are stone inscriptions which show that it starts in Kartik, and not in Chaitra as should be the case. What is more important than whether it is or not the Shaka Era is the fact that it begins in Kartik.

An inscription at Changu dated Kartik Shukla 13 (Trayodashi) mentions Manadeva as the reigning king. Another inscription at Suryaghat - installed by Manadeva's daughter Bijayabati and dated 427 Asadh Shukla Pratipada - refers to Manadeva as "the late king". We see from these two inscriptions that Manadeva was alive in Kartik 427, and that he was dead by

Asadh of the same year. This can only mean that this era begins in Kartik and not in Chaitra. There is evidence that the era used during the later part of the Lichchhavi period (referred to as the Manadeva Era) also starts in Kartik. Lichchhavi king Narendradeva's stone inscription at Anantalingeswar - which lists the annual ceremonies to be performed during each month - has Kartik Shukla (or Kachhalathwa) at the top of the table. We can deduce from this that the year begins in Kachhalathwa.

Thus we see that Kachhalathwa Paru is the new year's day of all the three eras that became popular during different times in Nepal - the early Lichchhavi era (the Shaka Era according to the *Sumatitantra*), the later Lichchhavi era (the Manadeva Era according to the same text; this Manadeva is different from the elder Manadeva who put up the Changu inscription), and the Nepal Era. Since Kachhalathwa Paru is also the day when we perform the Mhapuja ceremony, it will be relevant to examine the link between the two.

As the story goes, Shankhadhar Sakhwa paid off all the debts of the Nepalese people and instituted a new era. And to celebrate the happy occasion, the practice of observing Mhapuja was started. We will discuss a little later whether or not Shankhadhar Sakhwa founded the Nepal Era. But it is incorrect to say that Mhapuja was a joyful response to the good fortune and that the ceremony started with the Nepal Era - because the new year's day of both the eras that came before the Nepal Era also occurs on Kachhalathwa Paru. It is thus unlikely that Mhapuja originated with the Nepal Era. If Mhapuja and the Nepal Era have any relation, it could be that the new year's day was made to coincide with the auspicious day of Mhapuja. As already mentioned earlier, it is also on this propitious day of Kachhalathwa Paru when the Shaka Era changes in Nepal, instead of in Chaitra as in other regions.

It is still a matter for research whether the Newars have been observing Mhapuja as a new year revelry or whether it is just a coincidence that the two festivities happen together. In any case, Mhapuja as a ritual of new year's day has gained currency because both the happy occasions occur on the same day.

According to cultural expert and history researcher Shankar Man Rajbanshi, the Mhapuja rite represents "worshipping of the mortal body" because it is done by making a *mandala*. Since Gobardhan Puja is also one kind of such worship, both these rituals are performed on the same day. Explaining the method of doing Mhapuja, Rajbanshi says that the ceremony imparts "the feeling of acquiring a new life". And that is why Newars mark the day as the beginning of the new year, he says. As per this view, it is against Newar tradition to do Mhapuja on the previous night of Kaulaga Amai (the new moon of Kartik Krishna) even though the new year may have already begun at that hour. This is so because Newars believe that the day begins with the rising of the sun. Similarly, if that particular date occurs over two days, it would not be right to do Mhapuja on the second day either.

It is known that there was Mhapuja a long time before the Nepal Era, but when it was actually begun is still a subject for scrutiny. According to Baburam Acharya, Mhapuja was already being celebrated more than fifteen hundred years ago, but its origin cannot be dated. Shankar Man Rajbanshi thinks that the custom began during the Lichchhavi period.

Putting the matter of Mhapuja aside, let us dwell upon the start of the Nepal Era. According to one *bhasa* chronicle, a learned man of Bhaktapur sent for sand from Lakhu Tirtha in Kathmandu. The returning porters were persuaded by one Sakhwa (full name not given) to give up their loads. The sand turned into gold and Sakhwa used the fortune to pay off everybody's debts and found a new era. The story mentions that the incident happened when Raghavadeva was king. Another *bhasa* chronicle says that it was not the learned man but a king of Bhaktapur, Ananda Malla, who sent for the sand upon the advice of an astrologer. Aside from the fact that sand changing into gold goes against all laws of science, discrepancies abound in the chronicles - the accounts don't agree and the names of the kings are different. On top of that, these *bhasa* chronicles were written down much later, and the stories, improving with age, contain a mix of hearsay and fantasy.

Much more ancient than these is a chronicle called the

short chronicle recorded on a palm-leaf manuscript which is preserved at the Kaiser Library. In it is written: "When King Raghavadeva's reign reached sixty-three years and six months, the king established a new era." This old chronicle does not contain any story about sand turning into gold nor does it mention Sakhwa's name. A *bhasa* chronicle containing the familiar tale about the sand also says that the new era was begun when Raghavadeva had been king for sixty-three years. That the Nepal Era began during Raghavadeva's time is therefore convincing. It has already been mentioned earlier that it was only after more than two hundred years that the era began to be identified by its name when giving the date.

Be that as it may, the name Nepal Era has been in use for nine hundred years. It is of national significance because it has been named after a country, Nepal, unlike the Bikram and Christian Eras which glorify particular persons. Not only that, there are countless instances in records written during the time of Jayasthiti Malla and later kings in which the designation Nepal Era is prefixed with words of praise like Shreebhata and Shreebhanta. In later years we find use of the term Shree Nepal Deshiya Samvat. And then there are instances, particularly in almanacs, in which it has been called Shree Shankhadharkrit Nepal Samvat. This practice could have been inspired by the popular legend that it was started by a man named Shankhadhar Sakhwa. Even if Shankhadhar Sakhwa was the founder of the era, it certainly happened during the reign of King Raghavadeva. The tale that the Nepal Era was invented during the time of King Ananda Malla of Bhaktapur and that he sent for the sand is pure fantasy. We can dismiss this story completely because the Malla dynasty hadn't even come into being eleven hundred plus years ago when this event took place.

Coming to the practical aspect, it is diminishing oneself before India to use the Bikram Era which was established in the name of an Indian king. It is more proper from a nationalistic standpoint to discard the Bikram Era and adopt the Nepal Era which originated in one's own country and is named after it. However, a practical matter like the use of an era should not be seen from just

an emotional point of view. It is worth recalling here an incident concerning the late Bal Krishna Sama. He had proclaimed at a public meeting, "I promise that henceforth I will give up the Bikram Era and use the Nepal Era." But he never carried out his pledge in practice.

Taking just the year of the Nepal Era is nothing difficult, but using its lunar calendar in daily administration could be a little complicated. When taking into account its complex reckoning of time, missing and intercalary days, and repeated dates, it would be more scientific and practical to use the solar calendar. The *gate* system, though a solar reckoning, is not scientific either. The Gregorian calendar, with its year of 365 days and leap year of 366 days every fourth year, is scientific. It is based on the time it takes the earth to revolve around the sun - 365 days, 5 hours, 12 minutes and 48 seconds (as amended from the original calculation of 365 days and 6 hours).

It is worth noting that Thailand uses its own year with the dates of the Gregorian calendar because of its practicality. The Chinese government policy of adopting the internationally established Christian Era, and at the same time using its own dates based on the lunar calendar for local festivals, is also exemplary. In our country too the government uses the *gate* system based on the solar calendar while still keeping to the lunar calendar for the feast days. It would thus be appropriate for the government - from the standpoints of national prestige, international usage and scientific practicality - to adopt both the internationally accepted Christian Era and the Gregorian calendar along with the Nepal Era and its lunar calendar.

However, it would not be right to combine the Gregorian dates with the Nepal Era. Our culture of greeting the new year on Kachhalathwa Paru goes back centuries before the Nepal Era. We even mark the first day of the Shaka Era on Kachhalathwa Paru, when it happens on some other date in other places. This tradition is not only a tradition, it is also a national trademark. We should keep the Nepal Era with Kachhalathwa Paru as its new year's day. This is not an emotional utterance, but a practical reality.

Nepal Sambat: The National Era of Nepal

❑ **Prof. Dr. Tri Ratna Manandhar**

The first era introduced in the history of Nepal was Saka Era, which was in practice during the Licchavi period. From the time of Amsuvarma ,another era was mentioned in inscriptions, which the historians call the Mandev Sambat. However, some scholars believe it as the same Saka era which had been mentioned in a shorter form by omitting 500 from it. Whatever may be the truth, the era governed Nepal through out the Licchavi period viz till eight or ninth century A.D. On 20 October 879, a new era is introduced which is termed as Nepal Sambat, and which is in practice till date. The era was founded by King Raghava Dev on the initiation of Samkhadhar Sakhwa, who had become rich with the convert of sand into gold. Samkhadhar best utilized the gold in paying the debts of Nepali people and thus liberating them from slavery. He then requested the king to start a new era to mark the occasion, which the king gladly accepted. So, the era later on became famous as Samkhadhar Krita Nepala Sambat, though the royal order was extremely necessary to introduce an era. However, some scholars still opine that the era was founded by King Raghava Dev and it had no connection with Samkhadhar. This view is totally

